# अध्याय एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

अपार प्राकृतिक स्रोत साधनले भरिपूर्ण नेपाल एक ठूलो विकासको सम्भावना बोकेको मुलुक हो । विश्वको अपार जलस्रोतको धनी जैविक विविधता साँस्कृतिक विविधताले सम्पन्न यो देश विश्व मानचित्रमा एसिया महाद्वीपको मध्य भागमा अवस्थित बहुभाषिक, बहुजातिय,बहुधार्मिक र सार्वभौमसत्ता सम्पन्न राष्ट्र हो । यहाँ नागरिकहरु आफ्ना आवश्यकताहरु पूरा गर्न एक आपसमा मिलेर कार्य गर्ने, पर्मा गर्ने तथा आफ्नो पहुँचमा रहेका स्रोतहरुको अधिकतम परिचालन, अनुभव आदानप्रदान तथा एक आपसमा विश्वासको वातावरण सिर्जना गरी आफूलाई समाजमा परिचालित गरेको पाइन्छ ।

सामाजिक परिचालन प्राचीन समयदेखि नै अनौपचारिक रुपमा भएको पाउँन सकिन्छ विभिन्न प्रथाहरुको प्रारम्भसँगै सुरुवात भएको पाउन सकिन्छ । विभिन्न संगठित असंगठित समूहरु गुठी,ढिकुटी,धर्मभकारी, बडाघर, पर्मा,बाटो निर्माण, कुलो निर्माण गर्ने धार्मिक कार्यक्रमहरु गर्ने, विभिन्न संस्कारहरुमा परिचालित भएर कार्य गर्ने जस्ता माध्यमबाट सामाजिक परिचालन गरेको पाउन सकिन्छ । त्यसबेला साझा मानवीय आवश्यकता पूरा गर्न साधन तथा स्रोतको परिचालन गरेको पाईन्छ ।परम्परागत विकास अवधारणाकोमुख्य कार्यनीतिले आर्थिक वृद्धिमा जोड दिएको थियो । सो अवधारणाले मूलतः आर्थिक वृद्धिलाई माथिबाट तल झार्ने तरिकाबाट गरीवीको उन्मुलन गर्न खोज्यो । तर लगानीको मात्राको अनुपातमा बचत दर न्युन भयो । उक्त तरिकाबाट विदेशी पुँजी लगानी गर्दा समाधान निस्कनु सट्टा गरीवी र बेरोजगारी बढेर धेरै देशहरु उल्टो ऋणचक्रमा फसे । त्यसपछि गरीवी निवारणका लागि नयाँ र सिर्जनशील विकास अवधारणा अगाडि आएको छ ।

सन् १९९१ मा सम्पन्न सार्क सम्मेलनले गरीवी न्यूनीकरणका लागि साझा रणनीति तय गरी सो कार्यक्रमलाई अगाडि बढाउन तत्कालीन प्रधानमन्त्री कृष्ण प्रसाद भट्टराईको अध्यक्षतामा एशियाली गरीवी निवारण आयोग गठन भई सन् १९९४ मा दक्षिण एसियाली गरीवी निवारण कार्यक्रम(SAPAP) सुरु भएको र नेपालमा यस कार्यक्रमको आर्थिक तथा प्राविधिक सहयोगमा वि.सं.२०५१ सालमा

स्याङ्जा जिल्लाको तत्कालीन श्रीकृष्णगण्डकी गा.वि.स.र अर्जुनचौपारी गा.वि.स.बाट परीक्षणको रुपमा ग्रामिण संस्था विकास कार्यक्रम सुरु गरिएको थियो ।  उक्त कार्यक्रमको सफलता र सिकाईबाट तत्कालीन नेपाल सरकार र युएनडिपीको पहलमा नेपाल अधिराज्यभरका पूर्वका ३० जिल्लामा एल.जि.पी. र पश्चिमका ३० जिल्लामा पिडिडिपी मार्फत गाउँ विकास कार्यक्रम विस्तार गर्दै लगियो । सन् २००४ मा यी दुवै कार्यक्रम एकीकृत भएर विकेन्द्रित स्थानीय सहयोग कार्यक्रम सञ्चालनको लागि तत्कालीन जिल्ला विकास समिति अन्तर्गत एक स्थानीय संरचनाको रुपमा स्थानीय विकास कोष स्थापना भएको थियो । जहाँ डिएलजीएसपीबाट आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध हुन्छ भने तत्कालीन जिल्ला विकास समिति संरक्षकको रुपमा रहने व्यवस्था गरेको थियो । यो कार्यक्रम ६६ जिल्लाका तत्कालीन ८ सय गा.वि.स.मा सञ्चालनमा आएको थियो । गाउँ विकास कार्यक्रम समुदायमा आधारित कार्यक्रम हो । यस कार्यक्रमले तीन मूल मन्त्र सङ्गठन बचत र सीप विकासको माध्यमबाट ग्रामीण जनताको आयस्तर वृद्धि गरी ग्रामीण गरीवी हटाउन सकिन्छ भन्ने मान्यता राखेको थियो । सामाजिक परिचालन कार्यक्रमले  आर्थिक कारोवार,व्यक्ति र समाजको संगठन बचत र सीपको क्षेत्रमा सशक्तिकरण गरेको तर सामाजिक तथा राजनैतिक क्षेत्रमा कम जोड दिएको हुनाले रूपान्तरणीय सामाजिक परिचालन गर्न  स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम को नामले वि.सं. २०६५ बाट विदेशी दातृ निकाय र नेपाल सरकार संघीय मामीला तथा स्थानीय विकास मन्त्रालयलको सहयोगमा एउटै बास्केट फन्डबाट रकम खर्च गर्ने गरी सुरुवात भएको थियो । तत्कालीन गाउँ विकास समिति र नगरपालिकाहरुमा सामाजिक परिचालक खटाई सामाजिक पचािलन कार्यक्रमलाई अगाडि बढाएको पाईन्छ ।संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमले पनि सामाजिक परिचालनद्धारा नै कार्यक्रम गर्दै आएको छ । गरीबहरुमाथिको विश्वास, उसको सरोकारको निर्णय गर्न दिने, गरीबहरु छुट्टै संगठनमार्फत संगठित गर्ने,विकास, शिक्षा र अनुभवमा आधारित सिकाइलाई सुरु गर्ने र सामुदायिक संस्थाका सदस्यहरुलाई समाजको मूल्यमान्यता अनुरूप आचरण गराउँने सामाजिक परिचालनको मान्यता हो । सामाजिक परिचालन औपचारिक रुपमा वि.सं.२०५१ सालमा दक्षिण एसिया गरीवी निवारण कार्यक्रम (SAPAP)को आर्थिक तथा प्राविधिक सहयोगमा स्याङ्जा जिल्लाको तत्कालीन श्रीकृष्णगण्डकी गा.वि.स.र अर्जुनचौपारी गा.वि.स.बाट परीक्षणको रुपमा सुरु गरिएको थियो । यो कार्यक्रम सफल देखिएपछि  वि.सं २०५३ सालमा थप पाँच वटा गा.वि.स.हरू(दरौं, रापाकोट, ढापुक सिमलभञ्ज्याङ, निवुवाखर्क, विर्घाअर्चले) मा विस्तार गरियो

।उक्त कार्यक्रमको सफलता अनुशरण गर्दै वि.सं. २०५६ सालमा नेपाल सरकार तत्कालीन स्थानीय विकास मन्त्रालयले कम लागतमा बढी क्षेत्रलाई ओगट्नेगरी सहभागितात्मक जिल्ला विकास कार्यक्रम (PDDP) को आर्थिक सहयोगमा स्याङ्जा जिल्लाका तत्कालीन पाँच वटा गाविस ( पञ्चमूल,पेल्काचौर,स्वरेक,केवरेभञ्ज्याङ र कुवाकोट) हरुमा गाउँ विकासको नामले सामाजिक परिचालन सुरु गरियो । यस कार्यक्रमले संगठन बचत र सीपलाई मूल मन्त्र बनाएर कार्यक्रम सञ्चालन गर्दै आएको थियो । तत्कालीन SAPAPकार्यक्रमद्धारा सामाजिक परिचालन गरिएका गाविसहरुमा विर्घा अर्चले गाविसलाई गैसस र अन्य गाविसका समूहहरुलाई बहुउद्देश्यीय सहकारीमा आबद्ध (दर्ता) गराई तत्कालीन गाउँ विकास समितिलाई हस्तान्तरण गरिएको यो नेपालको नयाँ अनुभव पनि रहेको छ यस अर्थमा स्याङ्जालाईसामाजिक परिचालनको जननी जिल्ला पनि भनिने गरिएको छ । उक्त गाविसहरुको कार्यक्रम सफलतापछि २०५७ सालमा थप १० गाविस आरुचौर, कोल्मा, राङभाङ, विरुवा अर्चले, खिलुङ देउराली, जगतभञ्ज्याङ, पिडिखोला, कालीकाकोट, आलमदेवी, चण्डीभञ्ज्याङ मा विस्तार गरियो ( स्थानीय विकास कोष प्रतिवेदन, २०६६/०६७ जिविस स्याङ्जा), ।

गाउँ विकास कार्यक्रमको मूल मर्म र भावनालाई समेट्दै नेपाल सरकारले २०५७ सालमा आफ्नै बजेटबाट गरीवसँग विश्वेश्वर कार्यक्रमको नामले तीनवटा निर्वाचन क्षेत्रका एक–एक वटा गरी छाङ्छाङ्दी,पौवेगौडे,तीनदोबाटे गाविसका अतिविपन्न परिवारका १०० धरधुरीलाई मात्रै समेट्ने गरी कार्यक्रम गरिएको थियो त्यसपछि २०६० सालमा ओरष्टे थुमपोखरा र तुलसीभञ्ज्याङमा पनि विस्तार गरियो । माथि उल्लेखित कार्यक्रमको समन्वय गर्नलाई तत्कालीन जिल्ला विकास समिति अन्तर्गत स्थानीय ट्रष्ट कोष सञ्चालन गरियो । पछि सरकारले कार्यक्रममा एकरुपता ल्याउन नमुना विनियमावली पारीत गरी स्थानीय विकास कोष गठन गरी कायक्रमलाई सञ्चालन गरेको थियो । वि.सं. २०६५ बाट नेपाल सरकार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम मार्फत सामाजिक परिचालन कार्यक्रम सञ्चालन गरी विधिवत् रुपमा सामाजिक परिचालनको सुरुवात भएको पाइन्छ । तत्कालीन गाउँ विकास समिति र नगरपालिकाहरुमा सामाजिक परिचालक खटाई सामाजिक पचािलन कार्यक्रमलाई अगाडी बढाएको पाइन्छ । विगतमा गरिएका सामाजिक परिचालन कार्यक्रमले  आर्थिक कारोवार,व्यक्ति र समाजको संगठन बचत र सीपको क्षेत्रमा सशक्तिकरण गरेको तर सामाजिक तथा राजनैतिक क्षेत्रमा कम जोड दिएको हुनाले रुपान्तरणीय सामाजिक परिचालन गर्न  स्थानीय शासन तथा सामुदायिक विकास

कार्यक्रम को नामले विदेशी दातृ निकायको सहयोगमा एउटै बास्केट फन्डबाट रकम खर्च गर्ने गरी सुरुवात भएको थियो । आर्थिक वर्ष २०६७/०६८ मा  सुरुमा साँखर र बाङ्सिङबाट यो कार्यक्रम सञ्चालनमा आएको थियो । त्यसपछि १० तत्कालीन गाविसमा सञ्चालन गरियो । उक्त कार्यक्रममा दातृ निकायको ८० प्रतिशत लगानी र  नेपाल सरकारबाट २० प्रतिशत लगानीमा सञ्चालन भएको थियो । उक्त कार्यक्रम वडा नागरिक मञ्च गठन गरी आवाजविहीन नागरिकहरुको आवाज बुलन्द पार्ने भनी सुरु भएको थियो । अरु थप गाविसहरुमा  र नगरपालीकाहरुमा पनि स्थानीय सेवाप्रदायक छनौट गरी यो कार्यक्रम विस्तार गर्दै लगियो ।  सुरु अवस्थामा आपसी सहयोग केन्द्र स्याङ्जा नेपालले कार्यक्रम सञ्चालन गर्ने जिम्मा पाएको थियो । त्यसपछि अन्धाअन्धी सामुदायिक विकास केन्द्र, रेडक्रस जिल्ला शाखा स्याङ्जा ,साहारा,समुदायमा आधारित पुनस्थापना सेवा (CBRS)ले करिब तीन वर्ष कार्यक्रम सञचालन गरेपछि स्थानीय निकाय जिल्ला विकास समिति र नगरपालिका ले नै हेर्ने गरी एक वर्ष छ महिनालाई नेपाल सरकारमार्फत सेवा प्रदायक संस्था हटाइएको थियो र पछि फेरि २०७१ माघ एक गतेदेखि पुन सेवाप्रदायक संस्था मार्पत काम भइरहेको छ । आर्थिक वर्ष २०७१/०७२ देखि नेपाल सरकारले गरीवीसँग विश्वेश्वर कार्यक्रमलाई पुन तीन गाविस थप गरी माफ्कोट शिवालय, आरुचौर पिडिखोलामा कार्यक्रम सञ्चालन गरिएको छ । हाल यो कार्यक्रम नेपालका ७५ वटै जिल्लाहरुमासञ्चालन भएको छ ।(जिविस, २०७३ स्याङ्जा )

यो कार्यक्रमदेखि नै सामाजिक परिचालन अभ्यासले नयाँ मोड लिन थालेको पाइन्छ । सामाजिक सशक्तिकरण र सामाजिक रुपान्तरणको माध्यमबाट आम नागरिकको जीविकोपार्जनमा सुधार ल्याउँनु,सार्वजनिक क्षेत्रबाट प्रदान गरिने सार्वजनिक सेवा र सुविधालाई प्रभावकारी बनाई यस्ता सेवाहरुमा नागरिकको पहुँच सहज गराउँनु,नागरिक र नागरिक संस्थाहरुलाई आफ्नो अधिकारप्रतिको सचेतना ,कर्तव्य र जिम्मेवारीप्रति जागरुक गराउँनु,नागरिकहरु विशेष गरी विपन्न वर्गको विकासको लागि विद्यमान आर्थिक, सामाजिक ,साँस्कृतिक तथा अन्य संरचनागत अवरोधहरु हटाई नागरिकहरुको जीवनस्तर माथि उठाउनु,सामाजिक पूँजीको निर्माणबाट समुदायहरुलाई आफ्ना समस्याहरु समाधान गर्न सक्षम तुल्याउनु, आपसी सद्भाव,मेलमिलाप र सहयोगबाट सामाजिक पूँजी निर्माण गरी सामाजिक सहिष्णुता बढाउँनु,स्थानीय लोकतन्त्रको संस्थागत विकासमा सहयोग पुऱ्याउँनु जस्ता उद्देश्य राखी आफ्ना कार्यक्रमहरु चलाएको पाइन्छ ।

स्थानीय स्तरमा उपलब्ध हुने भौतिक, मानवीय तथा प्रविधिजन्य स्रोतको उपयोगलाई प्राथमिकता दिँदै मानव विकास सूचकाङ्कमा पछाडि परेको क्षेत्र, लक्षित समूह, सीमान्तकृत समूह, पिछडिएको क्षेत्र, ग्रामीण विपन्न क्षेत्र तथा समुदायको सशक्तिकरण, जीविकोपार्जन, शिक्षा, स्वास्थ्य , खानेपानी, वातावरण संरक्षण तथा विपद् व्यवस्थापन, विपतपछिको नवनिर्माण तथा पुननिर्माण जस्ता राष्ट्रिय प्रथमिकताका क्षेत्रमा राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्थाका कार्यक्रमहरु सञ्चालन हुदै आइरहेको छ । सामजिक विकासका कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि गैरसरकारी संस्थाहरुले सामाजिक परिचालनलाई विशेष महत्वका साथ लागु गरेको पाइन्छ । सामाजिक परिचालन गर्न सामाजिक परिचालकको आवश्यकता पर्दछ । सामाजिक परिचालकलाई सामुदायिक परिचालक,सहजकर्ता, उत्प्रेरक,स्वयम्सेवक आदिको नामबाट विभिन्न संघसंस्थाले परिभाषित गरेको पाइन्छ । तर सामाजिक परिचालकलाई जेसुकै नामबाट परिभाषित गरिएपनि सामाजिक परिचालनको मुख्य काम भनेको समुदायको सकारात्मक परिवर्तनका लागि दातृ निकाय र स्थानीय समुदायबीच पुलको काम गर्नु हो । सामाजिक परिचालनको माध्यमबाट विकास निर्माणका योजनाहरु तर्जुमा गर्न र सो योजनालाई प्रभावकारी ढंगबाट समयमै सम्पन्न गर्न सकिने भएकोले सामाजिक परिचालनको माग दिनानुदिन बढ्दै गइरहेको छ । हाल यस अवधारणालाई कतिपय सरकारी कार्यालय तथा परियोजनाले समेत अवलम्बन गरेको पाइन्छ । सामाजिक परिचालक स्थानीय समुदायबाटै आउने भएकाले उनीहरु स्थानीय समुदायबारे बढी जानकार हुन्छन र समुदायसंग सजिलै घुलमिल भई काम गर्न सक्ने आम विशवास छ । नेपालमा सामाजिक संस्थाको आधिकारिक दर्तासंगै सामजिक परिचालनको काम सुरु भएको पाइन्छ । स्थानीय निकायमा सामाजिक परिचालनको माध्यमबाट विपन्न तथा विकासको प्रवाहमा पछाडि परेका नागरिकहरुलाई उनीहरुको काम, कर्तव्य तथा हक अधिकारबारे चेतनशील गराई मुलुकको विद्यमान सम्पूर्ण आर्थिक संरचनालाई विकासको मूल धारमा ल्याउँन र नागरिकको आवाज एवं माग सम्बोधन गर्दै सेवाप्रवाहलाई समावेशी, उत्तरदायी एवं जवाफदेही बनाउन सरकारी, गैरसरकारी निजी तथा समुदायमा आधारित निकाय समेतको सहकार्यमा स्थानीय स्तरबाट नै गरीबी न्यूनीकरण र दिगो विकासको अवधारणालाई संस्थागतगर्दै सम्बृद्ध नेपाल निर्माणगर्ने कार्यमा सहयोग पुऱ्याउन स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा २३६ को उपदफा ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारबाट 'सामाजिक परिचालन कार्यविधि २०७१' जारी गरी लागु गरिएको छ । यस कार्यविधिले साबिकका सबै गाविस र नगरपालिकाहरुमा हरेक वडामा १-१ जना सामाजिक परिचालक

राख्ने प्रावधान गरेको छ । नेपाल सरकारले सामाजिक परिचालकको शैक्षिक योग्यता समेत तोकेको छ । सामाजिक परिचालनको प्रभावकारीताकै कारण हाल नेपाल सरकार मातहतका गरीबी निवारण कोष, सामुदायिक विकास कार्यक्रम, खुल्ला दिसामुक्त क्षेत्र घोषणा अभियान लगायत ठुला-ठुला  कैयौं परियोजनाहरुले समेत सामाजिक परिचालनलाई विशेष महत्वका साथ लागु गरेको देखिन्छ । एउटा कुशल सामाजिक परिचालकमा नेतृत्व गुण, संस्थागत क्षमता, सञ्चार सीप, समस्या समाधान गर्न सक्ने क्षमता, स्रोत परिचालन, प्रशासनिक तथा कार्यसञ्चालन व्यावस्थापन गर्ने क्षमता हुनुपर्दछ । यस्ता सीप तथा क्षमताबाट सामाजिक परिचालनको काम प्रभावकारी बनाउन मद्दत पुग्छ ।  सामाजिक परिचालकको प्रभावकारी उपयोगबाट सञ्चालन गरिएका योजनाहरू समयमै सम्पन्न गर्न सकिने हुँदा सो योजनाको बजेट रकम फ्रिज हुने सम्भावना पनि न्यून हुन्छ र सामाजिक परिचालनबाट सामुदायिक विकासमा पनि विशेष टेवा पुगेको देखिन्छ । सामाजिक परिचालनलाई एउटा प्रभावकारी औजारको रुपमा सबैजसो सरकारी, अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैरसरकारी संस्थाले लिएका छन् । सामाजिक परिचालनको माध्यमबाट अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरु देशको सबैजसो ग्रामीण समुदायमा पुगि त्यहाँका विपन्न, अति विपन्न तथा पछाडि पारिएका समुदायमा सेवा प्रदान गरिरहेका छन् ।सामाजिक परिचालन कार्यविधि २०७१ ले सामाजिक परिचालनलाई यसरीपरिभाषित गरेको छ  –“सामाजिक परिचालन भन्नाले आम नागरिकहरुलाई समूहमा संगठित गरी आर्थिक सामाजिक तथा सांस्कृतिक सशक्तिकरणका माध्यमबाट उनीहरुको व्यक्तिगत, पारिवारिक तथा सामाजिक जीवनमा सकारात्मक परिवर्तन ल्याउने प्रक्रियालाई जनाउँदछ । सामाजिक परिचालनले समूहका सदस्यहरु बीच  आपसी सहयोग, सद्भाव,विश्वास,समन्वय र सहकार्य वृद्धि गरी सामाजिक पूँजी निर्माण गर्न सहयोग पुर्‍याउँदछ ।”

## १.२ समस्याको पहिचान

नेपाल विविध संस्कृति, सामाजिक साँस्कृतिक विविधताले भरिएको देश हो यहाँ स्रोत साधनको पर्याप्त परिचालनको आवश्यकता टड्कारो देखिन्छ । गरीबीका कारण देशमा विहान बेलुकाको छाक टार्न असहज परिस्थितिको सिर्जना हुनु कुनै नौलो कुरा भएन । सरकारी तवरबाट विकासको अंकुर गाउँसम्म पुर्‍याउँने नारा ल्याए पनि त्यस नारा कागजी रुपमा नै सीमित हुन पुगेको छ । जनसंख्या वृद्धिसंगै सशक्तिकरण सचेतिकरण जस्ता कुराहरुमा पनि जोड दिनु अपरिहार्य हुन थालेको छ । नेपालमा युवा

जनशक्ति वेरोजगार रहेको तथा आफ्नो दैनिक आवश्यकता पूरा गर्न निकै कठिनाइको स्थिति रहेको देखिन्छ । खेतीयोग्य जमिन बाँझो राखेर विदेशमा कडा परिश्रम गरी जीवननिर्वाह गर्न थालेको देखिन्छ । स्रोत साधनको परिचालन हुन नसकी बेरोजगारीको स्थिति सिर्जना भइरहेको यस विषम परिस्थितिमा देशमा उपलब्ध स्रोत साधनको अधिकतम परिचालन गरी स्वदेशमै रोजगारीको सिर्जना गरी दिगो आर्थिक विकासतर्फ अग्रसर हुनुपर्ने आजको टड्कारो आवश्यकता हो । सामाजमा बढ्दै गएका विकृति, विसगंति,कुरीति, अन्धविश्वास,श्रमलाई सानो सोच्ने प्रवृत्ति आदि जस्ता कुराहरुलाई जरैदेखि उखेलेर फाल्न सामाजिक सचेतना, स्रोत साधनको उच्चतम परिचालन तथा सामाजिक परिचालन अत्यन्तै अपरिहार्य बन्दै गएको अवस्था छ । समाजलाई आर्थिक सशक्तिकरण,सामाजिक सशक्तिकरण र राजनैतिक सशक्तिकरणका माध्यमबाट सामाजिक पूँजी निर्माण गरी सामाजिक विकास गर्नु नेपालजस्तो अविकसित मुलुकको लागि प्रमुख आवश्यकता हो ।

समाजमा सचेतनाका माध्यमबाट गरीबी न्यूनीकरण, जीविकोपार्जन सुधार गर्ने,सामाजिक अन्धविश्वास कुरीति, महिला हिंसा आदि कुराहरुलाई निर्मूल पार्ने अभिप्रायले सञ्चालित यो कार्यक्रमले सोचेजती उपलब्धी प्राप्त गर्न नसकेको अवस्थामा निम्न जिज्ञासाहरूमा आधारित रहेर अध्ययन गरिएको छ

१.सामाजिक परिचालन कार्यक्रम अभ्यास कसरी अगाडि बढ्यो?

२.सामाजिक परिचालनका कार्यक्रमलाई भविष्यमा के कसरी अगाडि बढाउँनुपर्छ ?

३. सामाजिक परिचालनका विषयमा जनधारणा के कस्तो रहेको छ ?

४. सामाजिक परिचालन कार्यक्रमले सामाजिक विकासमा के कस्तो प्रभाव पारेको छ ?

५. जनस्तरमा के कस्तो प्रभाव पार्न सक्छ? भन्ने सन्दर्भमा प्रस्तुत अनुसन्धानको शीर्षक सार्थक छ ।

### १.३ अध्ययनको उद्देश्य

**सामान्य उद्देश्य :**

यस अध्ययनको सामान्य उद्देश्य आँधीखोला गाउँपालिकामा सामाजिक परिचालन कार्यक्रम अभ्यास, यसको प्रक्रिया र यसले सामाजिक विकासमा पारेको प्रभाव अध्ययन गर्नु रहनेछ ।

**विशिष्ट उद्देश्य :**

(क) आँधीखोला गाउँपालिकामा सामाजिक परिचालनको प्रक्रिया पत्ता लगाउनु ।

(ख) आँधीखोला गाउँपालिकामा सामाजिक परिचालन कार्यक्रमबाट सामाजिक विकासमा परेको सामाजिक, आर्थिक प्रभाव विश्लेषण गर्नु ।

### १.४ अध्ययनको महत्व

यो अध्ययन आँधीखोला गाउँपालिकामा भएको सामाजिक परिचालनको अभ्यास यसको प्रक्रिया र यसले सामाजिक विकासमा पारेको प्रभावको बारे जानकारी पाउँन सकिन्छ ।सामाजिक परिचालन कार्यक्रम अभ्यास र यसबाट सामाजिक विकासमा परेको प्रभाव अध्ययन कसैले पनि नगरेकाले र सामाजिक परिचालन कार्यक्रम कसरी सुरु भयो यसले सामाजिक विकासमा के कस्तो प्रभाव पार्छ स्थानीय तह तथा सरोकारवालाहरुको यसमा के कस्तो भुमिका रहन्छ भन्ने विषयलाई उजागर गर्ने विषयमा अध्ययन गरिनेछ ।यो अध्ययनले आँधीखोला गाउँपालिकामा सामाजिक परिचालनबाट समुदायमा कसरी कार्य भइरहेको छ र जनसमुदायलाई के प्रभाव पार्न सफल भएको छ र यसको औचित्यता के छ भन्ने विषयमा अध्ययन गरिएकोले समावेशी र अर्थपूर्ण सहभागिता वृद्धि गर्न,गरीबी न्यूनीकरण गर्न, सामाजिक विकास तथा सामाजिक पूँजी निर्माण गर्न तथा जनमुखी,पारदर्शी,जवाफदेहीसेवाप्रवाहमा वृद्धि गर्न सरोकारवाला पक्षलाई सहयोग गर्नेछ । भविष्यमा सामाजिक परिचालनलाई निरन्तरता दिने विषयमा समेत झक्झकाउँन यसले सहयोग गर्नेछ ।

### १.५ अध्ययनको क्षेत्र र सिमा

शैक्षिक अध्ययन भएको हुँदा अनुसन्धानकर्ताका रुपमा विद्यार्थी सीमित बजेट समय भएको हुनाले यस अनुसन्धानलाई पनि निश्चित समय,बजेट,स्थान एवं अरु स्रोतको उपलब्धताका आधारमा सीमा निर्धारण

गरिएको छ । यस अध्ययन आँधीखोला गाउँपालिकाको क्षेत्रभित्र रहेर गरिएको छ ।यस अध्ययनबाट सामाजिक परिचालनको क्रममा भएका विभिन्न अभ्यासहरु तथा सामाजिक परिचालनको प्रक्रियाहरुको अध्ययन गरिएको छ ।अनुसन्धानमा सामाजिक परिचालन कार्यक्रमले सामाजिक जीवनमा ल्याएको परिवर्तन जोड्ने प्रयास गरिएको छ । सामाजिक परिचालन कार्यक्रम संचालनमा आएपछि त्यस क्षेत्रका समुदायमा आएको परिवर्तन एवं पहुँचलाई हेरिएको छ । सामाजिक परिचालन कार्यक्रमबाट सामाजिक विकासमा पारेको प्रभावलाई समेटिएको छ ।यस अध्ययन आँधीखोला गाउँपालिका क्षेत्रभित्र रहेर गरिएकोले फरक क्षेत्रहरु सबैमा लागु नहुन पनि सक्छ ।

### १.६ अध्ययनको संगठन

यस अध्ययन स्याङ्जा जिल्लाको उत्तरी भागमा पर्ने आँधीखोला गाउँपालिकाका सबै वडाहरुमा गठन भएका ६ वटा नागरिक सचेतना केन्द्रमा सामाजिक परिचालन कार्यक्रम अभ्यास र सामाजिक विकासमा यसको प्रभावको अध्ययन अनुसन्धान गरी प्राप्त सूचना तथा तथ्याङ्कहरुलाई विश्लेषण गरिएको छ । यस अध्ययनको ‘अध्याय एक’ मा अध्ययनको पृष्ठभूमि, समस्याको पहिचान, अध्ययनको उद्देश्य,महत्व,क्षेत्र र सीमा प्रस्तुत गरिएको छ । अध्याय दुइमा साहित्यको पुनरावलोकन, अध्याय तीन मा अनुसन्धान विधि, अध्याय चारमा तथ्याङ्क विश्लेषण र प्रस्तुतीकरण र अध्याय पाँच मा सारांश,निष्कर्ष र सुझाव प्रस्तुत गरिएको छ ।

# अध्याय दुई


# साहित्यको पुनरावलोकन

## २.१ अवधारणागत सिंहावलोकन

समाजमा जनचेतना र सशक्तिकरणका माध्यमबाट गरीवी न्यूनीकरण आर्थिक परिचालन तथा नागरिकहरुलाई समूहमा संगठित गरी आर्थिक सामाजिक तथा सांस्कृतिक सशक्तिकरणका माध्यमबाट उनीहरुको व्यक्तिगत, पारिवारिक तथा सामाजिक जीवनमा सकारात्मक परिवर्तन ल्याउँने प्रक्रियालाई जनाउँदछ । सामाजिक परिचालनले समूहका सदस्यहरु बीच  आपसी सहयोग , सद्भाव, विश्वास, समन्वय र सहकार्य वृद्धि गरी सामाजिक पूँजी निर्माण गर्न सहयोग पुऱ्याउँदछ । समाजमा व्याप्त कुरीति, कुप्रथा, कुसंस्कार र विकृतिहरुलाई हटाउन तथा महिला सशक्तिकरणका माध्यमबाट सामाजिक विकासमा टेवा पुऱ्याउँनका लागि सामाजिक स्रोत साधनको परिचालन गर्नु नै सामाजिक परिचालन हो । सार्वजनिक सेवा प्रवाहलाई चुस्त–दुरुस्त बनाउँने, समाजमा पछाडि परेका वर्ग तथा विपन्न वर्गहरुको आर्थिक अध्ययनलाई वैज्ञानिक र तथ्यपरक बनाउँनका लागि, वास्तविकता सही रुपमा प्रष्ट पार्नका लागी सामाजिक परिचालन अभ्यास र यसले सामाजिक विकासमा पारेको प्रभावका विषयमा अध्ययन गरिएको छ ।

सामाजिक परिचालनबाट समाजमा सचेतीकरण, मेलमिलाप, सामाजिक समस्यालाई सबैले चासो लिएर अघि बढ्ने, आयआर्जनका कार्यमा सामूहिक रुपमा अगाडि बढ्ने, समाजमा सरसफाइ अभियान चलाउने, सबै बालबालिकाहरुलाई पढ्नको लागि विद्यालय पठाउने वातावरण मिलाउँने, व्यक्तिगत घटना दर्ता समयमै गराउँने, सहभागितामूलक योजना तर्जुमा प्रक्रियामा अर्थपूर्ण सहभागिता वृद्धि गराउँने, समाजमा सचेतना बढाउँने, लोकतन्त्रको मूल्यमान्यतालाई अवलम्बन गर्ने, समाजमा पछाडि परेका वर्ग तथा व्यक्तिहरुलाई सहयोग गर्ने, सामाजिक सहिष्णुता कायम राख्ने तथा एउटा जिम्मेवार नागरिकको रुपमा आफूलाई चिनाउँने सक्ने जस्ता कार्यले सामाजिक पूँजीको विकामा सहयोग गर्दछ ।समाजमा प्रत्येक संस्कृतिलाई सम्मान गर्ने, कुसंस्कारलाई हटाउँने, समाजमा तडकभडक तथा विकृतिहरुलाई नियन्त्रण गर्ने, समाजमा रहेका साँस्कृतिक, धार्मिक, ऐतिहाँसिक महत्वका सम्पदाको संरक्षण गर्ने कार्यले साँस्कृतिक प्रभावलाई बढाएको छ । विशेषगरी समाजमा मानवअधिकारको

संरक्षणमा जोड दिएको पाइन्छ । समाजमा व्याप्त रहेका छाउपढी प्रथा, छुवाछुत प्रथा, बालविवाह, बहुविवाह जस्ता कुराहरुलाई उन्मूलन गर्न सहयोग पुऱ्याएको छ । जातिगत भेदभाव, अनमेल विवाह, वोक्सी, धामी, झांक्री, जुवा, तास, निरक्षरता, दहेज प्रथा, तथा महिला विरुद्धको हिंसा, वालश्रम, बाल हिंसा जस्ता सामाजिक विसंगतिहरु बारे छलफल चलाएको र समाजबाट हटाउन पहल गर्न समाजमा विभिन्न समूह सञ्जालहरु स्थापना गरी समाजमा आफ्ना कुराहरु ढुक्कसँग राख्न सक्ने बनाएको छ । वडा नागरिक मञ्च तथा नागरिक सचेतना केन्द्रका व्यक्तिहरु जनप्रतिनिधिमा चयन हुनुले पनि नेतृत्व विकासमा सहयोग भएको प्रष्ट देख्न सकिन्छ । वडा नागरिक मञ्चमार्फत समूहमा छलफल तथा सामाजिक समस्याहरु उन्मुलनको लागि छलफल चलाएको छ ।स्थानीय सेवाप्रवाहलाई प्रभावकारी बनाउँन सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई जस्ता कुराहरुमा सहयोग पुगेको छ । नागरिकहरुलाई आयआर्जनमा वृद्धि गराउन विभिन्न तालिमहरु प्रदान गरी आर्थिक विकासमा सहयोग पुऱ्याएको छ ।चित्र नं १अवधारणागत सिंहवलोकन



### २.१.१ सामाजिक प्रभाव

सामाजिक परिचालनबाट समाजमा सचेतीकरण, मेलमिलाप, सामाजिक समस्यालाई सबैले चासो लिएर अघि बढ्ने, समाजमा सरसफाइ अभियान चलाउँने, सबै बालबालिकाहरुलाई पढ्नको लागि विद्यालय पठाउँने वातावरण मिलाउने, व्यक्तिगत घटना दर्ता समयमै गराउने, सहभागितामूलक योजना तर्जुमा प्रक्रियामा अर्थपूर्ण सहभागिता वृद्धि गराउने, समाजमा सचेतना बढाउने, लोकतन्त्रको मुल्यमान्यतालाई अवलम्बन गर्ने, समाजमा पछाडी परेका वर्ग तथा व्यक्तिहरुलाई सहयोग गर्ने, सामाजिक सहिष्णुता कायम राख्ने तथा एउटा जिम्मेवार नागरिकको रुपमा आफूलाई चिनाउँन सक्ने जस्ता कार्यले सामाजिक पूँजीको विकासमा सहयोग गर्दछ विशेषगरी समाजमा मानवअधिकारको संरक्षणमा जोड दिएको पाइन्छ । समाजमा व्याप्त रहेका जातिगत भेदभाव, वाल विवाह, वहु विवाह, अनमेल विवाह, बोक्सी, धामी, झांक्री, जुवा, तास, निरक्षरता, दहेज प्रथा, छाउपडी तथा महिला विरुद्धको हिंसा, वालश्रम, बाल हिंसा जस्ता सामाजिक विसंगतीहरुबारे छलफल चलाउने र समाजबाट हटाउन पहल गर्न सहयोग पुऱ्याएको छ । वडा नागरिक मञ्चमार्फत समूहमा छलफल तथा सामाजिक समस्याहरु उन्मुलनको लागि छलफल चलाएको छ । स्थानीय सेवाप्रवाहलाई प्रभावकारी बनाउन सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाइ जस्ता कुराहरुमा सहयोग पुगेको छ ।यस्ता कुराहरुको माध्यमबाट सामाजिक पूँजीको निर्माण भएको पाइयो ।

### २.१.२आर्थिक प्रभाव

सामाजिक परिचालन कार्यक्रम मार्फत आयआर्जनका कार्यमा सामूहिक रुपमा अगाडि बढ्ने, नागरिकहरुलाई आयआर्जनमा वृद्धि गराउँन विभिन्न तालिमहरु प्रदान गरी आर्थिक विकासमा सहयोग पुऱ्याएको पाइन्छ यो कार्यबाट आर्थिक विकासमा सहयोग पुग्छ । योजना तर्जुमा, कार्यान्वयन प्रक्रियालाई पारदर्शी बनाइ आर्थिक अनियमितता नियन्त्रण गर्न सहयोग गरेको पाइन्छ ।

### २.१.३ साँस्कृतिक प्रभाव

समाजमा व्याप्त रहेका छाउपडी प्रथा, छुवाछुत प्रथा, बालविवाह, बहुविवाह जस्ता कुराहरुलाई उन्मूलन गर्न सहयोग पुऱ्याएको छ । समाजमा प्रत्येक संस्कृतिलाई सम्मान गर्ने, कुसंस्कारलाई हटाउँने, समाजमा

तडकभडक तथा विकृतिहरुलाई नियन्त्रण गर्ने, समाजमा रहेकासाँस्कृतिक, धार्मिक, ऐतिहाँसिक महत्वका सम्पदाको संरक्षण गर्ने कार्यले साँस्कृतिक प्रभावलाई बढाएको छ ।

### २.१.४ राजनैतिक प्रभाव

सहभागितामूलक योजना तर्जुमा प्रक्रियामा अर्थपूर्ण सहभागिता वृद्धि गराउँने, समाजमा सचेतना बढाउने, लोकतन्त्रको मूल्यमान्यतालाई अवलम्बन गर्ने, समाजमा पछाडी परेका वर्ग तथा व्यक्तिहरुलाई सहयोग गर्ने, सामाजिक सहिष्णुता कायम राख्ने तथा एउटा जिम्मेवार नागरिकको रुपमा आफूलाई चिनाउँने सक्ने जस्ता कार्य तथा समाजमा विभिन्न समूह सञ्जालहरु स्थापना गरी समाजमा आफ्ना कुराहरु ढुक्कसँग राख्न सक्ने बनाएको छ । वडा नागरिक मञ्च तथा नागरिक सचेतना केन्द्रका व्यक्तिहरु जनप्रतिनिधिमा चयन हुनुले पनि नेतृत्व विकासमा सहयोग भएको प्रष्ट देख्न सकिन्छ । समूह निर्माण तथा निर्णय प्रक्रियामा प्रजातान्त्रिक परिपाटी अवलम्बन गर्नुजस्ता कार्यले राजनैतिक प्रभाव स्पष्ट देख्न सकिन्छ । समाजको हितमा कार्य गर्ने व्यक्तिहरुलाई निष्पक्ष रुपमा चयन गर्न समेत सचेत हुन थालेको पाइन्छ । राजनैतिक चेतनाको समेत विकास भएको पाइयो ।

### २.१.५ सामाजिक पूँजी निर्माण

पूँजी भन्नाले सामान्यतया हामीहरु उत्पादनमूलक कार्यमा गरेको आर्थिक लगानी भन्ने बुझ्ने गर्दछौ तर समाजशास्त्रमा सामाजिक पूँजी भन्नाले सामाजिक विकासको लागि व्यक्ति तथा समुदायको चेतनास्तरमा वृद्धि, सकारात्मक सोचाईको विकास, सामाजिक एकतामा वृद्धि, सामाजिक मेलमिलाप,सामाजिक सहिष्णुता,धार्मिक सहिष्णुता आदि कुराहरुलाई सामाजिक पूँजी भन्दछौं ।

पुटनाम, १९९५ले सामाजिक सम्बन्धहरुको विकास, व्यक्तिगत परिचालन र सामाजिक परिचालनको माध्यमबाट सामाजिक संरचनामा परिवर्तन तथा सामाजिक पूँजी निर्माण हुन्छ भनि जोड दिएका छन् ।

सामाजिक परिचालन कार्यक्रम मार्फत नागरिक तथा स्थानीय सेवाप्रदायकहरुलाई जवाफदेहिता अभिवृद्धि गर्न सहयोग पुऱ्याएको पाइन्छ । महिला सशक्तिकरण, चेतना अभिवृद्धि, सहभागिता अभिवृद्धि, समाजमा आफ्ना कुराहरु ढुक्कसँग राख्न सक्ने वातावरणको विकास भएको पाउँन सकिन्छ । सामाजिक परिचालनबाट समाजमा सचेतीकरण, मेलमिलाप, सामाजिक समस्यालाई सबैले चासो लिएर अघि बढ्ने, समाजमा सरसफाइ अभियान चलाउँने, सबै बालबालिकाहरुलाई पढ्नको लागि विद्यालय पठाउँने

वातावरण मिलाउने, व्यक्तिगत घटना दर्ता समयमै गराउने, सहभागितामूलक योजना तर्जुमा प्रक्रियामा अर्थपूर्ण सहभागिता वृद्धि गराउने, समाजमा सचेतना बढाउने, लोकतन्त्रको मुल्यमान्यतालाई अवलम्बन गर्ने, समाजमा पछाडी परेका वर्ग तथा व्यक्तिहरुलाई सहयोग गर्ने, सामाजिक सहिष्णुता कायम राख्ने तथा एउटा जिम्मेवार नागरिकको रुपमा आफूलाई चिनाउँन सक्ने जस्ता कार्यले सामाजिक पूँजीको निर्माण गरेको पाइयो ।

समाजमा व्याप्त रहेका जातिगत भेदभाव, वाल विवाह, वहु विवाह, अनमेल विवाह, बोक्सी, धामी, झांक्री, जुवा, तास, निरक्षरता, दहेज प्रथा, छाउपडी तथा महिला विरुद्धको हिंसा, वालश्रम, बाल हिंसा जस्ता सामाजिक विसंगतीहरुबारे छलफल चलाउने र समाजबाट हटाउन पहल गर्न सहयोग पुऱ्याएको पाइयो । वडा नागरिक मञ्चमार्फत समूहमा छलफल तथा सामाजिक समस्याहरु उन्मुलनको लागि छलफल चलाएको पाइयो । स्थानीय सेवाप्रवाहलाई प्रभावकारी बनाउन सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाइ जस्ता कुराहरुमा सहयोग पुगेको पाइयो । यस्ता कुराहरुको माध्यमबाट सामाजिक पूँजीको निर्माण भएको पाइयो ।

सामाजिक परिचालन कार्यक्रम मार्फत आयआर्जनका कार्यमा सामूहिक रुपमा अगाडि बढ्ने, नागरिकहरुलाई आयआर्जनमा वृद्धि गराउँन विभिन्न तालिमहरु प्रदान गरी आर्थिक विकासमा सहयोग पुऱ्याएको पाइन्छ ।नागरिक सचेतना केन्द्रबाट जीविकोपार्जन सुधार कार्यक्रम मार्फत आयमूलक क्षेत्रमा सस्तो दरमा ऋण उपलब्ध गराई आयमूलक कार्यमा लगानी गरी आयआर्जनमा सहयोग गरेको पाइन्छ । यो कार्यबाट आर्थिक विकासमा सहयोग पुग्छ । योजना तर्जुमा, कार्यान्वयन प्रक्रियालाई पारदर्शी बनाइ आर्थिक अनियमितता नियन्त्रण गर्न सहयोग गरेको पाइन्छ ।यस्ता कुराहरुको माध्यमबाट सामाजिक पूँजीको निर्माणमा सहयोग मिलेको पाइयो (स्थलगत सर्वेक्षण २०७४) ।

### २.१.६ सामाजिक विकास

समाजमा रहेका सामाजिक, आर्थिक, शैक्षिक, साँस्कृतिक पक्षहरुमा आएको सकारात्मक परिवर्तनलाई सामजिक विकास भनिन्छ । समाजमा प्रतिव्यक्ति आम्दानीमा वृद्धि, राष्ट्रिय आम्दानीमा भएको वृद्धि, साक्षरतामा भएको वृद्धि, औषत आयुमा भएको वृद्धि, सामाजिक कल्याणमा भएको वृद्धिलाई सामाजिक विकासमा राख्न सकिन्छ । सामाजिक परिचालनबाट यस्ता कुराहरुमा वृद्धि गर्न सहयोग पुग्दछ । बालबालिका भर्नादरमा वृद्धि भएको पाइन्छ । बाल सहभागिता, सरसफाई, पोषण, बालस्वास्थ्यमा


सचेतना अभिवृद्धि गरी वालमैत्री स्थानीय शासन निर्माण गर्न सहयोग गरेको देखिन्छ । खुल्ला दिशामुक्त क्षेत्र घोषणा गर्न तथा वातावरणमैत्री स्थानीय शासन स्थापित गर्न समेत सामाजिक परिचालन कार्यक्रमबाट सहयोग मिलेको देखिन्छ ।

आर्थिक सर्वेक्षण : २०७२ / ०७३ अनुसार शैक्षिक वर्ष २०७२ / ०७३ मा प्राथमिक तहमा खुद भर्नादर ९६.६ प्रतिशत, आधारभूत शिक्षामा ८९.४ प्रतिशत र माध्यमिक शिक्षामा ३७.७ प्रतिशत पुगेको छ । गत शैक्षिक वर्षमा भर्नादर क्रमशः ९२.२ प्रतिशत, ८७.६ प्रतिशत र ३४.७ प्रतिशत रहेको थियो । त्यसैगरी सन् २०१५ मा पाँच वर्ष मुनिको बाल मृत्युदर (प्रतिहजारमा) ३८, शिशुमृत्युदर (प्रतिहजारमा) ३३, नवजात शिशु मृत्युदर (प्रति लाख जीवित जन्ममा ) १९० र कुल प्रजनन दर २.३ रहेको छ भने दक्ष प्रसतिकर्ताको सहयोगमा सुत्केरी भएका महिलाको संख्या ५५ प्रतिशत पुगेको छ । (के.सी.२०७३) सामाजिक परिचालन कार्यक्रमको माध्यमबाट समाजमा सामाजिक, आर्थिक, राजनैतिक, साँस्कृतिक सशक्तिकरणको माध्यमबाट सामाजिक पूँजीको निर्माण भई सामाजिक विकास भएको पाइयो ।

### २.१.७ सुशासन प्रवर्द्धन

"शासन भनेको निर्णय लिने र त्यसलाई कार्यान्वयन गर्ने प्रकृया हो । असल शासन भनेको जनइच्छा, चाहना आवश्यकता र आकांक्षामा आधारित योजना बनाउँने, त्यसलाई कार्यान्वयन गर्ने, नियम र प्रकृयालाई सुधार गर्दै लैजाने प्रकृया हो (दाहाल: २०६४) ।" प्रसिद्ध समाजशास्त्री लर्ड ब्रयासले स्थानीय स्वशासनलाई प्रजातान्त्रिक प्रशिक्षणको आधार भनी व्याख्या गरेका छन् । "सहमति उन्मुखता, सहभागितामूलक, कानुनी शासन, प्रभावकारी र सक्षम, समतामुखी र समावेशी, पारदर्शी, उत्तरदायी र जवाफदेही असल शासनका विशेषताहरु हुन् (ऐः २५) ।" जसलाई निम्न चित्रद्वारा प्रष्ट पार्न सकिन्छ ।

चित्र नं २ असल शासनका विशेषताहरु




(स्रोत युएनडिपिः १९८९)

माथि उल्लेखित बिशेषताले सुशासनलाई चिनाउँछ । प्रजातान्त्रिक आधार पनि सुशासन हो, जनताको उच्चतम भलाइ र कल्याणका लागि संचालन गरिने शासन  शैली नै शासन तथा सुशासन हो । यस्तो शासन व्यवस्थाले सबै नागरिकहरुलाई समान हक र अधिकार प्रदान गर्दछ । स्थानीय स्तरमा प्रभावकारी ढंगले सेवा सुविधा पुऱ्याउनु, मानव संसाधनको उचित  प्रयोग गर्नु, लैङ्गिक समानतामा जोड दिनु, सामाजिक आर्थिक विकासका लागि स्थानीय श्रोत साधनको परिचालन गराउँनु जस्ता कार्यलाई सुशासन भनिन्छ (गुरुङ :२०६४) ।"

शासकीय समन्वय इकाई, शासकीय सुधार कार्यक्रम अनुसार असल शासनका तत्वहरु कार्य सञ्चालनप्रति उत्तरदायी, कार्यसंचालनमा पारदर्शिता, कार्य संचालनमा सहभागिता, कानूनको राज जवाफदेहिपन, सहमतिको धारणा, समानता, प्रविणता र मितव्ययिता, सदाचार, वस्तुतता, अन्दाज गर्न सकिने, विकेन्द्रीकरण, शक्तिको उचित प्रयोग, नेतृत्व, इमान्दारीता, आत्मशुद्धी, अल्पसंख्यकको अधिकार र सूचनाको हक भनी व्याख्या विशलेषण गरेको छ ।

"स्थानीय निकायमा जनताको लागी सोच्ने, जवाफदेहीता बहन गर्नसक्ने, संस्थागत संयन्त्रको विकासमा जोड दिने, जनउत्तरदायी र पारदर्शी नागरिक समाज स्थापना गर्दै प्रजातान्त्रिक प्रकृया अनुसारको कार्य गर्ने सेवामुखी संस्थाहरु पर्दछन (स्थानीय स्वायत्त शासन ऐन, २०५५) ।" अधिकारमा आधारित सेवा प्रवाहमा सामाजिक परिचालन कार्यक्रमले विकेन्द्रीकरणको सिद्धान्तलाई जोड दिएको छ । विकेन्द्रीकरणको सिद्धान्त सम्भव भएसम्म सरकारको सबैभन्दा तल्लो निकाय अर्थात् स्थानीय निकायद्वारा सेवाको प्रबन्ध, उत्पादन र प्रवाह गरिने छ । यसले जनभावना अनुरुप कार्य गर्दछ र दीगो विकासमा जोड दिन्छ । साथै स्थानीय सहभागीताबाट दुर्लभ स्रोत साधनको अत्यायुक्त प्रयोग गर्न, सेवाको गुणस्तर अभिबृद्धि गर्न एवं सेवा प्रभावहमा पारदर्शिता अभिबृद्धि गराउन समेत सहयोग पुग्दछ । संगठित समूह, सामाजिक परिचालन, समावेशीकरण र सशक्तिकरण मार्फत स्थानीय समस्याहरु पहिचान गरी समाधानमा सचेत हुनु, स्थानीय स्रोत र साधनको समुचित प्रयोग गरी उद्यमशीलताको विकासका साथै विभिन्न कार्यक्रमको माध्यमबाट जनचेतना अभिबृद्धि गर्न सामाजिक परिचालनमा जोड दिएको पाइन्छ ।

## २.२विकासको अवधारणा

विकास एक निरन्तर चल्ने प्रक्रिया हो ।समय चकलाई हेर्ने हो भने विकास आदि मध्ये र अन्त्य छैन । समय अनुसार विकासको अवस्था, गति, संरचना, ढाँचा र मापदण्ड फरक होला तर विकास निरन्तर रुपमा नै भएको हुन्छ । विकासको अर्थ साक्षेप हुन्छ र यसलाई पूर्ण विराम पनि लगाउन सकिदैन । मानव समुदायमा भएका र हुँदै आएका भौतिक परिर्वतनलाई मात्र आजको सन्दर्भमा विकास मान्न सकिदैन । विकासले भौतिक परिर्वतनको साथै समाजको सामाजिक आर्थिक, राजनैतिक, साँस्कृतिक, धार्मिक र व्यक्तिको व्यक्तित्व अथवा मानव संसाधनमा भएका परिवर्तनहरुलाई दर्शाएको हुन्छ । “विकास एउटा आर्थिक, सामाजिक, राजनैतिक र साँकृतिक प्रकृया हो, जँहाबाट मानव आवश्यकताहरु आर्थिक तथा राजनैतिक माथि पँहुच बृद्धि गरी पूर्ति गर्न सकिन्छ (सहकार्य: २०६३) ।” विकास सम्वन्धी रणनिति दोश्रो विश्व युद्ध पश्चात् तय भएको हो सन १९५०-१९६० को दशकमा विकासलाई आर्थिक वृद्धिका रुपमा बिश्लेषण गरिएको थियो । सन् १९७० सम्म विकासलाई जनताको पँहुचका आधारमा र १९९० पछि मानव विकासको अवस्थालाई विकासको प्रमुख सूचक मानेको पाइन्छ । राष्ट्रसंघीय विकास कार्यक्रमले १९९० मा मानव विकास प्रतिवेदन समेत तयार पारेको छ । “जनताको स्वास्थ्य दीर्घायु र रचनात्मक जीवन शैलीगत परिर्वतन नै विकास हो (युएनडिपि, १९९५) ।” जुन समयमा जसले जे भने पनि विकासको गतिमा अवरोध सिर्जना गर्ने प्रमुख कारक तत्व विद्यमान गरीबीलाई मान्न सकिने अवधारणा विश्वका मानवशास्त्रीहरुले व्यक्त गरेका छन् । पाश्चात्य विद्वान मिकाल टोडारोले विकासलाई सँस्थागत परिर्वतन र गरीबी न्यूनिकरण अनि आर्थिक बुद्धिका रुपमा प्रस्ट्याएका छन । विकास सम्बन्धी यो मान्यताले सामानुपातिक विकासद्वारा गरीबी न्यूनीकरणलाई जोड दिएको छ । वर्तमान परिवेशमा विकासलाई गरिबी न्यूनीकरण, मानवअधिकारको प्रत्याभूति, भौतिक सामाजिक, सांस्कृतिक, राजनैतिक परिवर्तनको सापेक्षमा प्रष्ट पारेको पाइन्छ । सन् १९९० भन्दा अगाडि विकासलाई भौतिक परिवर्तन र आर्थिक अवस्थाको सुधारको दृष्टिकोणले हेरिदै आए पनि ९० को दशकमा विकासलाई मानवीय विकासको आधारमा व्याख्या गर्नेहरु धेरै छन् ।

## २.३ गरीबी न्यूनीकरण अवधारणा

समाजशास्त्रीय कोलिन्स शब्दकोषमा जीविकोपार्जनका लागि पर्याप्त भौतिक र साँस्कृतिक श्रोतहरुको अभाव हुनु नै गरीबी हो भनी व्याख्या गरिएको छ । भारतीय अर्थशास्त्री डा.अमर्त्य सेनले साक्षरता,

घुमफिर, लामो आयु, स्वास्थ्य जस्ता सामाजिक अवस्थाको अभावलाई गरीबी भनेका छन् । त्यस्तै गरी विश्व बैंकले गरिबीलाई जीवनयापनको लागि न्यूनतम स्तर प्राप्त गर्ने क्षमताको अभावजन्य अवस्था भनी व्याख्या गरिएको छ । "गरीबी एउटा प्राविधिक अवस्था होइन, यो त समग्र राजनैतिक, सामाजिक एवं आर्थिक कार्यको परिणाम हो । यो जटिल सामजिक मनोविज्ञानको परिणति र निरन्तरता दुवै हो ( घिमिरेः १९९९) ।" यसरी बाँच्नका लागि आवश्यक न्यूनतम साधन, श्रोत र अवस्थाको अपर्याप्तता नै गरिबी हो भन्ने पक्षको स्वीकार सबै क्षेत्रबाट भएको पाइन्छ ।

नेपालजस्ता विकासोन्मुख देशहरुमा परनिर्भरता, कमजोर उत्पादन प्रणाली, असन्तुलित आर्थिक नीति नै गरीबको चाप बढ्दै जानुको प्रमुख कारण हो भन्ने धारणा समाजशास्त्रीहरुको छ । "नेपालमा ४२ प्रतिशत जनता गरीबको रेखामुनि रहेकाछन् । जस अन्तर्गत ग्रामीण क्षेत्रमा ४४ प्रतिशत, शहरी क्षेत्रमा २३ प्रतिशत रहेकाछन् । यसमा पनि काठमाण्डौ उपत्यकामा ४ प्रतिशत र अन्य शहरी इलाकामा ३४ प्रतिशत रहेको छ । भौगोलिक रुपमा हेर्दा तराईमा ४२ प्रतिशत, पहाडमा ४१ प्रतिशत र उच्च पहाडी भागमा ५६ प्रतिशत रहेको छ (विश्व बैंक प्रतिवेदन १९९८) ।" "नेपालमा गरिएको जीवनस्तर सर्भेक्षण २०५८ अनुसार करीब ३१ प्रतिशत जनसंख्या गरीबको रेखामुनि बाँचेकाछन् । नेपालको कुल जनसंख्याको ४५ प्रतिशत जनसंख्या गरीब छन् भने अति गरीबको संख्या १७.१ प्रतिशत रहेको देखाइएको छ । त्यस्तै अक्सफोर्ड विश्व विद्यालयको गरीबी र मानव विकास तथ्यांक-२०११ अनुसार भने नेपालमा अझै ४४ प्रतिशत जनसंख्या गरीबीको रेखामुनि बाँच्न बाध्य छन । शहरी गरीबीको प्रतिशत १० रहेको देखाइएको छ । काठमाडौंमा ३.३ र अन्य शहरी क्षेत्रमा १३ प्रतिशत रहेको छ । गरीबी न्यूनीकरण सम्बन्धी कार्यपत्रहरुमा बताए अनुसार गरीबीका साझा कारण निम्न भनी व्याख्या गरिएको छ । (नेपाल जीवनस्तर सर्वेक्षण २०६०-०६१, प्रतिवेदन १९९८)

- चल अचल सम्पत्तिमा कम पहुँच
- आयमा कमी
- गैर बैंकिङ्ग ऋण
- बेरोजगार
- श्रमको माग र आपूर्तिमा असन्तुलन
- दास, हलियाजस्ता सामन्ती प्रथाहरु

- सीप र स्रोतको कमी
- फितलो सरकारी नीति
- भौतिक, सामाजिक, मानवीय विकास कमी
- भौगोलिक अवस्था र दैवी प्रकोप
- कुरीति, अन्धपरम्परा
- जनसंख्यामा तीव्र बृद्धि

यसरी हेर्दा के देखिन्छ भने विकासको बाधक गरीबी नै हो । विकासको उद्देश्यहरुमा गरीबीको अन्त्य गर्ने, उत्पादनशील रोजगारी उपलब्ध गराउँने र सम्पूर्ण जनताका आधारभूत आवश्यकता पूरा गर्ने, समाजका सदस्यहरुका वैयक्तिक र संस्थागत क्षमतालाई बढाउने र उपयुक्त सामाजिक जीवन तथा त्यसको अनुकूल हुने गरी भौतिक आधार तयार गर्ने विषयहरु समावेश हुन्छन् । त्यसले न्यायपूर्ण वितरण र जीवन निर्वाहको भौतिक स्तर मात्र होइन जीवनको गुणस्तरमा जोड दिन्छ । जबसम्म गरीबी न्यूनीकरण गर्न सकिदैन तबसम्म विकासको गति अगाडि बढ्न सक्दैन अर्थात सशक्तिकरण र गरीबी न्यूनीकरणलाई संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमले मानव विकासको बहुआयामिक अवधारणका रुपमा लिएको छ । संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमले सहश्राब्दी विकास लक्ष्य १९९० मा नेपालको गरिबी न्यूनीकरणका लागि निम्न लक्ष्यहरुको घोषणा गरेको थियो :

- अति गरीब तथा भोकको उन्मूलन
- प्राथमिक शिक्षालाई सर्वसुलभ
- लैङ्गिक समानता तथा महिला सशक्तिकरणको प्रवर्द्धन
- शिशु मृत्युदरमा न्यूनीकरण
- मातृ स्वास्थ्य सुधार
- एच.आई. भि.एड्स, मलेरिया जस्ता रोग नियन्त्रण
- वातावरणीय दिगोपनाको सुनिश्चिचता र संरक्षण
- विकासको लागि विश्व साझेदारीको विकास तथा प्रवर्द्धन

नेपालको सरकारी नीति तथा कार्यहरु गरीबी न्यूनीकरणमा केन्द्रित भएको पाइन्छ तर फितलो कार्यान्वयनका कारण नीति अनुसारका योजनाहरु लक्ष्यसम्म पुग्न सकेका छैनन् । त्यसैले शहरी गरीबीको अवस्थामा प्रयाप्त सुधार आएको पाईदैन । नेपालको नवौ विकास योजनाको प्रमुख एजेण्डा गरीबी न्यूनीकरण बनेको थियो । दशौं विकास योजना पनि सो लक्ष्यमा केन्द्रित छ तर नीति निर्माण भन्दा पनि त्यसको कार्यन्वयन पक्ष सवल नहुँदा गरिबीको अवस्थामा सुधार भएको छैन ।

## २.४ सन्दर्भ साहित्य समीक्षा

अध्ययन अनुसन्धान आफैमा गहन विषय हो । प्रस्तावित अध्ययन पनि अनुसन्धानको एक हिस्सा भएकोले यस कार्यलाई अगाडि बढाई पूर्णता गर्न विषयसँग सम्बन्ध राख्ने प्रकाशित कृतिहरू, लेख, रचना, ग्रन्थ, आदिहरूको अध्ययन गर्न जरूरत हुन्छ । मार्गदर्शन, दिशानिर्देश एकातिर महत्त्वपूर्ण हुन्छन् भने उक्त सामग्रीहरूबाट अध्ययनलाई प्रष्ट पार्न उलेख्य मद्दत पुग्दछ । त्यसकारण विषयसँग सम्वन्धित विभिन्न सङ्घ संस्था तथा अनुसन्धानकर्ताहरूका प्रकाशित कृतिहरू, पुस्तक, प्रतिवेदन, लेख, रचना, ग्रन्थ, सम्भव भएसम्म अध्ययन गरिएको छ । जसको सहयोगले आफ्नो अध्ययनलाई बाटो देखाउन र पुष्ट वनाउन मद्दत गरेको छ ।

### २.४.१ नेपालमा सामाजिक परिचालन विकास

सामाजिक परिचालन प्राचीन समयदेखि नै अनौपचारिक रुपमा भएको पाउँन सकिन्छ विभिन्न प्रथाहरुको प्रारम्भसँगै सुरुवात भएको पाउँन सकिन्छ । विभिन्न संगठित असंगठित समूहरु जस्तै गुठी धर्मभकारी, पर्मा, बाटो निर्माण, कुलो निर्माण गर्ने धार्मिक कार्यक्रमहरु गर्ने, विभिन्न संस्कारहरुमा परिचालित भएर कार्य गर्ने जस्ता माध्यमबाट सामाजिक परिचालन गरेको पाउँन सकिन्छ । पृथ्वीनारायण शाहले विभिन्न व्यक्तिहरुलाई शैन्य तालिम, नेपाल एकिकरण अभियान चलाई मानव साधनको परिचालन गरेका थिए । विभिन्न जनआन्दोलनहरु तथा समयको विभिन्न कालखण्डमा शासन व्यवस्था सञ्चालन गर्नको लागि मानव स्रोत, आर्थिक स्रोतका रुपमा सुनचाँदी अन्न आदिलाई परिचालित गरेको पाइन्छ । त्यसबेला साझा मानवीय आवश्यकता पूरा गर्न साधन तथा स्रोतको परिचालन गरेको पाइन्छ । विभिन्न प्रथाहरु गुठी,धर्मभकारी, पर्मा, विवाह, मृत्यु संस्कारबाट स्रोतहरुको परिचालन भएको पाइन्छ । खासगरी पछिल्लो समयमा आइपुग्दा विभिन्न सरकारी कार्यालयहरु,

गैरसरकारी संस्थाहरु, संघ संगठन(राजनैतिक, आर्थिक, सामाजिक, शैक्षिक, धार्मिक एवं् साँस्कृतिक) संस्थाहरु, आमासमूह, क्लवहरु, समूह सञ्जालहरु आदिबाट सामाजिक परिचालन भएको पाइन्छ ।

सन् १९९१ म सम्पन्न सार्क सम्मेलनले गरीवी न्यूनीकरणका लागि साझा रणनीति तय गरी सो कार्यक्रमलाई अगाडि बढाउन तत्कालीन प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईको अध्यक्षतामा एसियाली गरीवी निवारण आयोग गठन भई सन् १९९४ मा दक्षिण एसियाली गरिवी निवारण कार्यक्रम(SAPAP) सुरु भएको र नेपालमा यस कार्यक्रमको आर्थिक तथा प्राविधिक सहयोगमा वि.सं.२०५१ सालमा स्याङ्जा जिल्लाको तत्कालीन श्रीकृष्णगण्डकी गा.वि.स.र अर्जुनचौपारी गा.वि.स.बाट परिक्षणको रुपमा  ग्रामीण संस्था विकास कार्यक्रम सुरु गरिएको थियो । उक्त कार्यक्रमको सफलता र सिकाइबाट तत्कालीन नेपाल सरकार र युएनडिपीको पहलमा नेपाल अधिराज्यभरका पूर्वका ३० जिल्लामा एल.जि.पी. र पश्चिमका ३० जिल्लामा पिडिडिपी मार्फत गाउँ विकास कार्यक्रम विस्तार गर्दै लगियो। सन् २००४ मा यी दुवै कार्यक्रम एकीकृत भएर विकेन्द्रित स्थानीय सहयोग कार्यक्रम सञ्चालनको लागि तत्कालीन जिल्ला विकास समिति अन्तर्गत एक स्थानीय संरचनाको रुपमा स्थानिय विकास कोष स्थापना भएको थियो । जहाँ डिएलजीएसपीबाट आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध हुन्छ भने तत्कालीन जिल्ला विकास समिति संरक्षकको रुपमा रहने व्यवस्था गरेको थियो । यो कार्यक्रम ६६ जिल्लाका तत्कालीन ८ सय गा.वि.स.मा सञ्चालनमा आएको थियो । गाउँ विकास कार्यक्रम समुदायमा आधारित कार्यक्रम हो । यस कार्यक्रमले तीन मूल मन्त्र सङ्गठन बचत र सीप विकासको माध्यमबाट ग्रामिण जनताको आयस्तर वृद्धि गरी ग्रामीण गरीवी हटाउँन सकिन्छ भन्ने मान्यता राखेको थियो । सामाजिक परिचालन कार्यक्रमले  आर्थिक कारोवार,व्यक्ति र समाजको संगठन बचत र सीपको क्षेत्रमा सशक्तिकरण गरेको तर सामाजिक तथा राजनैतिक क्षेत्रमा कम जोड दिएको हुनाले रुपान्तरणीय सामाजिक परिचालन गर्न स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमको नामले वि.सं. २०६५ बाट विदेशी दातृ निकाय र नेपाल सरकार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयलको सहयोगमा एउटै बास्केट फन्डबाट रकम खर्च गर्ने गरी सुरुवात भएको थियो ।(जिविस,२०७२) तत्कालीन गाउँ विकास समिति र नगरपालिकाहरुमा सामाजिक परिचालक खटाई सामाजिक पचिालन कार्यक्रमलाई अगाडी बढाएको पाइन्छ ।

### २.४.२ सामाजिक परिचालनसम्बन्धी संस्थागत व्यावस्था

नेपाल सरकार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम मार्फत विभिन्न कलस्टरमा विभाजन गरी स्थानीय नागरिकको पहुँचसम्म विस्तार गरेको छ । देशभरका ७५ वटा जिल्लाहरुमा यो कार्यक्रम कार्यान्वयन गर्दै आइरहेको छ । यो कार्यक्रमलाई व्यवस्थित एवं पारदर्शी बनाउँन सामाजिक परिचालन कार्यविधि २०७१ समेत व्यत्रवस्था गरी सञ्चालन गरेको छ । त्यसैगरी स्थानीय निकायलाई पारदर्शी, उत्तरदायी बनाउन एल्.जि.ए.एफ्.कार्यक्रम मार्फत स्थानीय निकायको कानुनी र नीतिगत व्यावस्था पालना अनुगमन कार्यक्रम देशभरका ६६ जिल्लाहरुमा र एस.ए.एल्.जि.पि. मार्फत ९ जिल्लामा गरी देशभरि यो कार्यक्रम सञ्चालित गरेको छ । सामाजिक परिचालन कार्यक्रममा परिभाषित गरेअनुसार "सामाजिक परिचालन भन्नाले आम नागरिकहरुलाई समूहमा संगठित गरी आर्थिक सामाजिक तथा सांस्कृतिक सशक्तिकरणका माध्यमबाट उनीहरुको व्यक्तिगत, पारिवारिक तथा सामाजिक जीवनमा सकारात्मक परिवर्तन ल्याउने प्रक्रियालाई जनाउँदछ । सामाजिक परिचालनले समूहका सदस्यहरु बीच आपसी सहयोग, सद्भाव,विश्वास,समन्वय र सहकार्य वृद्धि गरी सामाजिक पूँजी निर्माण गर्न सहयोग पुऱ्याउँदछ ।" सामाजिक परिचालन कार्यक्रमलाई संस्थागत रुपमा सञ्चालन गर्दै सामाजिक परिचालन कार्यविधि २०७१ मा विभिन्न व्यावस्थाहरु गरेको छ जुन निम्नबमोजिम रहेका छन् ।

सामाजिक परिचालन कार्यविधिको परिच्छेद १ मा प्रारम्भिक, परिच्छेद २ मा परिभाषा,उद्देश्य र रणनीति सम्बन्धी व्यवस्था गरेको छ भने परिच्छेद तीनमा संस्थागत व्यवस्थामा निम्न कुराहरु रहेका छन्

३.१केन्द्रीय सामाजिक परिचालन समिति

३.२ जिल्ला सामाजिक परिचालन समन्वय समिति

३.३ नगर सामाजिक परिचालन समन्वय समिति

३.४ गाउँ विकास समिति सामाजिक परिचालन समन्वय समिति

३.५ राष्ट्रिय सेवा प्रदायक संस्था

३.६ स्थानीय सेवा प्रदायक संस्था

त्यसै गरी परिच्छेद ४ मा जनशक्ति तथा कार्यजिम्मेवारी,परिच्छेद ५ मा वडा तथा बस्ती तहका नागरिक संयन्त्र, परिच्छेद ६ मा जीविकोपार्जन सुधार कार्यक्रम, परिच्छेद ७मा सामाजिक परिचालन कार्यक्रमको समीक्षा र मूल्याङ्कन र परिच्छेद ८ मा विविधको व्यवस्था गरेको छ ।

### २.४.३ स्याङ्जामा सामाजिक परिचालन अभ्यास

औपचारिक रुपमा वि.सं.२०५१ सालमा दक्षिण एसिया गरीवी निवारण कार्यक्रम (SAPAP) को आर्थिक तथा प्राविधिक सहयोगमा स्याङ्जा जिल्लाको तत्कालीन श्रीकृष्णगण्डकी गा.वि.स.र अर्जुनचौपारी गा.वि.स.बाट परीक्षणको रुपमा सुरु गरिएको थियो । यो कार्यक्रम सफल देखिएपछि वि.सं २०५३ सालमा थप पाँच वटा गा.वि.स.हरु(दरौ,रापाकोट,ढापुक सिमलभञ्ज्याङ,निवुवाखर्क,विर्घाअर्चले) मा विस्तार गरियो ।

उक्त कार्यक्रमको सफलता अनुशरण गर्दै वि.सं. २०५६ सालमा नेपाल सरकार तत्कालीन स्थानीय विकास मन्त्रालयले कम लागतमा बढी क्षेत्रलाई ओगट्नेगरी सहभागितात्मक जिल्ला विकास कार्यक्रम (PDDP) को आर्थिक सहयोगमा स्याङ्जा जिल्लाका तत्कालीन पाँच वटा गाविस (पञ्चमूल, पेल्काचौर, स्वरेक, केवरेभञ्ज्याङ र कुवाकोट) हरुमा गाउँ विकासको नामले सामाजिक परिचालन सुरु गरियो । यस कार्यक्रमले संगठन बचत र सीपलाई मूल मन्त्र बनाएर कार्यक्रम सञ्चालन गर्दै आएको थियो । उक्त गाविसहरुको कार्यक्रम सफलतापछि २०५७ सालमा थप १० गाविस आरुचौर, कोल्मा, राङभाङ, विरुवाअर्चले, खिलुङदेउराली, जगतभञ्ज्याङ, पिडीखोला, कालीकाकोट, आलमदेवी, चण्डीभञ्ज्याङ मा विस्तार गरियो ।

गाउँ विकासकार्यक्रमको मूल मर्म र भावनालाई समेट्दै नेपाल सरकारले २०५७ सालमा आफ्नै बजेटबाट गरीवसँग विश्वेश्र कार्यक्रमको नामले तीनवटा निर्वाचन क्षेत्रका एक–एक वटा गरी छाङ्छाङ्दी, पौवेगौडे, तीनदोबाटे गाविसका अतिविपन्न परिवारका १०० धरधुरीलाई मात्रै समेट्ने गरी कार्यक्रम गरिएको थियो त्यसपछि २०६० सालमा ओरष्टे थुमपोखरा र तुलसीभञ्ज्याङमा पनि विस्तार गरियो । माथि उल्लेखित कार्यक्रमको समन्वय गर्नलाई तत्कालीन जिल्ला विकास समिति अन्तर्गत स्थानीय ट्रष्ट कोष सञ्चालन गरियो । पछि सरकारले कार्यक्रममा एकरूपता ल्याउँन नमूना

विनियमावली पारित गरी स्थानीय विकास कोष गठन गरी कायक्रमलाई सञ्चालन गरेको थियो । ( जिविस, २०७२ ) वि.सं. २०६५ बाट नेपाल सरकार संघीय मामीला तथा स्थानीय विकास मन्त्रालयले स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम मार्फत सामाजिक परिचालन कार्यक्रम सञ्चालन गरी विधिवत् रुपमा सामाजिक परिचालनको सुरुवात भएको पाईन्छ । तत्कालीन गाउँ विकास समिति र नगरपालिकाहरुमा सामाजिक परिचालक खटाई सामाजिक पचिालन कार्यक्रमलाई अगाडी बढाएको पाईन्छ ।

आर्थिक वर्ष २०७१/०७२ देखि नेपाल सरकारले गरीवीसँग विश्वेश्वर कार्यक्रमलाई पुन तीन गाविस थप गरी माझकोट शिवालय, आरुचौर र पिडीखोला मा कार्यक्रम सञ्चालन गरिएको छ ।विगतमा गरिएका सामाजिक परिचालन कार्यक्रमले  आर्थिक कारोवार,व्यक्ति र समाजको संगठन बचत र सीपको क्षेत्रमा सशक्तिकरण गरेको तर सामाजिक तथा राजनैतिक क्षेत्रमा कम जोड दिएको हुनाले रुपान्तरणीय सामाजिक परिचालन गर्न  स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम को नामले विदेशी दातृ निकायको सहयोगमा एउटै बास्केट फन्डबाट रकम खर्च गर्ने गरी सुरुवात भएको थियो । आर्थिक वर्ष २०६७/०६८ मा  सुरुमा साँखर र बाङ्सिङबाट सामाजिक परिचालन कार्यक्रम सञ्चालनमा आएको थियो । त्यसपछि १० तत्कालीन गाविसमा सञ्चालन गरियो । उक्त कार्यक्रममा दातृ निकायको ८० प्रतिशत लगानी र  नेपाल सरकारबाट २० प्रतिशत लगानीमा सञ्चालन भएको थियो । उक्त कार्यक्रम वडा नागरिक मञ्च गठन गरी आवाजविहीन नागरिकहरुको आवाज बुलन्द पार्ने भनी सुरु भएको थियो । अरु थप गाविसहरुमा  र नगरपालिकाहरुमा पनि स्थानीय सेवाप्रदायक छनौट गरी यो कार्यक्रम विस्तार गर्दै लगियो ।  सुरु अवस्थामा आपसी सहयोग केन्द्र स्याङ्जा नेपालले कार्यक्रम सञ्चालन गर्ने जिम्मा पाइको थियो । त्यसपछि अन्धाअन्धी सामुदायिक विकास केन्द्र, रेडक्रस जिल्ला शाखा स्याङ्जा ,साहारा,समुदायमा आधारित पुनस्थापना सेवा (CBRS)ले करिब तीन वर्ष कार्यक्रम सञ्चालन गरेपछि स्थानीय निकाय जिल्ला विकास समिति र र नगरपालिका ले नै हेर्ने गरी एक वर्ष छ महिनालाई नेपाल सरकारमार्फत सेवा प्रदायक संस्था हटाइएको थियो र पछि फेरी २०७१ माघ एक गतेदेखि पुनः सेवाप्रदायक संस्था मार्पत काम भइरहेको छ ।(जिल्ला विकास समिति २०७२,स्याङ्जा)

### २.४.४ स्याङ्जामा सामाजिक परिचालनको प्रक्रिया

सामाजिक परिचालन भन्नाले समाजमा रहेका सम्पूर्ण व्यक्तिहरुलाई शिक्षा,तालीम,सचेतनाको माध्यमबाट सामाजिक आर्थिक,साँस्कृतिक रुपमा सबल र सक्षम बनाउँनको निमित्त उत्प्रेरित गर्नु, जागृत गर्नु,संगठित गर्नु भन्ने बुझिन्छ । यसमा मुख्य तीन तत्वहरु– संगठन, बचत र सीप विकासलाई लिइन्छ । गाउँबस्तीमा रहेका विभिन्न व्यक्तिहरुलाई जम्मा गर्ने समूहमा आवद्ध गराउँने र तिनीहरुलाई बचत गर्न उत्प्रेरित गर्ने तथा उनीहरुले गरेको बचतलाई उनीहरुको निर्णयअनुसार आफ्ना सदस्यहरुलाई लगानी गराई आयआर्जनका कार्यहरु गर्दछन् । सीप विकासअन्तर्गत विभिन्न सीपमुलक तालिमहरुको आयोजना गरी स्थानीय स्तरमै घरेलु उद्यमहरुको विकास गर्न तथा जिवीकोपार्जन सुधार गर्न प्रेरित गरिन्छ । सदस्यहरुलाई निर्धक्कसँग आफ्ना  कुराहरु राख्नका निमित्त नेतृत्व विकास सम्बन्धी विषयहरुलाई समेत अगाडि बढाइन्छ । २०५१ सालमा दक्षिण एसिया गरीवी निवारण कार्यक्रम यु.एन.डि.पी.को आर्थिक तथा प्राविधिक सहयोगमा तत्कालीन अर्जुनचौपारी गाविस र श्रीकृष्ण गण्डकी गाविसमा सामाजिक परिचालक समेत खटाई सामाजिक परिचालनको सुरुवात गरेको पाइयो । ग्रामिण संस्था विकास कार्यक्रम हुदै गाउँ विकास कार्यक्रममा परिणत भएको उक्त कार्यक्रमले संगठन, बचत र सीप विकासलाई मूल मन्त्र बनाई अगाडि बढेको पाइयो ।

एल्.जि सि.डि.पी. कार्यक्रमले सामाजिक परिचालन कार्यविधि समेत निर्माण गरी सामाजिक परिचालन कार्यक्रमलाई संस्थागत रुपमा अगाडि बढाएको छ । सामाजिक परिचालन कार्यक्रमको उद्देश्य, रणनीति समेत तय गरी सामाजिक परिचालन कार्यक्रमलाई संस्थागत गरेको छ । जसमा जनशक्ति तथा कार्यजिम्मेवारी समेत व्यवस्था गरी वडा तथा बस्ती तहका नागरिक संयन्त्रको व्यवस्था गरेको छ । नागरिक सचेतना केन्द्रको स्थापना गरी जीविकोपार्जन कार्यक्रम सञ्चालन गरेको छ । संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले यस कार्यक्रमको लागि स्वीकृत बजेट सम्बन्धित जिल्ला विकास समिति तथा नगरपालिकालाई उपलब्ध गराउँने व्यवस्था गरेको छ ।

सामाजिक परिचालनमार्फत साविकका प्रत्येक गाविसहरुमा १-१जना र यो कार्यक्रम लागु भएका नगरपालिकाका प्रत्येक वडाहरुमा १-१ जना सामाजिक परिचालकहरु खटाई कार्यक्रमहरु अगाडि बढाइएको छ । प्रत्येक वडाहरुमा वडा नागरिक मञ्च गठन गरी टोल बस्तीका योजना तर्जुमा प्रक्रियामा समेत वडा नागरिक मञ्चले सहजिकरण गरेको छ । जनप्रतिनीधि विहीन अवस्थामा वडा

तथा बस्तीको विकासको लागि वडा नागरिक मञ्चले महत्वपूर्ण भूमिका निर्वाह गरिरहेका थिए । पूर्ण प्रजातान्त्रिक प्रक्रियाबाट वडा नागरिक मञ्चको गठन गरी महिला सहभागितालाई ३३ प्रतिशत भन्दा बढी गराइएको पाइन्छ । आवाज विहीन नागरिकका आवाजहरुलाई वुलन्द पार्ने कार्य गरेको तथा नागरिकहरुले आफ्नो गुनासो ढुक्कसंग राख्न सक्ने अवस्थाको सिर्जना भएको देख्न सकिन्छ ।

### २.४.५आँधीखोला गाउँपालिकामा सामाजिक परिचालन

विगतमा गरिएका सामाजिक परिचालन कार्यक्रमले  आर्थिक कारोवार,व्यक्ति र समाजको संगठन बचत र सीपको क्षेत्रमा सशक्तिकरण गरेको तर सामाजिक तथा राजनैतिक क्षेत्रमा कम जोड दिएको हुनाले रुपान्तरणीय सामाजिक परिचालन गर्न  स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम को नामले विदेशी दातृ निकायको सहयोगमा एउटै बास्केट फन्डबाट रकम खर्च गर्ने गरी सुरुवात भएको थियो । आर्थिक वर्ष २०६७/०६८ मा सुरुमा साँखर र बाङ्सिङबाट सामाजिक परिचालन कार्यक्रम सञ्चालनमा आएको थियो । त्यसपछि १० तत्कालीन गाविसमा सञ्चालन गरियो । उक्त कार्यक्रममा दातृ निकायको ८० प्रतिशत लगानी र नेपाल सरकारबाट २० प्रतिशत लगानीमा सञ्चालन भएको थियो । उक्त कार्यक्रम वडा नागरिक मञ्च गठन गरी आवाजविहीन नागरिकहरुको आवाज बुलन्द पार्ने भनी सुरु भएको थियो । अरु थप गाविसहरुमा  र नगरपालिकाहरुमा पनि स्थानीय सेवाप्रदायक छनौट गरी यो कार्यक्रम विस्तार गर्दै लगियो । सुरु अवस्थामा आपसी सहयोग केन्द्र स्याङ्जा नेपालले कार्यक्रम सञ्चालन गर्ने जिम्मा पाएको थियो ।त्यसपछि अन्धाअन्धी सामुदायिक विकास केन्द्र, रेडक्रस जिल्ला शाखा स्याङ्जा ,साहारा,समुदायमा आधारित पुनस्थापना सेवा (CBRS)ले करिब तीन वर्ष कार्यक्रम सञ्चालन गरेपछि स्थानीय निकाय जिल्ला विकास समिति र नगरपालिकाले नै हेर्ने गरी एक वर्ष छ महिनालाई नेपाल सरकारमार्फत सेवा प्रदायक संस्था हटाइएको थियो र पछि फेरि २०७१ माघ एक गतेदेखि पुनः सेवाप्रदायक संस्था मार्पत काम भइरहेको छ । (स्रोत : जिविस, २०७३,स्याङ्जा )

### २.४.६ सैद्धान्तिकपुनरावलोकन

समाजशास्त्री/मानवशास्त्रीहरुले कुनैपनि विषयमा अनुसन्धान गर्दा अध्ययन अनुसन्धानको विषयलाई समाजशास्त्र वा मानवशास्त्रका विकसित विभिन्न सिद्धान्तबारे सम्बन्धित एक वा बढी सिद्धान्तसँग रहेर अनुसन्धान गर्नुपर्दछ । यसरी अनुसन्धान गर्दा बढी वैज्ञानिक, सैद्धातिक तथा व्यावहारिक हुने हुँदा यहाँ प्रस्तुत विषयको अनुसन्धानमा केही सिद्धान्तहरुको दायराभित्र रहेर अध्ययन अनुसन्धान गरिएको छ ।

प्रस्तुत विषयमा संरचनात्मक, प्रकार्यात्मक सिद्धान्तमा आधारित भएर यो अनुसन्धान गर्ने प्रयास गरिएको छ ।

समाजशास्त्री एवं मानवशास्त्रीय अध्ययन अनुसन्धानमा यस संरचनात्मक प्रकार्यात्मक सैद्धान्तिक नमूनाको निकै ठूलो महत्व छ । मूलतःसमाजशास्त्रीय तथा मानवशास्त्रीय अध्ययन अनुसन्धानमा सामाजिक वास्तविकतालाई बुझ्ने सवालमा सन् १९४० देखि ५० को दशकसम्म यस सैद्धान्तिक नमुना प्रभुत्वमा रहेको थियो । यस मोडलका मुख्य व्यख्याकारहरुमा मेलिनोस्की दुर्खिम ,रेडक्लिफ ब्राउन, आर के मार्टन र टाल्कोट पार्सन्सलाई महत्वपूर्ण मान्न सकिन्छ । समाजशास्त्र र मानवशास्त्रमा यस सिद्धान्त वा मोडेल एउटा महत्वपूर्ण अवधारणाका रुपमा प्रतिस्थापित भइरहेको छ ।

यस मोडेलले समाजलाई एउटा संरचना अर्थात् व्यवस्थित संरचना मान्दछ । प्रत्येक संरचनाभित्र रहेको वा रहने विभिन्न एकाइहरुबीच अन्तरसम्बन्ध रहन्छ भन्ने मान्यता राखेर अनेकौं सामाजिक विषयहरुमा अध्ययन गरिन्छ । यसमा समाज एउटा शरीर जस्तै संरचना हो भन्ने मान्यता विकास गरी जसरी शरीरका अंगहरुमा अन्तरनिर्भरता रहन्छ त्यस्तै गरी सामाजिक व्यवस्थाभित्र रहने विभिन्न संस्थाहरु आर्थिक, सामाजिक, राजनैतिक, धार्मिक संगठन, मूल्य मान्यता, परम्परा जस्ता पक्षहरु सामाजिक व्यवस्था सञ्चालन प्रक्रियामा महत्वपूर्ण एकाइहरु हुन् । यी एकाइहरुबीच घनिष्ट सम्बन्ध छ । जसबाट समग्र सामाजिक व्यवस्था सञचालन भएको छ भन्ने ठानिन्छ । यही प्रकृतिको सम्बन्धलाई बुझ्न यस अध्ययनमा संरचनागत प्रकार्यात्मक नमूनालाई विश्लेषण गर्ने सम्बन्धमा विभिन्न विद्धानहरुले आफ्नो मत अगाडि सारेका छन् ।

हर्बट स्पेनसरले समाजलाई शरीर रचनासँग तुलना गरी जसरी शरीरका अंगहरुबीच विभिन्न एकाइहरु र तिनीहरुको एकीकरणात्मक भूमिका र प्रकार्यले मात्र सामाजिक व्यवस्था अस्तित्वमा रहन सक्छ भन्ने मत राखेका छन् ।

यसैगरी मेलिनोस्की (Malinowski) ले संस्कृतिलाई समाजको यस्तो प्रकार्यमा निकै ठूलो भूमिका हुने सन्दर्भमा प्रस्तुत गरेका छन् । उनले सामाजिक व्यवस्थामा व्यक्तिका भूमिका र क्रियाकलापहरुलाई जोड दिँदै समाजमा व्यक्तिले गर्ने जैविकीय तथा सामाजिक कार्यमा व्यक्तिको आवश्यकता परिपूर्ति प्राथमिक हुन्छ भन्ने तर्क राखेकाले नै उनलाई व्यक्तिवादी प्रकार्यवादी भनिएको छ ।

यसैगरी दुर्खिम (Durkheim)ले सामाजिक व्यवस्थालाईत्यसभित्र रहेका विभिन्न एकाइहरुको एकीकृत रूपमा मान्दछन् । उनले सामाजिक व्यवस्था वा यसले अङ्गीकार गरेको व्यवहार तथा मान्यताले व्यक्तिमा प्रभाव पार्छ भन्ने तर्क राखेका छन् ।

अर्का विद्वान् रेडक्लिफ ब्रोन (Redcliff Brown) ले समाजलाई बुझ्न समाजको स्वरुप वा यसको गठन प्रक्रिया र यसभित्र रहेका एकाइहरुको अन्योन्याश्रित सम्बन्धलाई खोज्न सक्नुपर्दछ भन्ने धारणा राखेका छन् । आर के मर्टन (R.K.Merton) ले प्रकार्यवादलाई पुनः व्याख्या गरी सुकार्य मात्र होइन अकार्यको रुपमा पनि व्याख्या गर्नुपर्दछ । यसका साथै समाजमा प्रत्यक्ष र अप्रत्यक्ष वा लुप्त कार्यहरु पनि हुन्छन् । तिनको स्वरुपलाई बुझ्नुपर्ने धारणा राखेका छन् ।

संरचनागत प्रकार्यवादी मोडेलका मान्यताहरुमा आधारित भई शोधपत्र तयार पारिएको छ । समाजमा रहेका विभिन्न व्यवस्थाहरु सञ्चालित हुन प्रकार्यात्मक एकताले भूमिका खेलेको हुन्छ । जसले सिङ्गो सामाजिक व्यावस्थालाई चलायमान बनाउँछ । यस सैद्धान्तिक मोडेलले समाजलाई विभिन्न सामाजिक एकाइहरुको एकीकृत रूप ठान्दछन् । जे जति सामाजिक एकाइ सामाजिक व्यवस्थामा रहेका छन् तिनमा सामाजिक व्यवस्था सञ्चालनका लागि प्रकार्यात्मक एकता रहेको हुन्छ । समाजमा रहेका विभिन्न एकाइहरु सामाजिक उद्देश्य प्राप्तिका लागि प्रकार्यरत हुँदायसले एकाइहरुबीच एकता कायम गराउँछ ।

प्रकार्यात्मक सर्वव्यापकताको मान्यताअनुसार समाजमा सामाजिक एकाइहरुको सक्रियता र तिनीहरुले गर्ने प्रकार्यलाई सार्वभौम सामाजिक प्रक्रियाको रुपमा लिन्छ । समाज वा समाजिक व्यवस्था त्यसमा संलग्न एकाइहरुको समूह सञ्चालित छ । जहाँ सामाजिक व्यावस्था छ त्यहाँ प्रकार्य रहन्छ प्रत्येक एकाइले सामाजिक व्यवस्थामा रहेर सकारात्मक भूमिका निर्वाह गरेको हुन्छ । सामाजिक व्यवस्थामा रहेका एकाइहरु र तिनीहरुको निर्वाह गर्ने भूमिकालाई हटाएर वा समाजको कुनै अंगलाई वेवास्ता गरेर समाजको राम्रो विश्लेषण हुन सकदैन । यो सिद्धान्तले समाज स्वचालित व्यवस्था हो भन्ने मान्यता राख्दछ । सामाजिक लक्ष्य प्राप्तिका लागी सामाजिक भूमिकाहरु क्रियाशील र स्पष्ट बन्दछन् ।सामाजिक एकाइहरु बीचसामाजिक एकता र अन्तरनिर्भरता रहन्छ ।

अगष्ट कोम्टेले सामाजिक, साँस्कृतिक परिवर्तनमा उद्‌विकासवादी अवधारणाको विश्लेषण गर्दै सामाजिक परिवर्तनको स्वरुप , त्यसप्रतिको मान्यता र सामाजिक यथार्थतालाई तीन भागमा विभाजन

गरेका छन् । जसअनुसार : (क) थियोलोजिकल स्टेज जुन बेला आध्यात्मिकता तथा काल्पनिकताप्रति सामाजिक विश्वास थियो । प्रत्यक्षवादको शून्यता रहेको थियो । यस अवस्थामाअलौकिक शक्तिमा विश्वास गरिन्थ्यो । (ख) मेटाफिजिकल स्टेज, यस अवस्थामा अघिल्लो भन्दा परिवर्तित स्वरुप पाइन्छ । आध्यात्मिकताप्रतिको विश्लेषण साँघुरो बन्दै गएको र वैज्ञानिकताप्रतिको विश्वासले स्थान लिँदै गएको पाइन्छ । (ग)पोजिटिभ स्टेज, जहाँ समाजको आर्थिक एवं सामाजिक विकासको स्थिति तुलनात्मक रुपमा धेरै नै परिवर्तित हुन्छ । जहाँ घटना प्रकृति अवस्थालाई वैज्ञानिक विश्लेषणको आधारमा मूल्याङ्कन गरिन्छ । यसै मान्यतालाई अगाडि बढाउँदै ई.टेलर १९८८ ले समाज जंगली अवस्था, बर्बर अवस्था र सभ्य अवस्थामा परिणत हुँदै अगाडि बढ्दा, धर्म संस्कृति, परमपरा आदिमा परिवर्तन आउँछ भनेका छन् । एफ. टोनिजले सामाजिक परिवर्तनका सम्बन्धमा जेमन्सचेफ् (सरल, ग्रामीण प्रकृति, कृषि उत्पादनप्रणाली ) र जेसल्चेफ (जटिल, औद्योगिक विकास र आधुनिक ) को अवधारणा विकास गरेका छन् । कार्लमाक्सले सामाजिक अन्तर्विरोधका कारण सामाजिक व्यावस्था र सिँगो व्यवस्थाका प्रत्येक एकाइहरु एउटा ढाँचाबाट रुपान्तरित हुदै दास, कृषि पूँजीवादी र अन्यमा समाजवादी एवं साम्यवादी सामाजिक स्वरुपमा पुग्दछ भनेका छन् । स्टेवार्ड १९५८ ले बहुरेखीय साँस्कृतिक उद्विकासमा जोड दिंदै प्रत्येक समाज र संस्कृतिको विकासका सम्बन्धमा भौगोलिक र वातावरणीय पक्षलाई जोड दिएका छन् ।(बरुवाल,२०६६)

सामाजिक परिचालन अभ्यासद्धारा समुदायमा परेको सामाजिक, आर्थिक, साँस्कृतिक तथा राजनीतिक प्रभाव विश्लेषण गर्नका लागि प्रकार्यात्मक संरचनात्मक सिद्धान्त धेरै हदसम्म नजिक छ त्यसका साथै उद्विकासवादी अवधारणाको समेत यस अध्ययन प्रतिवेदनमा प्रभाव परेको छ ।

सामाजिक परिचालनका आधारलाई तल उल्लेख गरिएको छ

**(क) सैद्धान्तिक आधार**

यो आधार सयौं बर्षदेखि नै विभिन्न देशहरुमा विकास कार्य वा गरिवी निवारणका लागि विभिन्न रुपमा प्रचलनमा ल्याइएको छ । सङ्गठनको विकास, पूँजीको विकास, सीपको विकास, सामाजिक विकास, सामाजिक परिचालनको सैद्धान्तिक आधारका मूल तत्वका रुपमा लिइन्छ । अर्थात् संगठन, बचत, सीप यी तत्वहरुलाई समाज परिचालनका मूल मन्त्र पनि भनिन्छ । पारदर्शिता,जिम्मेवारीपन, सर्वसम्मत निर्णय प्रक्रिया यसको पोषक तत्वहरु  हुन् । यीपोषक तत्वहरु विना सामाजिक परिचालन जीवित र

गतिशील हुन सक्दैन ।सामाजिक परिचालन कार्यक्रमले आर्थिक कारोवार,व्यक्ति र समाजको संगठन बचत र सीपको क्षेत्रमा सशक्तिकरण गरेको तर सामाजिक तथा राजनैतिक क्षेत्रमा कम जोड दिएको हुनाले रुपान्तरणीय सामाजिक परिचालन गर्न स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम को नामले वि.सं. २०६५ बाट विदेशी दातृ निकाय र नेपाल सरकार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयलको सहयोगमा एउटै बास्केट फन्डबाट रकम खर्च गर्ने गरी सुरुवात भएको थियो ।

“सामाजिक परिचालन भन्नाले आम नागरिकहरुलाई समूहमा संगठित गरी आर्थिक सामाजिक तथा सांस्कृतिक सशक्तिकरणका माध्यमबाट उनीहरुको व्यक्तिगत, पारिवारिक तथा सामाजिक जीवनमा सकारात्मक परिवर्तन ल्याउने प्रक्रियालाई जनाउँदछ । सामाजिक परिचालनले समूहका सदस्यहरु बीच आपसी सहयोग, सद्भाव,विश्वास,समन्वय र सहकार्य वृद्धि गरी सामाजिक पूँजी निर्माण गर्न सहयोग पुऱ्याउँदछ ।”(सामाजिक परिचालन कार्यविधि २०७१)

सामाजिक परिचालन रणनीति : सामाजिक, आर्थिक रुपमा पछि परेका नागरिक तथा समुदायहरुलाई स्थानीयस्तरका निर्णय प्रक्रियाहरुमा सक्रिय रुपमा सहभागी गराई सार्वजनिक स्रोत, साधन, सेवा र अवसरहरुमा समतामूलक पहुँच स्थापित गरी नागरिकहरुको जीवनस्तरमा सुधार ल्याउन निम्न रणनीतिहरु अनुशरण गरिनेछ :

१.नागरिक सचेतना केन्द्र गठन गर्दा सहकारी तथा गरीवी निवारण मन्त्रालय मार्फत पहिचान भएका विपन्न परिवारहरुलाई संलग्न गराइने छ । नागरिक सचेतना केन्द्रलाई गाउँ विकास समितिका हरेक वडा तथा नगरपालिकाका विपन्न वस्तीहरुमा क्रमशः विस्तार गर्दै लगिनेछ । नागरिक सचेतना केन्द्रलाई सरकारी, गैरसरकारी तथा निजी क्षेत्रसँग समन्वय र आवद्धता गराउदै लगिने छ ।

२.वडा नागरिक मञ्चलाई नागरिक अनुगमन, गुणस्तर नियन्त्रण तथा सहजीकरण मञ्चको रुपमा विकास गरिनेछ ।

३.स्थानीयस्तरमा नेपाल सरकारका सबै विकास गतिविधिहरु सञ्चालन गर्दा वडा नागरिक मञ्च प्रवेश विन्दुको रुपमा रहने छन् ।

४.लक्षित वर्ग तर्फका कार्यक्रमहरु नागरिक सचेतना केन्द्रका सदस्यहरु समेतको जीविकोपार्जन सुधारमा केन्द्रित गरिनेछ ।

५.नागरिक सचेतना केन्द्रले परिपक्वता हासिल गरे पश्चात् यी केन्दहरूलाई सहकारीमा रुपान्तरण हुन प्रोत्साहित गरिनेछ ।

६. स्थानीय निकायसँग आवद्ध भई अन्य निकाय वा संस्थावाट गठन गरिएका नागरिक सचेतना केन्द्र वा अन्य यस्तै संस्थाहरुलाई सामाजिक परिचालनसम्बन्धी कार्यक्रमको मूलभूत मान्यतामा असर नपर्ने गरी नागरिक सचेतना केन्द्रको मान्यता दिई कार्यक्रम सञ्चालन गरिनेछ स्था.वि.म.,२०७१, सामाजिक परिचालन कार्यविधि ।

सामाजिक परिचालन गरीबहरुको पूँजी, ज्ञान र संस्थाहरुको सशक्तिकरणमा आधारित छ भनीप्रसाद, २००३,लेजोड दिएका छन् ।मेर्सी क्रप्स कम्युनिटी मोबिलाइजेसन सेक्टर अप्रोच २००९,मासामुदायिक परिचालन समुदायलाई सामुदायिक प्राथमिकता,स्रोत,आवश्यकता र समाधानको पहिचानको माध्यमबाट पतिनिधिमूलक सहभागितामा सुधार, शुशासन,उत्तरदायित्व र शान्तिपूर्ण परिवर्तनमा संलग्न गराउने प्रक्रिया हो भनी परिभाषित गरिएको छ ।

यसरी सामाजिक परिचालन सामाजिक विकासको एक मेरुदण्डको रुपमा लिन सकिन्छ । समाजमा बचत गर्ने बानीको विकास, सीप विकास, नेतृत्व विकास, महिला सशक्तिकरण, सचेतीकरण, संगठन विकास, आर्थिक स्रोतहरुको खोजी तथा परिचालन, सामाजिक मेलमिलाप, हिंसा उन्मुलन, गरिबी न्यूनीकरण,आत्मनिर्भरताको विकास, निरक्षरता उन्मुलन, तथा जनमुखी, पारदर्शी, जवाफदेही सेवाप्रवाह तथा विकास कार्यमा अर्थपूर्ण जनसहभागीता वृद्धि गर्न समेत सामाजिक परिचालनले महत्वपूर्ण भूमिका खेल्ने कुरामा  विज्ञहरुको एकमत रहेको पाइन्छ ।

# अध्याय तीन

# अध्ययन विधि

### ३.१ अध्ययन क्षेत्र छनौट औचित्यता

मनोरम प्राकृतिक छटाले भरिपूर्णआँधीखोला गाउँपालिकाको उत्तरमा प्रसिद्ध पर्यटकीय स्थल पञ्चधाम पञ्चासे, तथा पर्वतको कुश्मा नगरपालिका, दक्षिणमा पुतलीबजार नगरपालिका, पूर्वमा फेदीखोला गाउँपालिका र पश्चिममा  अर्जुनचौपारी गाउँपालिकाको बीच भागमा अवस्थित आँधीखोलाको उद्गमस्थल फरक फरक भौगोलिक विविधता र जातीय आर्थिक र साँस्कृतिक विविधता रहेको यो ठाउँको जनजीविकाको अध्ययन गर्नु अत्यन्तै रोचक रहेको छ । यो क्षेत्रमा सामाजिक परिचालनको अभ्यास तथा सामाजिक विकासमा पारेको प्रभाव अध्ययन गर्न यसै सेरोफेरामा रही उपयुक्त अध्ययन विधि अवलम्बन गरिएकोछ। अध्ययन क्षेत्र छान्नुका कारणहरु

क) अनुसन्धानकर्ताको रुचि एवंम् जानकारीको क्षेत्र भएकोले ।

ख) सामाजिक परिचालनबाट समाज विकासक्रममा रहेकोले ।

ग) सामाजिक परिचालन अभ्यास, प्रक्रियार सामाजिक विकासमा पारेको प्रभाव अध्ययन गर्ने हेतु भएकोले ।

### ३.२ अनुसन्धान ढाँचा

यस अध्ययनको मुख्य लक्ष्य सामाजिक परिचालन परिचालनमा भएका अभ्यासहरु र तिनीहरुले सामाजिक विकासमा ल्याएको परिवर्तन तथा भविष्यमा यसको विकासको औचित्य समेतका कुराहरुमा जोड दिनु रहेको छ । स्थानीय जनसमुदायमा सक्रिय क्रियाशील सहभागिताको पहुँच जीवनस्तर सुधार,गरीबी निवारण, सामाजिक सचेतीकरण,सामाजिक एवं राजनैतिक विकास लगाएतका पक्षमा अध्ययन गरिएको छ । वर्णनात्मक विधिले उक्त कार्यक्रमको सूक्ष्म विश्लेषण गरी समुदायमा रहेको प्रभावलाई हेरिएको छ । अनुसन्धानात्मक विधिले स्थानीय जनसमुदायका पहुँच एवम् धारणा

बुझ्नसहयोग गर्नेछ । स्थलगत निरीक्षण गरी उक्त क्षेत्रको विगत एवम् वर्तमानको गतिविधि बुझ्ने प्रयास गरिएको छ ।

### ३.३ तथ्याङ्क संकलनका स्रोत एवं प्रकृति

स्तरीय शोध कार्यका लागि तथ्याङ्कको आवश्यकता पर्दछ यथार्थता प्रष्टाउनको लागी सोध सही तयार हुन आवश्यक हुन्छ ।

#### ३.३.१ प्राथमिक स्रोत

आँधीखोला गाउँपालिकामा रहेका ६ वटा नागरिक सचेतना केन्द्रहरुमा पुगी छनौट गरिएका व्यक्तिहरुबाट अन्तर्वार्ता, छलफल,अवलोकन तथा नमूना छनौट तालिका प्रयोग गरी तथ्याङ्क संकलन गरिएको छ ।

#### ३.३.२ द्वितीय स्रोत

सामाजिक परिचालन सम्बन्धमा प्रकाशित प्रतिवेदन, पत्रपत्रिका, सरकारी नीति नियम,कार्यविधि,लेख रचना, अभिलेख तथा सम्बन्धित क्षेत्र र कार्यक्रमसँग सम्बन्धित संस्था, कार्यालय र सरोकारवाला व्यक्तिहरुबाट सूचना तथा तथ्याङ्क लिइएको छ ।

### ३.४ समग्रता एवं नमूना छनौट

नागरिक सचेतना केन्द्रमा विपन्न तथा दलित महिलाहरुलाई प्राथमिकता दिई गठन गरिएको पाइएको छ ।अनुसन्धानकर्ताले प्राथमिक अवलोकनअनुसार सामाजिक परिचालन अभ्यास र सामाजिक विकासमा केन्द्रित रही आँधीखोला गाउँपालिका छ वटा नागरिक सचेतना केन्द्रमा रहेका विपन्न व्यक्तिहरु तथा दलित महिला गरी जम्मा १६५ जना व्यक्तिहरुबाटसामान्य सम्भावनात्मक नमूना छनौट विधिअन्तर्गत पर्ने सरल दैविक नमूना छनौट विधिभित्र पनि गोलाप्रथा विधिको प्रयोग गरी प्रत्येक नागरिक सचेतना केन्द्रबाट ११ जनाका दरले छनौट गरी जम्मा ६६ जना व्यक्तिहरुलाई आधार मानिएको छ ।

**३.५ तथ्याङ्क संकलन विधि र प्रविधिहरु :**

प्रस्तावित अध्ययनको पूर्णताका लागी आवश्यक तथ्याङ्क सङ्कलनका लागी निम्नानुसारको उपयुक्त आवश्यक औजारको रूपमा प्रयोग गरी मुख्य सूचनादाताबाट तथ्याङ्क सङ्कलनलाई प्राथमिकता दिइएको छ ।

**३.५.१ प्रश्नावली**

आँधिखोला गाउँपालिकाभित्र रहेका छ वटा नागरिक सचेतना केन्द्रबाट सामान्य सम्भावनात्मक नमूना छनौट विधि प्रयोग गरी प्रत्येक नागरिक सचेतना केन्द्रबाट गोलाप्रथाद्वारा ११ जनाका दरले छनौट गरी जम्मा ६६ जना व्यक्तिहरुबाट अनुसन्धानकर्ताले प्रश्नावलीमार्फत आफूलाई आवश्यक जानकारीहरु लिइएको छ ।

**३.५.२ अवलोकन**

विश्वसनीयतामा आँच आउनसक्ने भएको हुँदा कतिपय अवस्थामा अनुसन्धानकर्ताले त्यस्ता पक्षहरुको सामना गर्नुपर्ने हुँदा प्रत्यक्षअवलोकनमा सहभागीभई यो अध्ययन गरिएको छ ।

**३.५.३ प्रमुख जानकार व्यक्तिसँग अन्तर्वाता**

सामाजिक परिचालनसँग सम्बन्धित व्यक्ति तथा संघ संस्था तथा सरोकारवाला व्यक्तिहरुबाट गुणात्मक तथ्याङ्क संकलन गर्न स्रोतकर्ताको रुपमा प्रश्न प्रयोगकर्तामाझ राखी अन्तर्वार्ता लिइएको छ ।

**३.६ तथ्याङ्कको विश्वसनीयता एवं प्रमाणिकता**

अनुसन्धानकर्ता सम्बन्धित क्षेत्रमा नै बसी आफै तथ्याङ्क संकलन गर्ने एवं विभिन्न वौद्धिक सम्बन्धित व्यक्तिहरुसँग सल्लाह,सुझाव लिएर काम गरिएको हुँदा विश्वसनीयता छ भने आफ्नो उद्देश्य अनुरूप तथ्याङ्क संकलन एवं विभिन्न स्रोतबाट प्राप्त तथ्याङ्कहरुसँग तुलना गरी तथ्याङ्क गलत हुन दिइएको छैन ।

**३.७ तथ्याङ्क विश्लेषण एवं प्रस्तुतीकरण :** शोधकार्यमा प्रस्तुत गनुपर्ने तथ्याङ्कलाई दुई किसिमले प्रस्तुत गरिएको छ । अधिकांश वर्णनात्मक रहेका छन भने आवश्यकता अनुरुप क्रमबद्ध गरी टेबल,ग्राफ,स्तम्भ वा पाइचार्टको प्रयोग गरिएको छ । गुणात्मक तथ्यलाई सकभर प्राथमिकता दिइएको छ ।

# परिच्छेद चार

# तथ्याङ्क विश्लेषण र प्रस्तुतीकरण

## ४.१पृष्ठभूमि

तथ्याङ्क सङ्कलन कार्य कुनै पनि अध्ययन अनुसन्धानको लागि महत्त्वपूर्ण मानिन्छ । यसको अभावमा अध्ययन अनुसन्धान पूर्ण हुन सक्दैन तथापि तथ्याङ्क सङ्कलन आफैंमा साध्य भने होइन । किनभने तथ्याङ्कबाट प्राप्त गर्न खोजिएको निष्कर्ष तथ्याङ्क मात्रले दिन सक्दैन । यसको लागी विश्लेषणको आवश्यकता पर्दछ । अनुसन्धान क्षेत्रकार्यबाट प्राप्त गुणात्मक तथा सङ्ख्यात्मक तथ्याङ्कलाई प्रशोधन गरी व्याख्यात्मक रूपमा केही तथ्याङ्कशास्त्रीय औजारहरूको प्रयोग गरी विश्लेषण गरिएको छ, साथसाथै गुणात्मक तथा सङ्ख्यात्मक रूपमा आएका तथ्याङ्कहरूलाई प्रस्तुत गर्दा वर्गीकरण, साङ्केतीकरण, तालिकीकरण, रेखाचित्र तथा चार्टद्वारा तथ्याङ्क प्रस्तुत गरिएको छ । तथ्याङ्कको वस्तुगतता कायम राख्न प्रयास गरिएको छ र विभिन्न स्रोतबाट प्राप्त तथ्याङ्क भुलहरूलाई हटाउँन प्रयत्न गरिएको छ । त्यसैगरी अनुसन्धानको क्रममा सङ्कलित तथ्याङ्कहरूलाई रोचक, बुझ्न योग्य बनाउन तथा अनुसन्धानको सत्यतथ्यलाई स्पष्ट राख्नको लागी तथ्याङ्क प्रस्तुतीकरणमा समाजशास्त्रीय तथा मानवशास्त्रीय ज्ञानलाई प्रयोग गर्न यथासम्भव प्रयास र जोड दिइएको छ ।

## ४.२ लिङ्गअनुसार उत्तरदाताको विवरण

मानिसको शारीरिक रुपमा छुट्टिनेलिङ्गलाई जैविक लिङ्ग भनिन्छ । महिला र पुरुषलाई समाजले निर्धारण गरेको भूमिका अर्थात् फरक फरक जिम्मेवारीहरु दिएको हुन्छ  तिनै जिम्वेवारीहरु पूरा गर्न महिला र पुरुषबीचमा हुने फरक फरक व्यवहार तथा जिम्मेवारीहरुलाई सामाजिक लिङ्गको रुपमा लिन सकिन्छ ।अनुसन्धानका क्रममा आँधीखोला गाउँपालिकाका छ वटा वडामा रहेका नागरिक सचेतना केन्द्रबाट प्रत्येकबाट ११ जनाको दरले छनौट गरिएका ६६ जना व्यक्तिहरुमध्ये पुरुष ७ जना रहेका छन् भने महिला ५९ जना रहेका छन् । नागरिक सचेतना केन्द्रमा महिलालाई प्राथमिकता दिएको पाइयो जुन कुरा पुरुषको भन्दा महिलाको संख्या बढी भएको तथ्याङ्कले प्रमाणित गर्छ । जसलाई निम्न तालिकाद्धारा देखाइएको छ ।

तालिका नं :१लिङ्गअनुसार उत्तरदाता

| लिङ्ग | संख्या | जम्मा प्रतिशत |
|---|---|---|
| महिला | ५९ जना | ८९ प्रतिशत |
| पुरुष | ७ जना | ११ प्रतिशत |
| जम्मा | ६६ जना | १०० प्रतिशत |

स्रोत : स्थलगत सर्वेक्षण २०७४

तालिका तथा वृत्तचित्रमा प्रस्तुत तथ्याङ्कले सामाजिक परिचालन कार्यक्रमबाट महिला सहभागितालाई प्राथमिकता दिएको पाइन्छ । माथिको तथ्यअनुसार सामाजिक रुपमा पछाडी परेका महिला तथा पुरुष दुवैको अर्थपूर्ण सहभागितालाई प्राथमिकताका साथ अगाडी बढाउनुपर्ने आवश्यकता देखिन्छ ।

## ४.३उमेरअनुसार उत्तरदाताको विवरण

सर्वेक्षणको क्रममा प्राप्त उत्तरदाताको उमेरसमूहलाई तालिकाको माध्यमबाट प्रस्तुत गर्न सकिन्छ

तालिका नं. २उमेरअनुसार उत्तरदाताको विवरण

| क्र. सं | उमेर समूह | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|
| १ | २०-२९ | ११ | १ | १२ |
| २ | ३०-३९ | १६ | १ | १७ |
| ३ | ४०-४९ | १९ | ० | १९ |
| ४ | ५०-५९ | ९ | ० | ९ |
| ५ | ६०-६९ | ४ | ३ | ७ |
| ६ | ७० माथी | १ | १ | २ |
| जम्मा | | ५९ जना | ७ जना | ६६ जना |

स्रोत : स्थलगत सर्वेक्षण २०७४

तालिकामा प्रस्तुत तथ्याङ्कमा सबैभन्दा बढी उत्तरदाता ४० देखि ४९ वर्ष उमेरसमूहका (१९ जना ) रहेका छन् । त्यसपछि ३० देखि ३९ वर्ष उमेरसमूहका १७ जना, २० देखि २९ वर्ष उमेरसमूहका १२

जना, ५० देखि ५९ वर्ष उमेरसमूहका ९ जना, ६० देखि ६९ वर्ष उमेरसमूहका ७ जना र ७० वर्ष माथि २ जना रहेका छन् ।

### ४.४पेशाअनुसार उत्तरदाताको विवरण

नेपाल एक कृषि प्रधान देश भएकाले पनि गाउँघरमा धेरैजसो व्यक्तिहरू कृषि पेशामा संलग्न रहेको पाइन्छ । जीवन निर्वाह गर्न कृषि पेशालाई नै मूख्य रुपमा अँगालेको पाइन्छ । ९२ प्रतिशत व्यक्तिहरुले कृषिलाई नै मुख्य पेशाको रुपमा अँगालेको तथ्याङ्कबाट देखिन्छ । त्यस्तै व्यापार गर्ने ३ प्रतिशत छन् भने अन्य(जागिर, ज्यालादारी,सिलाई) ५ प्रतिशत रहेका छन् ।

तालिका नं. ३पेशाअनुसार उत्तरदाताको विवरण

| क.सं. | पेशा | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|
| १ | कृषि | ५६ | ५ | ६१ |
| २ | व्यापार | २ | ० | २ |
| ३ | जगिर | १ | ० | १ |
| ४ | ज्यालादारी | ० | १ | १ |
| ५ | सिलाई | ० | १ | १ |
| जम्मा | | ५९ | ७ | ६६ |

स्रोत : स्थलगत सर्वेक्षण २०७४

सर्वेक्षणबाट प्राप्त विवरणअनुसार सबैभन्दा वढी ६१ जना व्यक्तिहरु कृषि पेशामा आबद्ध रहेको देखिन्छ । त्यसैगरी व्यापार दुई जना, जागिर एक जना,ज्यालादारी एक जना र सिलाइ पेशामा एक जना रहेको पाइयो । निर्वाहमुखी कृषि पेशा गरेको पाइयो ।कृषि पेशालाई व्यावसायिकतातर्फ धकेल्नुपर्ने आवश्यकता देखिन्छ । ९१ प्रतिशत कृषि पेशामा लागेको भए पनि व्यावसायिकता देखिएन निर्वाहमुखी कृषिले झन् गरीवीलाई बढाउन सक्ने देखिन्छ । यसमा सबैको ध्यान पुग्नुपर्ने आवश्यकता टड्कारो देखिन्छ ।

### ४.५ जातिअनुसार उत्तरदाताको विवरण

नेपाली समाजमा परम्परादेखि प्रचलित जाति व्यवस्थालाई नै मुख्य रूपमा विविधता र असमानता ल्याउँने तत्त्व मानिन्छ । जात हिन्दू धर्म दर्शनको वर्ण व्यवस्थामा आधारित समाजमा स्तर देखाउने व्यवस्था हो । जात धेरै अगाडिको अवधारणा हो । जुन हाल अधिकांश रूपमा कानुनी रूपले समाप्त भयो भन्ने लेखिए पनि व्यवहारमा यसको प्रभाव अझै देखिन्छ । जाति व्यवस्थाका आधारमा समाजका व्यक्तिहरूलाई सामाजिक सम्वन्ध, खानपान, विवाह, आदि व्यवस्थामा विविधता र असमानता ल्याइएको हुन्छ । त्यसैले जात एक विशिष्ट धार्मिक मान्यतामा आधारित श्रेणीबद्ध स्तरीकृत संरचनाको रूपमा रहेको छ । परम्परागत शास्त्रीय साहित्यहरूमा जातिय श्रेणीलाई इश्वरीय रचना मान्ने गरिन्छ । जस्तै आदिपुरुष परम्परमात्मा (भगवान्) का मुखवाट ब्राम्हण, हातवाट क्षत्री, जाँघ वा तिघ्राबाट वैश्य र पाउबाट शूद्रको जन्म भएको मानिन्छ । धार्मिक आधारमा पनि जाति व्यवस्थाले समाजमा तहगत वर्गीकरण अर्थात् स्तरीकरण गरेको छ । धार्मिक पुस्तकहरूमा जाति व्यवस्थालाई पनि ब्राह्मण, क्षत्री, वैश्य रशूद्रचार वर्णमा विभाजन गरेको पाइन्छ ।आँधीखोला गाउँपालिकाका ६ वटा नागरिक सचेतना केन्द्रमा विपन्न तथा दलित महिलाहरु धेरै जनालाई संलग्न गराएकोले यस अध्ययनमा दलित महिलालाई बढि प्रथमिकता दिइएको छ ।  अध्ययनका लागि छनौट भएका ६६ जना व्यक्तिहरुको जातिगत विवरण निम्न तालिकाको माध्यमबाट वर्णन गरिएको छ ।

तालिका नं. ४जातिअनुसार उत्तरदाताको विवरण

| क.सं. | जात | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|
| १ | ब्राह्मण | ८ | ० | ८ |
| २ | क्षेत्री | ९ | १ | १० |
| ३ | दलित | ४२ | ६ | ४८ |
| जम्मा | | ६० | ६ | ६६ |

स्रोत : स्थलगत सर्वेक्षण २०७४

आँधीखोला गाउँपालिकाका ६ वटा वडा भित्र रहेका ६ वटा नागरिक सचेतना केन्द्रमा रहेका ६६ जना व्यक्तिहरुमा गरिएको सर्वेक्षणमा बाह्मण१२ प्रतिशत अर्थात् ८ जना, क्षेत्री  १५ प्रतिशत अर्थात् १०जना,

र दलित ७३ प्रतिशत अर्थात् ४८  जना रहेका छन् । माथिको विवरणलाई हेर्दा  नागरिक सचेतना केन्द्रमा दलित महिलालाई प्राथमिकतामा राखेको पाइयो ।

### ४.६उत्तरदाताको शैक्षिक विवरण

शिक्षालाई एक ज्ञानको ज्योतिको रूपमा लिने गरिन्छ । अध्ययन क्षेत्रमा शिक्षाको दृष्टिमा भने साक्षरता दर कमै देखिन्छ अध्ययन क्षेत्रमा शिक्षाको दृष्टिमा  अझैपनि  पूर्ण रुपमा साक्षर हुन सकेको देखिदैन । विद्यालय वीचैमा छाडेको देखिन्छ । उच्च शिक्षा हाँसिल गर्ने व्यक्तिहरु भेटिएन । १५ प्रतिशत व्यक्तिहरु अझैपनि निरक्षर रहेको देखियो । नागरिकहरुको शैक्षिक स्तर न्यून रहेको पाइयो । अध्ययनका लागि छनौट भएका ६६ जना व्यक्तिहरुको शैक्षिक विवरण निम्नानुसार प्रस्तुत गरिएको छ ।

तालिका नं.५उत्तरदाताको शैक्षिक विवरण

| क.सं. | शैक्षिक विवरण | महिला | पुरुष | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | साधारण लेखपढ | ३७ | ५ | ४२ | ६४ |
| २ | प्राथमिक तह | ८ | ० | ८ | १२ |
| ३ | माध्यमिक तह | ५ | १ | ६ | ९ |
| ४ | निरक्षर | ९ | १ | १० | १५ |
| जम्मा | | ६० | ७ | ६६ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७४

माथिको तथ्याङ्कलाई हेर्दा साधारण लेखपढ गर्न सक्ने ३७ महिला र ५ पुरुष गरी ४२ जना रहेका छन् । त्यसैगरी प्रथमिक तहसम्म मात्र ८ जना, माध्यमिक तहसम्मको अध्ययन गरेका ५ जना रहेका छन् भने १० जना व्यक्तिहरु निरक्षर रहेको पाइयो । अझै पनि निरक्षरता भने हटेको देखिएन । यसमा सम्बन्धित निकायको नजर चाँडै पुग्नपर्ने देखिन्छ

## ४.७ अनुसन्धानात्मक प्रश्नहरुबाट प्राप्त उत्तरहरुको विवरण

### ४.७.१ सामाजिक परिचालन कार्यक्रम बारे जानकारी

सामाजिक परिचालन कार्यक्रम कार्यान्वयन भएपश्चात् नागरिकहरुको पहुँचमा यो कार्यक्रम पुग्न सकेको छ कि छैन भन्ने सम्बन्धमा अध्ययनका क्रममा सहभागिहरुलाई सोधिएको प्रश्न सामाजिक परिचालनबाट सञ्चालित कार्यक्रम बारे भएको जानकारी सम्वन्धमा विष्लेषण गर्दा २३ प्रतिशत अर्थात १५ जनाले धेरै जानकारी भएको वताए भने ७६ प्रतिशत सहभागि अर्थात् ५० जनाले केही जानकारी भएको वताएपनि १ जनालाई जानकारी नै नभएको पाइयो । तथ्यांकको विष्लेषणबाट हेर्दा कार्यक्षेत्रमा अझै ब्यापकरुपमा सामाजिक परिचालन कार्य अगाडि बढाउनु पर्ने देखिन्छ । माथिको तथ्यांकलाई तलको तालिका नं. मा विष्तृत साथै पाईचार्टको माध्यमबाट समेत देखाउँने प्रयास गरिएको छ ।

तालिका नं.:६सामाजिक परिचालन कार्यक्रम बारे जानकारी

| सामाजिक परिचालन कार्यक्रम बारे जानकारी | | |
|---|---|---|
| अभिमत | उत्तरदाता संख्या | प्रतिशत |
| धेरै | १५ जना | २३ |
| ठिकै | ५० जना | ७६ |
| थाहा छैन | १ जना | १ |


स्रोत : स्थलगत सर्वेक्षण २०७४

माथिको तालिकामा सामाजिक परिचालन कार्यक्रमबारे धेरै जानकारी भएका व्यक्तिहरु ७६ प्रतिशत रहेका छन ठिकै जानकारी भएका २३ प्रतिशत र कत्ति पनि जानकारी नभएका व्यक्तिहरु १प्रतिशत रहेका छन् । सामाजिक परिचालन कार्यक्रम अझै व्यापक रुपमा सवैलाई यसको आभास हुनेगरी चलाउनुपर्ने देखिन्छ ।

### ४.७.२ नागरिकको समूहमा आबद्धता

नेपाली समाजमा प्रचलित उखान एकले थुकी सुकी सयले थुकी नदी भन्ने कुराले नै जनाउँछ व्यक्तिहरु एक्लैले भन्दा समूहमा मिलेर काम गर्दा आफ्ना साझा आवश्यकताहरु परिपूर्ति गर्न सकिन्छ । यसै सम्बन्धमा आँधीखोला गाउँपालिकामा सामाजिक परिचालन कार्यक्रमले कसरी नागरिकहरुलाईसमूहमा आबद्ध गरेको थियो भन्ने सम्बन्धमा गरिएको सर्वेक्षणको नतिजा निम्नबमोजिम प्रस्तुत गरिएको छ ।

चित्र नं ३ नागरिकहरुको  समुहमा आबद्धता




स्रोत : स्थलगत सर्वेक्षण २०७४

माथिको वृत्तचित्रबाट सामाजिक परिचालन कार्यक्रमले  नागरिकहरुलाई वडा नागरिक मञ्च गठन गरी भन्नेमा ३ प्रतिशत,  नागरिक सचेतना केन्द्र स्थापना गरी भन्नेमा २१ प्रतिशत र दुबै प्रक्रियाबाट भन्नेमा ७६ प्रतिशत जनमत प्राप्त भएकको छ  अभिमतबाट वडा नागरिक मञ्च गठन र नागरिक सचेतना केन्द्र स्थापना दुबै प्रक्रियामार्फत  नागरिकलाई समूहमा आबद्ध गरेको पाइयो । सामाजिक परिचालनबाट नागरिकहरुलाई समूहमा आबद्ध गरी उनीहरुलाई चेतना र सशक्तिकरणको माध्यमबाट समूहमा आबद्ध गराई सामाजिक सचेतीकरण , गरिबी न्यूनीकरण, सामाजिक जागरूकता तथा सामाजिक विकासतर्फ अझै व्यापक रुपमा कार्यक्रम अगाडि बढाउन आवश्यक देखिन्छ ।

### ४.७.३ सामाजिक परिचालन कार्यक्रमले समेटेको समूदाय

सामाजिक परिचालन भन्नाले आम नागरिकहरुलाई समूहमा संगठित गरी आर्थिक, सामाजिक तथा साँस्कृतिक सशक्तिकरणका माध्यमवाट उनीहरुको व्यक्तिगत, पारिवारिक तथा सामाजिक जीवनमा सकारात्मक परिवर्तन ल्याउने प्रक्रियालाई जनाउँछ । अध्ययनका क्रममा सहभागीहरुलाई सोधिएको प्रश्न सामाजिक परिचालन कार्यक्रमले सबै समुदायलाई समेट्न सकेको छ भन्नेमा  सम्वन्धमा विष्लेषण गर्दा ८० प्रतिशत अर्थात्५३ जनाले सबैलाई समेटेको वताए भने १७ प्रतिशत सहभागी अर्थात ११ जनाले वडा नागरिक मञ्च र नागरिक सचेतना केन्द्रलाई मात्रै समेटेको वताएपनि ३ प्रतिशत अर्थात् २  जनाले केही व्यक्तिलाई मात्र समेटेको बताए । तथ्यांकको विष्लेषणबाट हेर्दा कार्यक्षेत्रमा अझै ब्यापकरुपमा सामाजिक परिचालन कार्य अगाडि बढाउनु पर्ने देखिन्छ । माथिको तथ्यांकलाई तलको तालिकाको माध्यमबाट समेत देखाउने प्रयास गरिएको छ ।

तालिका नं: ७सामाजिक परिचालन कार्यक्रमले समेटेको समुदाय

| सामाजिक परिचालन कार्यक्रमले समेटेको समुदाय | | |
|---|---|---|
| अभिमत | उत्तरदाता संख्या | प्रतिशत |
| सबैलाई समेटेको छ | ५३ जना | ८० |
| ५३ जना वनाम र नासके लाई मात्र समेटेको छ | ११ जना | १७ |
| केही व्यक्तिलाई मात्र समेटेको छ | २ जना | ३ |
| जम्मा | ६६ जना | १०० प्रतिशत |

स्रोत : स्थलगत सर्वेक्षण २०७४


माथिको तालिका एवं् रेखाचित्रबाट के कुरा प्रष्ट देखिन्छ भने सामाजिक परिचालन कार्यक्रमले समुदायका सवै व्यक्तिहरुलाई समेट्न नससकेको देखिन्छ । निश्चित व्यक्तिहरुमा मात्रै रहेको देख्न सकिन्छ । यस कार्यक्रमलाई थप शशक्त रुपमा सम्पूर्ण नागरिकलाई समेट्नेगरी दिगो सामाजिक सम्बृद्धितर्फ अगाडी बढाउनुपर्ने देखिन्छ ।

### **४.७.४ सामाजिक परिचालन कार्यक्रमले समावेशी सहभागिता बढाउन सहयोग**

स्थानीय निकायमा सामाजिक परिचालनको माध्यमबाट विपन्न तथा विकासको मूल प्रवाहवाट पछाडि परेका नागरिकहरुलाई उनीहरुको काम, कर्तव्य, तथा हक, अधिकारका वारेमा चेतनशील गराई मुलुकको विद्यमान सम्पूर्ण आर्थिक सामाजिक संरचनालाई विकासको मूलधारमा ल्याउँन र नागरिकको आवाज एवम् मागलाई सम्वोधन गर्दै सेवा प्रवाहलाई समावेशी, उत्तरदायी एवम् जवाफदेही बनाउन सरकारी, गैर सरकारी, निजी तथा समुदायमा आधारित निकायहरू समेतको सहकार्यमा स्थानीयस्तरबाट नै गरिबी न्यूनीकरण र दीगो विकासको अवधारणालाई संस्थागत गर्दै सम्मृद्ध नेपाल निर्माण गर्ने कार्यमा सहयोग पुर्‍याउन स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २३६ को उपदफा ( २) ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारबाट " सामाजिक परिचालन कार्यविधि, २०७१ " जारी गरी लागू गरिएको छ ।आँधीखोला गाउँपालिकामा सामाजिक परिचालन अभ्यास र यसको प्रभाव अध्ययनका क्रममा सहभागीहरुलाई सोधिएको प्रश्न सामाजिक परिचालन कार्यक्रमबाट समावेशी सहभागिता बढाउन सहयोगपुगेको छ  भन्ने  सम्बन्धमा विष्लेषण गर्दा ७१ प्रतिशत अर्थात ४७ जनाले धेरै सहयोग

पुगेको वताए भने २९ प्रतिशत सहभागी अर्थात् १९ जनाले ठिकै सहयाग पुगेको बताए । तथ्यांकको विष्लेषणबाट हेर्दा कार्यक्षेत्रमा अझै व्यापकरुपमा सामाजिक परिचालन कार्य अगाडि बढाउनु पर्ने देखिन्छ । माथिको तथ्यांकलाई तलको पाइचार्टको माध्यमबाट समेत देखाउने प्रयास गरिएको छ ।

चित्र नं. ४ सामाजिक परिचालन कार्यक्रमले समावेशी सहभागिता बढाउन सहयोग




स्रोत : स्थलगत सर्वेक्षण २०७४

माथिको वृत्तचित्रमा समावेशी सहभागिता वृद्धि  गराउन सामाजिक परिचालन कार्यक्रम अग्रसर रहेको देखिन्छ । तरपनि आशातीत उपलब्धी भने हाँसिल गर्न सकेको देखिदैन । त्यसकारण यो कार्यक्रमलाई अझै व्यापक रुपमा सञ्चालन गर्दै लैजानुपर्ने देखिन्छ ।


## ४.७.५ नागरिक सचेतना केन्द्रको बैठक

नागरिक सचेतना केन्द्रको बैठक हप्तामा एक पटक बस्ने व्यावस्था गरिएको छ । सामाजिक तथा आर्थिक रुपले पछि परेका विपन्न परिवारहरुलाई सशक्तिकरण गर्ने उद्देश्यले विभिन्न सहभागितामूलक विधिहरुको प्रयोग गरी गाउँ विकास समिति भित्रका पनि अति विपन्न वडामा पर्ने वस्तीहरुमा नागरिक सचेतना केन्द्र गठन गरिनेछ । नागरिक सचेतना केन्द्रका सहभागीहरुलाई रुपान्तरणीय सामाजिक परिचालनका विधिहरुको प्रयोग गरी सामाजिक रुपमा सशक्तिकरण गर्ने प्रकृयासंगै उनीहरुको आर्थिक अवस्थामा सुधार ल्याउन जीविकोपार्जन सुधार कार्यक्रम संचालनका लागी सामाजिक परिचालन कार्यक्रमका अतिरिक्त अन्य विभिन्न संघ संस्थाहरुसँग समन्वय र सहकार्य गरिनेछ।(सामाजिक परिचालन कार्यविधि, २०७१)अध्ययनको क्रममानागरिक सचेतना केन्द्रको बैठक प्रत्येक हप्तामा एकपटक बस्ने गरेको सत प्रतिशत सहभागीले बताए ।

### ४.७.६ सामाजिक परिचालन कार्यक्रमबाट विपन्न व्यक्तिहरुलाई सहयोग

सामाजिक परिचालन कार्यविधि २०७१ मा जीविकोपार्जन सुधार कार्यक्रममार्फत अति विपन्न र गरीब सदस्यका मागहरु सम्बोधन गर्न सहयोग गर्ने उद्देश्य राखिएको छ । सामाजिक परिचालन कार्यक्रमबाट विपन्न व्यक्तिहरुलाई सहयोग सम्बन्धमा अन्तर्वार्ताबाट प्राप्त विवरणलाई वृत्तचित्रबाट देखाइएको छ ।

चित्र नं.५ सामाजिक परिचालन कार्यक्रमबाट विपन्न व्यक्तिहरुलाई सहयोग




स्रोत : स्थलगत सर्वेक्षण २०७४

माथिको वृत्तचित्रमा प्रस्तुत नतिजामा सामाजिक परिचालनले विपन्न व्यक्तिहरुलाई धैरै सहयोग पुगेको छ भन्नेमा ५९ प्रतिशत अर्थात् ३९ जना सहभागीहरुले बताए । भने ३९ प्रतिशत अर्थात् २६ जना सहभागीहरुलाई ठिकै सहयोग पुगेको बताए भने २ प्रतिशत व्यक्तिले खासै सहयोग नपुगेको बताए । प्राप्त नतिजा विश्लेषण गर्दा सामाजिक परिचालन कार्यक्रमबाट विपन्न वर्गहरुलाई केही सहयोग मिलेको देखिएपनि सहयोगको क्षेत्र साँघुरो भएको पाइयो सहयोगको क्षेत्र थप फराकिलो र गुणस्तरीय रुपमा विपन्न वर्गहरुमाझ गुणात्मक रुपमा लैजानुपर्ने देखिन्छ ।


### ४.७.७सामाजिक परिचालनबाट लाभ

सामाजिक परिचालन कार्यविधि २०७१ मा सामाजिक परिचालनको माध्यमबाट विभिन्न सहभागीतामूलक विधिहरुको प्रयोग गरी गाउँ विकास समिति भित्र सबैभन्दा बढी विपन्न परिवारहरुको घनत्व रहेको वडा तथा वस्ती पहिचान गरी नागरिक सचेतना केन्द्र स्थापना गर्ने नीतिलाई निरन्तरता दिइनेछ । यसरी स्थापना भएका नागरिक सचेतना केन्द्रमा विभिन्न समसामयिक विषयमा छलफल गर्ने, गरिबीका अन्तर्निहित कारणहरुको पहिचान र विश्लेषण गर्ने, सार्वजनिक सेवाहरुमा विपन्न तथा लक्षित वर्गहरुको पहुंच वढाउने जस्ता कार्यहरुका साथै नागरिक सचेतना केन्द्रका

सदस्यहरुको आर्थिक सशक्तिकरणका लागि आय आर्जनका कार्यक्रमहरु, व्यवसाय विकास, उत्पादनमूलक आर्थिक पूर्वाधारहरुको निर्माण जस्ता पक्षहरुमा सहयोग पुऱ्याउन नागरिक सचेतना केन्द्रस्तरदेखि जीविकोपार्जन सुधार कार्यक्रम लागू गरी कार्यान्वयन गरिनेछ भनिएको छ ।

अध्ययनका क्रममा सहभागीहरुलाई सोधिएको प्रश्न सामाजिक परिचालन कार्यक्रमबाट के लाभ पाउनुभयो भन्ने सम्वन्धमा विष्लेषण गर्दा आयआर्जनका क्रियाकलापम वृद्धि, स्रोत साधनको परिचालन र चेतना अभिवृद्धि भयो भन्नेहरुमा ६२ प्रतिशत अर्थात् ४१ जना, आयआर्जनका क्रियाकलापमा वृद्धि भन्नेमा ७ प्रतिशत सहभागी अर्थात ५ जना र ३१ प्रतिशत अर्थात् २० जनाले चेतना अभिवृद्धि गरेको बताए । तथ्यांकको विष्लेषणबाट हेर्दा कार्यक्षेत्रमा अझै ब्यापकरुपमा सामाजिक परिचालन कार्य अगाडि बढाउन पर्ने देखिन्छ । माथिको तथ्यांकलाई तलको स्तम्भरेखाचित्रको माध्यमबाट समेत देखाउने प्रयास गरिएको छ ।

चित्र नं.६ सामाजिक परिचालनबाट लाभ




स्रोत : स्थलगत सर्वेक्षण २०७४

माथिको तथ्याङ्कलाई हेर्दा सामाजिक परिचालन कार्यक्रमले नागरिकहरुलाई आयआर्जनका क्रियाकलापहरुमा सहयोग, चेतना अभिवृद्धि, सीप विकास जस्ता कुराहरुमा सहयोग गरेको पाइयो । ६२ प्रतिशत व्यक्तिहरुलाई राम्रै सहयोग पुगेको देखियो भने ३८ प्रतिशत व्यक्तिहरुलाई ठिकै सहयोग मिलेको पाइयो । सामाजिक परिचालन कार्यक्रमले सबैलाई समान हक अधिकार एवं पहुँचमा वृद्धि गराउन धेरै प्रयास गर्नुपर्ने देखिन्छ ।

### ४.७.८ योजना तर्जुमा प्रक्रियामा समावेशी सहभागिता

महिलाहरुको हक अधिकारको सुनिश्चिततासम्बन्धी व्यवस्था संविधानको धारा ३८ मा गरिएको छ । जसमा राज्यका सबै निकायहरुमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुने व्यावस्था रहेको छ । अनुसन्धानका क्रममा योजना तर्जुमा प्रक्रियामा समावेशी सहभागिता छ भनि सोधिएको प्रश्नमा सत् प्रतिशत व्यक्तिहरुले योजना तर्जुमा प्रक्रियामा समावेशी सहभागिता भएको बताए । यसबाट सामाजिक परिचालन कार्यक्रमले समावेशी सहभागिताको वृद्धि गराउन महत्वपूर्ण भूमिका निर्वाह गरेको पुष्टि हुन्छ ।

### ४.७.९वडा नागरिक मञ्चमा महिला सदस्य

स्थानीय स्तरबाटै महिलाको सहभागिता सुनिश्चितता गर्न वडा नागरिक मञ्चमा कम्तिमा ३३ महिला सदस्य हुनुपर्ने व्यवस्था सामाजिक परिचालन कार्यविधि २०७१ ले गरेको छ । प्रतिशत वडा नागरिक मञ्चमा महिला सदस्य कति प्रतिशत हुनुपर्दछ भनी सोधिएको प्रश्नमा सत प्रतिशत व्यक्तिहरुले कम्तिमा ३३ प्रतिशत हुनुपर्ने बताए । यसबाट सामाजिक परिचालन कार्यक्रमले महिला सहभागिताको वृद्धि गराउन महत्वपूर्ण भूमिका निर्वाह गरेको पुष्टि हुन्छ ।

### ४.७.१० योजना प्राथमिकिकरण

स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ ले बस्तीदेखि वडासम्म योजना प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था गरेको छ । सामाजिक परिचालन कार्यक्रमले बस्ती -बस्तीमा पुगी योजना प्राथमिकीकरणमा सहयोग गरेको पाइन्छ । सामाजिक परिचालन कार्यक्रम आएपश्चात् योजनाछनौटमा वडा नागरिक मञ्चबाट प्राथमिकिकरण भएको योजना पर्ने गरेको सत् प्रतिशत सहभागिहरुको अभिमत रहेको छ । यस कार्यलाई निरन्तर रुपमा अगाडि बढाउनुपर्ने देखिन्छ ।

### ४.७.११ सामाजिक विकृति हटाउन सहयोग


समाजमा नकारात्मक प्रभाव पार्ने विविध क्रियाकलापहरुलाई सामाजिक विकृति भनिन्छ । दाइजोप्रथा, छाउपडी प्रथा, बालविवाह, यौनअपराध, जाँडरक्सी दुर्व्यसनी, चोरीडकैती, लुटपाट, कलह, कुसंस्कार जस्ता कुराहरुलाई सामाजिक विकृतिको रुपमा लिइन्छ । यसै सम्बन्धमा अध्ययनको क्रममा सामाजिक

परिचालन कार्यक्रमबाट सामाजिक विकृति हटाउन सहयोग मिलेको छ भन्ने प्रश्नमा सत्प्रतिशत उत्तरदाताले आफ्नो अभिमत व्यक्त गरेका छन् । सामाजिक परिचालन कार्यक्रमले सामाजिक विकृति न्यूनीकरण गर्न धेरै सहयोग गरेको पाइयो । यस कार्यक्रमलाई अझै विस्तृत रुपमा परिमार्जित गर्दै लैजानुपर्ने देखिन्छ ।

### ४.७.१२सामाजिक चेतना वृद्धि गर्न सामाजिक परिचालनको भूमिका

आँधखोला गाउँपालिकामा सामाजिक परिचालन अभ्यास र यसको प्रभाव अध्ययनकाका क्रममा सहभागीहरुलाई सोधिएको प्रश्न सामाजिक चेतना वृद्धि गर्न सामाजिक परिचालनको भूमिका कस्तो छ भन्ने  सम्वन्धमा विष्लेषण गर्दा अति धेरै भन्नेहरुमा ७१ प्रतिशत अर्थात् ४७ जना,धेरै भन्नेमा १८ प्रतिशत सहभागी अर्थात् १२ जना, ठिकै भन्नेमा ९प्रतिशत अर्थात् ६ जना र २ प्रतिशत अर्थात् १ जनाले थोरै सहयोग गरेको बताए । तथ्यांकको विष्लेषणबाट हेर्दा कार्यक्षेत्रमा अझै ब्यापकरुपमा सामाजिक परिचालन कार्य अगाडि बढाउनु पर्ने देखिन्छ । माथिको तथ्यांकलाई तलको तालिका नं. मा विष्तृत साथै वृत्तचित्रको माध्यमबाट समेत देखाउँने प्रयास गरिएको छ ।

चित्र नं.१४सामाजिक चेतना वृद्धि गर्न सामाजिक परिचालनको भुमिका




स्रोतः स्थलगत सर्वेक्षण २०७४

माथिको तालिका एवं वृत्तचित्रबाट सामाजिक परिचालन कार्यक्रमले सामाजिक चेतना वृद्धि गराउन महत्वपूर्ण भूमिका निर्वाह गरेको  कुरा छर्लगं भएको  छ ।

### ४.७.१३सामाजिक परिचालन र सामाजिक मेलमिलाप

सामाजिक परिचालन कार्यविधि २०७१ मा  आपसी सद्भाव, मेलमिलाप र सहयोगबाट सामाजिक पुँजी निर्माण गरी सामाजिक सहिष्णुता बढाउने सामाजिक परिचालनले उद्देश्य राखेको पाइन्छ । यसै कुरालाई दृष्टिगत गर्दै आँधीखोला गाउँपालिकामा सामाजिक परिचालन अभ्यास र यसको प्रभाव अध्ययनका क्रममा सहभागीहरुलाई सोधिएको प्रश्न सामाजिक परिचालनले सामाजिक मेलमिलाप बढाएको छ ?भन्ने  सम्वन्धमा विष्लेषण गर्दा बढाएको छ भन्नेहरुमा ९७ प्रतिशत अर्थात् ६४ जना र बढाएको छैन भन्नेमा ३ प्रतिशत सहभागी अर्थात् २ जनाले बताए । तथ्यांकको विष्लेषणबाट हेर्दा कार्यक्षेत्रमा अझै ब्यापकरुपमा सामाजिक परिचालन कार्य अगाडि बढाउन पर्ने देखिन्छ । माथिको तथ्यांकलाई तलको तालिका नं. मा विष्तृत साथै वृत्तचित्रको माध्यमबाट समेत देखाउने प्रयास गरिएको छ ।

चित्र नं.८सामजिक परिचालन र सामाजिक मेलमिलाप




सोत : स्थलगत सर्वेक्षण २०७४


माथिको तालिका तथा वृत्तचित्रमा सामाजिक परिचालन कार्यक्रमले समाजिक मेलमिलाप बढाउन ठूलो सहयोग गरेको देखिन्छ । समाजमा हुने झगडा, कुसंस्कारहरुलाई हटाई सबै नागरिकहरुमा सामाजिक मेलमिलापको भावना वृद्धि गर्न सहयोग गरेको पाइयो । यस्ता क्रियाकलापहरुलाई अझ सक्रियताका साथ अगाडि बढाउँनुपर्ने देखिन्छ ।

### ४.७.१४स्थानीय सेवाप्रवाहमा सन्तुष्टिको अवस्था

स्थानीय सेवाप्रवाहलाई जनमुखी, जवाफदेही, पारदर्शी बनाउन नेपाल सरकारले विभिन्न ऐन नियम तथा कार्यविधिहरु तर्जुमा गरेको पाइन्छ । नागरिक बडापत्र, गुनासो व्यवस्थापन, सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण,नागरिक बहिर्गमन पत्र, नागरिक प्रतिवेदन पत्र, सूचना पाटी जस्ता

कुराहरुसम्बन्धीनीतिगत रुपमा व्यवस्था गरी नागरिकहरुलाई सेवाप्रवाहमा अधिकतम सन्तुष्टि दिने प्रयास गरेको पाइन्छ । यसै सम्बन्धमा आँधीखोला गाउँपालिकामा सामाजिक परिचालन अभ्यास र यसको प्रभाव अध्ययनका क्रममा सहभागीहरुलाई सोधिएको प्रश्न स्थानीय सेवाप्रवाहमा तपाईँ सन्तुष्टि हुनुहुन्छ ?भन्ने  सम्वन्धमा विष्लेषण गर्दा सन्तुष्ट छु भन्नेहरुमा ९५ प्रतिशत अर्थात् ६३ जना र सन्तुष्ट छैन भन्नेमा ५ प्रतिशत सहभागी अर्थात् ३ जनाले बताए । तथ्यांकको विष्लेषणबाट हेर्दा कार्यक्षेत्रमा अझै व्यापकरुपमा सामाजिक परिचालन कार्य अगाडि बढाउन पर्ने देखिन्छ । स्थानीय सेवाप्रवाह भने समग्रमा पारदर्शी नै रहेको पाइयो । माथिको तथ्यांकलाई तलको तालिका नं. मा विष्तृत साथै वृत्तचित्रको माध्यमबाट समेत देखाउने प्रयास गरिएको छ।

चित्र नं.९स्थानीय सेवाप्रवाहमा सन्तुष्टिको अवस्था




स्रोत : स्थलगत सर्वेक्षण २०७४


माथिको तालिका एवं वृत्तचित्रबाट स्थानीय सेवप्रदायकको सेवामा सुधार गर्न सामाजिक परिचालनले सहयोग गरेको पाइयो । सेवाप्रवाहमा नागरिकको सन्तुष्टि बढ्दै गएको कुराले यसलाई पुष्टि गर्छ । यस कार्यक्रमलाई अझ सुदृढ बनाई स्थानीय सेवाप्रवाहलाई थप प्रभावकारी बनाउन सहयोग गर्नुपर्ने देखिन्छ

## ४.७. १५नागरिकले आफ्नो जिम्मेवारी र कर्तव्य पालनाको अवस्था

नेपालको संविधान २०७२ को भाग ३ को धारा ४८ मा नागरिकका कर्तव्यहरूसम्बन्धी स्पष्ट रुपमा व्यवस्था गरिएको छ । जसमा नागरिकहरु राष्ट्रप्रति बफादार हुँदै नेपालको राष्ट्रियता, सार्वभौमसत्ता र अखण्डताको रक्षा गर्नु, संविधान र कानुनको पालना गर्नु, राज्यले चाहेका बखत अनिवार्य सेवा गर्नु, सार्वजनिक सम्पत्तिको सुरक्षा र संरक्षण गर्नु नागरिकको कर्तव्य हुनेछ भनिएको छ । आँधीखोला गाउँपालिकामा सामाजिक परिचालन अभ्यास र यसको प्रभाव अध्ययनका क्रममा सहभागीहरुलाई

सोधिएको प्रश्न सामाजिक परिचालन कार्यक्रम आएपश्चात् नागरिकले आफ्नो जिम्मेवारी र कर्तव्य पालना कति हदसम्म गरेका छन् ?भन्ने  सम्वन्धमा विष्लेषण गर्दा धेरै पालना गरेका छन् भन्नेहरुमा ४५ प्रतिशत अर्थात ३० जना, ठिकै पालना गरेका छन भन्नेमा ४७ प्रतिशत सहभागी अर्थात् ३१ थोरै पालना गरेका छन् भन्नेमा ८ प्रतिशत अर्थात् ५जना रहेका छन् । तथ्यांकको विष्लेषणबाट हेर्दा कार्यक्षेत्रमा अझै ब्यापकरुपमा  नागरिक सचेतनामूलक कार्यक्रमहरु तथा सामाजिक परिचालन कार्य अगाडि बढाउनु पर्ने देखिन्छ । नागरिकहरुले आफ्नो जिम्मेवारी र कर्तव्यको पालना सन्तोषजनक रुपमा गर्न सकेको देखिँदैन । माथिको तथ्यांकलाई तलको तालिकामा विष्तृत साथै वृत्तचित्रको माध्यमबाट समेत देखाउने प्रयास गरिएको छ

चित्र नं.१०सामाजिक परिचालन कार्यक्रमआएपश्चात् नागरिक जिम्मेवारी र कर्तव्य पालनाको अवस्था




स्रोत : स्थलगत सर्वेक्षण २०७४

माथिको तालिका एवं वृत्तचित्रबाट नागरिकहरुमा आफ्नो जिम्मेवारी र कर्तव्यको बोध हुँदै गएको कुरा स्पष्ट देखिन्छ । तरपनि अझै नागरिकहरु  राज्यप्रतिको आफ्नो जिम्मेवारी र कर्तव्यको पालना पूर्ण रुपमा  गर्न सकेको देखिदैन यसबाट के देखिन्छ भने अझै यस कार्यक्रमलाई थप सशक्त बनाई गुणस्तरीय नतिजा प्राप्त गर्नेतर्फ केन्द्रित हुनुपर्ने देखियो ।

**४.७.१६सामाजिक परिचालन कार्यक्रमले विपन्न वर्गको विकासका लागि आर्थिक अवरोधहरु हटाउन सहयोग :** सामाजिक परिचालन कार्यक्रमबाट विभिन्न सीपमूलक कार्यक्रमहरु तथा विपन्न वर्गको लागि आयआर्जनका क्रियाकलापहरु सञ्चालन गरेको पाइन्छ । अध्ययनका क्रममा सहभागीहरुलाई सोधिएको प्रश्न सामाजिक परिचालन कार्यक्रमले विपन्न वर्गको विकासका लागि आर्थिक अवरोधहरु हटाउन सहयोग गरेका छ?भन्ने सम्वन्धमा विष्लेषण गर्दा धेरै सहयोग गरेको छ भन्नेहरुमा ५७ प्रतिशत अर्थात् ३८ जना र ठिकै सहयोग गरेको छ भन्नेमा ३२ प्रतिशत सहभागी अर्थात् २१ जना र  ११ प्रतिशत

अर्थात् ७ जना सहभागीहरुले थोरै सहयोग गरेको बताए । तथ्यांकको विष्लेषणबाट हेर्दा कार्यक्षेत्रमा अझै व्यापकरुपमा सामाजिक परिचालन कार्य अगाडि बढाउनु पर्ने देखिन्छ । आयआर्जनका क्रियाकलापहरुलाई बढाउन जोड दिनुपर्ने देखिन्छ ।माथिको तथ्यांकलाई तलको तालिकाको माध्यमबाट समेत देखाउँने प्रयास गरिएको छ।

तालिका नं.८ सामाजिक परिचालनबाट विपन्न वर्गको आर्थिक अवरोध हटाउन सहयोग

| सामाजिक परिचालन कार्यक्रमले विपन्न वर्गको विकासका लागि आर्थिक अवरोधहरु हटाउन सहयोग | | |
|---|---|---|
| अभिमत | उत्तरदाता संख्या | प्रतिशत |
| ठिकै | २१ जना | ३२ |
| धेरै | ३८ जना | ५७ |
| थोरै | ७ जना | ११ |
| जम्मा | ६६ जना | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७४


माथिको तालिका एवं वृत्तचित्रबाट सामाजिक परिचालन कार्यक्रमले विपन्न वर्गको आर्थिक अवरोधहरु हटाउँन प्रयास गरेको देखिन्छ तर  विपन्न वर्गहरुको आर्थिक अवरोधहरु  केही न्यूनीकरण गरेपनि हटाउन नसकेको पाइयो । यस कार्यक्रमलाई थप मजबुज बनाई कार्यान्यनमा ल्याउन आवश्यक देखिन्छ ।

### ४.७.१७सामाजिक परिचालन कार्यक्रमलेनेतृत्व विकासमा सहयोग

सामाजिक परिचालन कार्यविधि २०७१ मा नागरिक सचेतना केन्द्रका सहभागीहरुलाई साक्षरताद्वारा सशक्तिकरण ( ReFLECT) विधिहरुको प्रयोग गरी नागरिकका अधिकार, कर्तव्यवारे सुसूचित गराउँने, गरीवीका अर्न्तनीहित कारणहरुको खोजी र विश्लेषण गर्न सहयोग पुऱ्याउने, आफ्ना आवश्यकता तथा प्राथमिकताहरु वारे आवाज उठाउँन सक्ने, राज्य लगायत सेवा प्रवाहका लागि जिम्मेवार निकायहरुसँग आफ्ना मागहरु राख्न र उत्तरदायीपूर्ण व्यवहारको दावी गर्न, लैङ्गिक समविकास तथा वाल वालिकासँग सम्वन्धित विषयहरुमा छलफल गरी के उपायद्वारा यस्ता समस्या हटाउन सकिन्छ भन्ने जस्ता विषय र पक्ष बारेमा विश्लेषण गर्नसक्ने क्षमताको विकास गरी नागरिक सशक्तिकरणको प्रक्रियामा अगाडि

वढाइनेछ भनी व्यावस्था गरिएको छ ।अध्ययनका क्रममा सहभागीहरुलाई सोधिएको प्रश्न सामाजिक परिचालन कार्यक्रमले तपाईंको नेतृत्व विकासमा सहयोग गरेको छ ?भन्ने सम्वन्धमा विष्लेषण गर्दा धेरै सहयोग गरेको छ भन्नेहरुमा ५४ प्रतिशत अर्थात ३६ जना र ठिकै सहयोग गरेको छ भन्नेमा ४३ प्रतिशत सहभागी अर्थात् २८ जना र  ३ प्रतिशत अर्थात् २ जना सहभागीहरुले थोरै सहयोग गरेको बताए । सामाजिक परिचालन कार्यक्रमले पालैपालो नेतृत्व गर्न सिकाएको पाइयो । हरेक वर्ष वडा नागरिक मञ्चको एक चौथाइँ सदस्य परिवर्तन गरी नयाँ सदस्यलाई अवसर दिने परिपाटीले नेतृत्व विकासमा सहयोग गरेको देखियो । तथ्यांकको विष्लेषणबाट हेर्दा सामाजिक परिचालन कार्यक्रमले समग्रमा नेतृत्व विकासमा सहयोग गरेपनि  आशानुरुप सन्तुष्टि दिन नसकेको देखिन्छ । कार्यक्षेत्रमा अझै ब्यापकरुपमा सामाजिक परिचालन कार्य अगाडि बढाउँनु पर्ने देखिन्छ ।माथिको तथ्यांकलाई तलको वृत्तचित्रको माध्यमबाट समेत देखाउँने प्रयास गरिएको छ।

चित्र नं.११सामाजिक परिचालन कार्यक्रमले नेतृत्व विकासमा सहयोग




स्रोत : स्थलगत सर्वेक्षण २०७४

माथिको तथ्यलाई विश्लेषण गर्दा सामाजिक परिचालनले नेतृत्व विकासमा सहयोग गर्न उत्कृष्ट भूमिका निर्वाह गरेको पाइयो तर यस कार्यक्रमले आशानुरुप उपलब्धी हाँसिल गर्न अझै जोड तोडका साथ कार्यप्रक्रिया अगाडि बढाउनुपर्ने देखिन्छ ।

### ४.७.१८सामाजिक परिचालन कार्यक्रमले महिला सहभागिता वृद्धि गर्न  सहयोग

नेपालको जनगणना २०६८ अनुसार  महिला ५१.५ प्रतिशत रहेका छन भने पुरुष ४८.५ प्रतिशत रहेका छन् । पुरुषको तुलनामा महिलाको जनसंख्या बढी भएतापनि महिलाको प्रतिनिधित्व ३३ प्रतिशतमा सिमित राखेको पाइन्छ । महिलाहरुको सहभागिताको  अवस्था न्यून रहेको देखिन्छ । अध्ययनका क्रममा अधिकांश सहभागीहरुबाट महिला सहभागिता वृद्धि गर्न  सामाजिक परिचालन

कार्यक्रमले धेरै सहयोग पुऱ्याएको कुरा जानकारी भयो ।अध्ययनका क्रममा प्राप्त तथ्यांकलाई तलको तालिकाको माध्यमबाट देखाउन सकिन्छ ।

तालिका नं. ९सामाजिक परिचालन कार्यक्रमले महिला सहभागिता वृद्धि गर्न सहयोग

| सामाजिक परिचालन कार्यक्रमले महिला सहभागिता वृद्धि गर्न सहयोग | | |
|---|---|---|
| अभिमत | उत्तरदाता | प्रतिशत |
| धेरै सहयोग गरेको छ | ५९ | ८९ |
| ठिकै सहयोग गरेको छ | ७ | ११ |
| थोरै सहयोग गरेको छ | ० | ० |
| जम्मा | ६६ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७४

माथिकोतथ्याङ्कको विष्लेषण गर्दा धेरै सहयोग गरेको छ भन्नेहरुमा ८९ प्रतिशत अर्थात् ५९ जना र ठिकै सहयोग गरेको छ भन्नेमा ११ प्रतिशत सहभागी अर्थात् ७ जना रहेका छन् । तथ्यांकको विश्लेषणबाट हेर्दासामाजिक परिचालन कार्यक्रमले महिला सहभागिता वृद्धि गर्न महत्वपूर्ण भूमिका निर्वाह गरेको सहभागीहरुको अभिमतबाट जानकारी लिन सकिन्छ । अझै ब्यापकरुपमा सामाजिक परिचालन कार्य अगाडि बढाउनु पर्ने देखिन्छ । तालिकाबाट महिला सहभागिता वृद्धि गर्न सामाजिक परिचालनले धेरै भूमिका खेलेको कुरा जनसर्वेक्षणबाट देखिएपनि महिलाको सहभागिता वृद्धि गराउँन शिक्षा तथा चेतनामूलक कार्यक्रमलाई अझै बढाउँदै लैजानुपर्ने देखिन्छ ।

### ४.७.१९सामाजिक परिचालन कार्यक्रमले लोकतन्त्रको विकासमा सहयोग

लोकतन्त्र र प्रजातन्त्रलाई जानकारहरुले एउटै परिभाषामा आधारित मानेको पाइन्छ । प्रजातन्त्रलाई परिभाषित गर्दै अब्राहम लिंकनले “प्रजातन्त्र जनताले, जनताद्वारा,जनताको लागि गरिने शासन हो ।” भनेका छन् । यस अर्थमा जनताले निर्णय प्रक्रियामा सहभागि हुन पाउने अवस्था नै लोकतन्त्र हो ।अध्ययनका क्रममा सहभागीहरुलाई सोधिएको प्रश्नसामाजिक परिचालन कार्यक्रमले लोकतन्त्रको विकासमा कसरी सहयोग गरेको छ ?भन्ने सम्वन्धमा विष्लेषण गर्दा निर्णय प्रक्रियामा सहभागी गराएर भन्नेहरुमा ३०प्रतिशत अर्थात् २०जना, सामाजिक एकता वृद्धि गराएर भन्नेमा ३ प्रतिशत सहभागी

अर्थात् २ जना, जनचेतनामूलक कार्यक्रम गरेर भन्नेमा ४२ प्रतिशत अर्थात् २८ जना, सबै कार्यहरु गरेर भन्नेहरु २६ प्रतिशत अर्थात् १६ जना रहेका छन् । तथ्यांकको विश्लेषणबाट हेर्दा  सामाजिक परिचालन कार्यक्रमले महिला सहभागिता वृद्धि गर्न महत्वपूर्ण भूमिका निर्वाह गरेको सहभागीहरुको अभिमतबाट जानकारी लिन सकिन्छ । अझै ब्यापकरुपमा सामाजिक परिचालन कार्य अगाडि बढाउँनु पर्ने देखिन्छ ।माथिको तथ्यांकलाई तलको वृत्तचित्रको माध्यमबाट समेत देखाउँने प्रयास गरिएको छ

चित्र नं १२सामाजिक परिचालन कार्यक्रमले लोकतन्त्रको विकासमा  सहयोग




स्रोत स्थलगत सर्वेक्षण २०७४

माथिको वृत्तचित्रमा सामाजिक परिचालन कार्यक्रमले निर्णय प्रक्रियामा सहभागी गराएर, सामाजिक एकता वृद्धि गराएर तथा जनचेतनामूलक कार्यक्रम गरेर लोकतन्त्रको विकासमा सहयोग पुऱ्याएको पाइयो ।

**४.७. २० सामाजिक परिचालन कार्यक्रमले आम नागरिकलाई सहयोग**

सामाजिक परिचालन कार्यक्रम समाजलाई परिचालित गराउँने एक सशक्त माध्यम हो । यसले नागरिकहरुका हरेक पक्षहरुको विकासमा सहयोग गर्ने मान्यता राखेको पाइन्छ ।अध्ययनका क्रममा सहभागीहरुलाई सोधिएको प्रश्नसामाजिक परिचालन कार्यक्रमले आम नागरिकलाई कसरी सहयोग पुऱ्यायोभन्ने  सम्वन्धमा विष्लेषण गर्दा आफ्नो व्यवसाय गर्न सीप अभिवृद्धि गरेर भन्नेहरुमा ६ प्रतिशत अर्थात् ४ जना, सीपमूलक तालिम प्रदान गरेर भन्नेमा ४ प्रतिशत सहभागी अर्थात् ३ जना, समूहमा संगठित भई कार्य गर्न अभ्यस्त गरेर भन्नेमा २३ प्रतिशत अर्थात् १५ जना, सबै कार्यहरु गरेर भन्नेहरु ६७ प्रतिशत अर्थात् ४४ जना रहेका छन् । तथ्यांकको विश्लेषणबाट हेर्दा  सामाजिक परिचालन कार्यक्रमले आयआर्जन, सीप विकास जस्ता कार्यहरुमा  सबै नागरिकलाई समेट्न नसकेको पाइयो । यो

कार्यक्रमलाई थप शशक्त रुपमा नतिजा उन्मुख तवरले अझै ब्यापकरुपमा कार्य अगाडि बढाउँनु पर्ने देखिन्छ ।माथिको तथ्यांकलाई तलको तालिकामासमेत देखाउँने प्रयास गरिएको छ ।

तालिका नं.१०सामाजिक परिचालन कार्यक्रमबाट आम नागरिकलाई सहयोग


| सामाजिक परिचालन कार्यक्रमबाट आम नागरिकलाई सहयोग | | |
|---|---|---|
| अभिमत | उत्तरदाता संख्या | प्रतिशत |
| आफ्नो व्यावसाय गर्न सीप अभिवृद्धि गरेर | ४ जना | ६ |
| सीपमूलक तालिम प्रदान गरेर | ३ जना | ४ |
| समुहमा संगठित भई कार्य गर्न अभ्यस्त गराएर | १५ जना | २३ |
| माथिका सबै | ४४ जना | ६७ |
| जम्मा | ६६ | १०० |

स्रोत स्थलगत सर्वेक्षण २०७४

### ४.७.२१समूहमा ढुक्कसँग कुरा राख्न सक्ने अवस्था

सामाजिक परिचालन कार्यक्रमले आवाजविहीनका आवाजहरु बुलन्द पार्ने उद्देश्य राखेको पाइन्छ ।आँधीखोला गाउँपालिकामा सामाजिक परिचालन अभ्यास र यसको प्रभाव अध्ययनका क्रममा सहभागीहरुलाई सोधिएको प्रश्नतपाइँ आफ्ना कुरा समूहमा ढुक्कसँग राख्न सक्नुहुन्छ ?भन्ने सम्वन्धमा विष्लेषण गर्दा आफ्नो कुरा राख्न सक्छु भन्नेहरुमा ९८ प्रतिशत अर्थात् ६५ जना र सक्दिन भन्ने २ प्रतिशत अर्थात् १ जना रहेका छन् । तथ्यांकको विश्लेषणबाट हेर्दा सामाजिक परिचालन कार्यक्रमले आवाजविहीनका आवाजहरु बुलन्द पार्न महत्वपूर्ण भूमिका निर्वाह गरेको पाइयो । तर पनि सबै नागरिकलाई समेट्न भने नसकेको पाइयो । यो कार्यक्रमलाई थप सशक्त रुपमा नतिजा उन्मुख तवरले अझै ब्यापकरुपमा कार्य अगाडि बढाउनु पर्ने देखिन्छ ।माथिको तथ्यांकलाई तलको वृत्तचित्रको माध्यमबाट समेत देखाउँने प्रयास गरिएको छ।

चित्र नं १३समूहमा ढुक्कसँग कुरा राख्न सक्ने अवस्था




स्रोत : स्थलगत सर्वेक्षण २०७४


### ४.७.२२ सामाजिक परिचालन कार्यक्रमबाट नेतृत्व विकासमा सहयोग

समाजमा आफूलाई मनमा लागेका कुराहरु ढुक्कसँग राख्नसक्ने तथा समूहमा नेतृत्व गर्न सक्ने अवस्थालाई नै नेतृत्व विकासको रुपमा लिन सकिन्छ ।अनुसन्धानमा सामाजिक परिचालन कार्यक्रमबाट तपाइँको नेतृत्व विकासमा सहयोग पुगेको छ भन्ने प्रश्नमा ९३ प्रतिशत व्यक्तिले आफ्नो नेतृत्व विकासमा सहयोग पुगेको बताए भने ३ प्रतिशत व्यक्तिहरुले सहयोग नपुगेको बताए । यसबाट सामाजिक परिचालन कार्यक्रमले नागरिकको नेतृत्व विकासमा धेरै सहयोग पुगेको भए पनि सबैलाई समेट्न नसकेको कुरा छर्लङ्ग देखिन्छ । यस कार्यक्रमले सबै नागरिकहरुलाई नेतृत्व विकासमा रुपमा सहयोग पुऱ्याउन सामाजिक परिचालनलाई अझै व्यापक रुपमा अगाडि बढाउँन आवश्यक देखिन्छ ।

### ४.७.२३ जीविकोपार्जन सुधार कार्यक्रमले  आयआर्जनमा सहयोग

विपन्न वर्गका नागरिकहरुलाई आयआर्जनमा सघाउ पुऱ्याउने उद्देश्यले सामाजिक परिचालन कार्यक्रममार्फत नागरिक सचेतना केन्द्रहरुमा जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन गरेको पाइयो ।अध्ययनको  सम्वन्धमा विष्लेषण गर्दा  आयआर्जनमा सहयोग गरेको छ भन्नेहरुमा ८० प्रतिशत अर्थात् ५३ जना र सक्दिन भन्ने २० प्रतिशत अर्थात् १३ जना रहेका छन् । तथ्यांकको विश्लेषणबाट हेर्दा सामाजिक परिचालन कार्यक्रमले  नागरिकलाई आयआर्जनमा केही सहयोग गरेपनि नागरिकहरुलेत्यत्ति प्रभावकारी रुपमा आयआर्जन गर्न सकिरहेको पाइएन । आर्थिक सहयोगको मात्रा वृद्धि गर्दै यो कार्यक्रमलाई थपशशक्त रुपमा नतिजान्मुख तवरले अगाडि बढाउँनु पर्ने देखिन्छ ।यस तथ्यांकलाई तल वृत्तचित्रको माध्यमबाट समेत देखाउने प्रयास गरिएको छ

चित्र नं.१४ जीविकोपार्जन सुधार कार्यक्रमले आयआर्जनमा सहयोग





स्रोत : स्थलगत सर्वेक्षण २०७४

### ४.७.२४समुदायमा सञ्चालित योजनाको सार्वजनिक परीक्षण

सामाजिक परिचालन कार्यक्रमबाट योजनाको उपभोक्ता समिति गठन तथा योजना सञ्चालनका हरेक प्रक्रियाहरुमा सहजीकरण तथा सार्वजनिक परीक्षणमा सहजीकरण गर्दै आइरहेको पाइयोअध्ययनकासम्वन्धमा विष्लेषण गर्दा ९४ प्रतिशत व्यक्तिहरुले समुदायमा सञ्चालित योजनाहरुको सार्वजनिक परीक्षण भएको बताए । र भएको छैन भन्ने ६ प्रतिशत ले नभएको बताएका छन् । तथ्यांकको विश्लेषणबाट हेर्दा सामाजिक परिचालन कार्यक्रमले समुदायमा सञ्चालित योजनाहरुको सार्वजनिक परीक्षण गराउन सहयोग गरेको पाइयो । स्थानीय स्तरमा स्रोतहरुको परिचालनमा समेत सहजीकरण गरेको पाइयो । यस तथ्यांकलाई वृत्तचित्रको माध्यमबाट समेत देखाउने प्रयास गरिएको छ ।

चित्र नं २५ समुदायमा सञ्चालित योजनाको सार्वजनिक परीक्षण




स्रोत : स्थलगत सर्वेक्षण २०७४

माथिको तथ्याङ्कलाई विश्लेषण गर्दा समुदायमा पारदर्शिता जवाफदेहिताको वृद्धि हुदै गएको पाइयो तर पूर्ण रुपमा पालना भने हुन सकेको देखिएन यस्ता कार्यहरुलाई वृद्धि गर्न  सामाजिक परिचालनमार्फत अझै शशक्त रुपमा क्रियाशील हुनुपर्ने आवश्यकता टड्कारो देखिन्छ ।

### ४.७.२५ बोक्सी प्रथा

बोक्सी भन्ने प्रचलन एक सामाजिक कुसंस्कार हो समाजमा महिलाहरुलाई बोक्सीको आरोपमा दुर्व्यवहार गरेको कुरा अझै पनि सुन्न पाइन्छ बोक्सी भन्नेलाई कानुनले दण्डनीय कार्य ठानेको छ ।अनुसन्धानको क्रममातपाइँको ठाउँमा बोक्सी प्रथा छ भनी सोधिएको प्रश्नमा ९८ प्रतिशतले नभएको बताए भने २ प्रतिशतले भएको बताएका छन् । यसकुराबाट सामाजिक अन्धविश्वास धेरै हदसम्म हटेको भएतापनी यसले समाजमा अझै पनि जरो गाडेको पाउँन सकिन्छ ।

### ४.८मुख्य जानकार व्यक्तिहरुबाट लिइएको अन्तरर्वाको समीक्षा

आँधीखोला गाउँपालिकामा सामाजिक परिचालन अभ्यास र सामाजिक विकासमा यसको प्रभाव सम्बन्धमा गरिएको अध्ययनमा मुख्य जानकार व्यक्तिहरुसँग सामाजिक परिचालन सम्बन्धमा १० वटा कुराहरुमा गरिएको छलफलबाट प्राप्त विवरण यसप्रकार रहेको छ

### १. स्याङ्जामा सामाजिक परिचालन कार्यक्रमको सुरुवात

स्याङ्जामा सामाजिक परिचालन कहिलेबाट सुरु भयो भन्ने प्रश्नमा फरक परक मत पाइएको छ केही व्यक्तिहरुबाट २०५० सालदेखी भन्ने उत्तर प्राप्त भएको छ भने धेरै व्यक्तिहरुले २०५१ सालदेखी स्याङ्जामा औपचारिक रुपमा सामाजिक परिचालनको सुरुवात भएको बताएका छन् । आँधीखोला गाउँपालिकामा २०६७ फागुनदेखी एल.जि.सि.डि.पी.कार्यक्रम मार्फत भएको बताएका छन् ।

### २.सामाजिक परिचालन कार्यक्रमको मुख्य उद्देश्य

सामाजिक परिचालन कार्यक्रमको उद्देश्य नागरिक समाजलाई सबलीकरण गरेर जीविकोपार्जनमा सुधार गर्ने र सुशासन पवर्द्धन गर्ने, सामुदायिक सद्भाव कायम राख्ने, सबै जाति, लिङ्ग,सम्प्रदायकाबीचमा समान अवसरको वातावरण बनाई समाजमा रहेको गरीवी र हिंसाको अन्त्य गरी शोषणरहित सामाजिक न्यायको वातावरण निर्माण गर्नु ,संगठन, सचेतना र सशक्तिकरणको माध्यमबाट गरिवी न्यूनीकरण

गर्ने,राज्यले प्रदान गर्ने सेवासुविधा र सूचनामा नागरिक पहुँच स्थापना गर्ने,सामाजिक कुरीती हटाउँने तथा महिलाको नेतृत्व विकास गर्ने,गरिब तथा वञ्चितिमा परेका विपन्न वर्गका व्यक्तिहरुको जीवनस्तरमा सुधार गर्ने, सामाजिक रुपान्तरणीय प्रणाली अनुसार सकारात्मक परिवर्तन गर्ने,सामाजिक एकता वृद्धि गर्ने, हो भन्ने विचारहरु प्राप्त भएका  छन् ।

**३  सामाजिक परिचालन कार्यक्रम सञ्चालन प्रक्रिया**

सरकारी तथा गैरसरकारी संस्थाहरुको सहयोगमा निजी क्षेत्र, सहकारी क्षेत्र र व्यक्तिगत रुपमा परिचालन गर्ने गराउँने काम भएको छ । कारोबारीय सामाजिक परिचालन एवं सामाजिक रुपान्तरणीय परिचालनको लागि समुदायका सामाजिक भावना भएका व्यक्तिहरुबाट यसको निरन्तर अभ्यास गर्ने र गराउँने काम भइरहेको छ ।  केही जानकारहरुबाट प्राप्त जानकारी अनुसार जिविस तथा स्थानीय सेवाप्रदायक मार्फत  वडा नागरिक मञ्च र नागरिक सचेतना केन्द्र, एकीकृत योजना तर्जुमा समिति गठन गरी सञ्चालन भएको जानकारी प्राप्त भएको छ । भने केही जानकारहरुबाट सामाजिक सचेतनामूलक कार्यक्रमहरु गरी सञ्चालन भइरहेको छ  भन्ने जानकारी प्राप्त भएको छ

**४. सामाजिक परिचालन कार्यक्रम अन्तर्गत भएकाकार्यहरु**

- व्यक्तिगत भेटघाट र सचेतीकरण, अन्तरर्वार्ता,समूह गठन र परिचालन, व्यक्तिगत तथा समूह बचतसंबलन र परिचालन, उपभोक्ता समूह गठन र तिनीहरुको क्षमता अभिवृद्धि गर्ने ।
- सामुदायिक विकास एवं पूर्वाधार विकास
- विपन्नता स्तरीकरण
- रिप्लेक्ट कक्षा सञ्चालन
- एल्.आई.पी.  सञ्चालन
- योजना तर्जुमा प्रक्रियामा सहजीकरण
- सचेतीकरण कार्यक्रम
- साना पूर्वाधार विकास कार्यक्रम
- सामाजिक कुरीति हटाउने

- सामाजिक मेलमिलाप बढाउँने
- आयआर्जन कार्यक्रम, बाख्रापालन, तरकारी खेती गर्न सहयोग
- सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाइमा सहजीकरण
- सरसफाइ सचेतना कार्यक्रम

**५. सामाजिक परिचालन कार्यक्रमले समेटका व्यक्ति**

सामाजिक परिचालन कार्यक्रले धेरै व्यक्तिहरुलाई समेटेपनि सबै व्यक्तिहरुलाई भने समेट्न नसकेको जानकारहरूको भनाइ छ ।

**६.सामाजिक परिचालन कार्यक्रमबाट समुदायमा सन्तुष्टिको अवस्था**

अवसर प्राप्त व्यक्तिहरु सन्तुष्ट भएको र अवसर प्राप्त गर्न नसकेका व्यक्तिहरु असन्तुष्ट रहेका छन भन्ने विचार प्राप्त भयो ।

**७. सामाजिक परिचालनका उपलब्धीहरु**

- समूह तथा संस्थागत विकास
- स्रोतको पहिचान, परिचालन,व्यवस्थापन र उपयोग
- लक्षित वर्गको क्षमता अभिवृद्धि
- राज्यका स्रोतमाथि नागरिकको पहुँचमा वृद्धि
- पूर्वाधार विकासमा सहयोग
- चेतनास्तरमा वृद्धि
- योजना तर्जुमा प्रक्रियामा सहयोग
- नेतृत्व विकास

## ८. सामाजिक परिचालन कार्यक्रमले  सामाजिक पूँजी निर्माणमा सहयोग

नागरिकहरु संगठित हुने, संस्था समूह, व्यक्तिहरुमा बचत गर्ने, कोष स्थापना र परिचालन गर्ने, समूहमा मिलि धर्म संस्कृतिको संरक्षण गर्ने, स्थानीय ज्ञानसीपको जगेर्ना गर्ने, चेतना अभिवृद्धि गर्ने, सामाजिक एकता वृद्धि गराउँने कार्यबाट सामाजिक पूँजी निर्माणमा सहयोग गरेको जानकारहरुको तर्क रहेको छ ।

## ९.सामाजिक परिचालन कार्यक्रमले सुशासन वृद्धि गर्न सहयोग

नागरिकहरुले जिम्मेवार पक्षहरुको काम कर्तव्य र अधिकारको सीमाको बारेमा सुसूचित भए, पारदर्शिता, जवाफदेहिता, दुरदर्शिता र सहभागिताको बारेमा जानकारी पाए । राज्यले नागरिकलाई प्रदान गर्ने सेवासुविधा र नागरिकले राज्यप्रतिको बफादारिता बुझ्रेर राज्य र नागरिकबीचको सम्बन्ध सुदृढ भई तथा लोकतान्त्रिक मूल्यमान्यताको पालना भई सुशासन वृद्धि गर्न सहयोग पुगेको जानकारहरुको ठम्याइ रहेको पाइयो ।

## १०. सामाजिक परिचालन कार्यक्रमले नेतृत्व विकासमा सहयोग

सामाजिक परिचालन एउटा कडी हो, जसले असल एवं कुशल नेतृत्व विकास गर्न सक्छ । व्यक्ति-व्यक्ति मिलाएर समूह बनाउने, समूह समूहमा जिम्मेवारी तोक्ने, तालिम दिने जसले उनीहरुको ज्ञान सीप र क्षमता अभिवृद्धि गर्दछ । निम्न वर्गहरुको पनि स्रोतमाथिको पहुँचमा वृद्धि गरी परिचालन र उपयोग गर्न सक्षम बनाएको छ । सामाजिक परिचालनले नेता भनेको व्यक्ति हो र नेतृत्व भनेको उसको भूमिका हो भन्ने कुरामा स्पष्ट पार्दछ र सामाजिक परिचालनमा नेतृत्वको शैलीलाई मुख्य रुपमा हेरिन्छ भन्ने धारणा जानकारहरुको पाइयो । त्यस्तै एल्.जि.सि.डि.पि. कार्यक्रमबाट वडा नागरिक मञ्चमा गोलाप्रथाबाट बार्षिक एक चौथाइ सदस्य परिवर्तन गरी नयाँ व्यक्तिलाई अवसर दिई नेतृत्व विकासमा सहयोग पुऱ्याएको जानकारहरुले बताए ।

# परिच्छेद पाँच

# सारांश, निष्कर्ष र सुझाव

## ५.१ साराशं

सामाजिक परिचालनबाट समुदायलाई सम्वृद्धिको बाटोतर्फ उन्मूख गराउँनु आजको महत्वपूर्ण आवश्यकता हो । समाजमा अझैपनि कुरीति कुसंस्कार, कुप्रथा, सामाजिक द्धन्द,गरिबी, भोकमरी, हिंसा, अराजकता जस्ता कुराहरु व्याप्त रहेका छन् यस्ता कुराहरुलाई निरन्तर उन्मुलनको बाटोतर्फ सबैको ध्यान पुग्नुपर्ने टड्कारो आवश्यकता रहेको छ । समाजमा रहेका जातिय विभेद, अन्याय, बालश्रम शोषण, महिला हिंसा, बोक्सी प्रथा, सामाजिक कलह, पारिवारिक हिंसा, तीव्र बेरोजगारी जस्ता विषयहरुलाई सामाजिक परिचालनको माध्यमबाट निर्मूल पार्दै लैजानुपर्ने आवश्यकता बढ्दै गएको छ । समाजमा आफ्ना कुराहरु ढुक्कसँग राख्न नसक्ने सार्वजनिक सेवाप्रवाहको पहुँचबाहिर रहेको जनसंख्या धेरै रहेको यस विषम परिस्थितिमा सामाजिक सेवाप्रवाहमा पहुँच बढाउन, आवाजविहिनहरुका आवाज बुलन्द पार्न सामाजिक परिचालनको अतुलनीय भूमिका रहेको पाइन्छ । यसै सन्दर्भमा आधारित भई आँधीखोला गाउँपालिकामा सामाजिक परिचालन अभ्यास र यसको प्रभाव सम्बन्धमा अध्ययन गरिएको छ ।यस अध्ययनको उद्देश्य आँधीखोला गाउँपालिकामा सामाजिक परिचालन कार्यक्रम अभ्यास, यसको प्रक्रिया र यसले सामाजिक विकासमा पारेको प्रभाव अध्ययन गर्नु रहेको छ । आँधीखोला गाउँपालिकामा सामाजिक परिचालन कार्यक्रम अभ्यास, यसको प्रक्रिया र यसले सामाजिक विकासमा पारेको प्रभावका विषयमा प्राप्त विवरणहरु निम्नानुसार रहेका छन् ।

- सामाजिक परिचालन कार्यक्रम बारे धेरै व्यक्तिहरुलाई जानकारी रहेको छ ।
- सामाजिक परिचालन कार्यक्रमले वडा नागरिक मञ्च गठन गरी र नागरिक सचेतना केन्द्र स्थापना गरी नागरिकहरुलाई समूहमा गरेको ।
- सामाजिक परिचालन कार्यक्रमले सबै समुदायहरुलाई समेट्ने प्रयास गरेपनि सबै समुदाय समेटिन नसकेको ।
- सामाजिक परिचालन कार्यक्रमले समावेशी सहभागिता बढाउन भूमिका निर्वाह गरेको ।

- सामाजिक परिचालन कार्यक्रमले विपन्न व्यक्तिहरुलाई सहयोग गरेको ।
- सामाजिक परिचालन कार्यक्रमले आयआर्जनका क्रियाकलापमा वृद्धि, स्रोत साधनको परिचालन र चेतना अभिवृद्धि गर्ने कार्यमा भूमिका निर्वाह गरेको।
- सामाजिक परिचालनले समावेशी सहभागिता बढाउँन सहयोग गरेको ।
- सामाजिक परिचालन कार्यक्रमले योजना छनौटमा महत्वपूर्ण भूमिका निर्वाह गरेको ।
- सामाजिक परिचालन कार्यक्रमले सामाजिक विकृति हटाउन सहयोग गरेको।
- सामाजिक परिचालन कार्यक्रमले सामाजिक चेतना वृद्धि गर्न महत्वपूर्ण भूमिका निर्वाह गरेको ।
- सामाजिक परिचालन कार्यक्रमले सामाजिक मेलमिलाप बढाउन सहयोग गरेको ।
- सामाजिक परिचालन कार्यक्रमले स्थानीय कार्यालयहरुमा सेवाप्रवाहमा पारदर्शिता बढाउँन सहयोग गरेको।
- यसबाट सामाजिक परिचालन कार्यक्रमले नागरिकलाई आफ्नो जिम्मेवारी र कर्तव्य पालना गर्न महत्वपूर्ण भूमिका खेलेको।
- सामाजिक परिचालन कार्यक्रमले विपन्न वर्गको विकासको लागी आर्थिक अवरोधहरु हटाउँन सहयोग गरेको।
- सामाजिक परिचालन कार्यक्रमले नेतृत्व विकासमा समेत सहयोग पुऱ्याएको ।
- सामाजिक परिचालन कार्यक्रमले स्थानीय लोकतन्त्रको विकासमा सहयोग पुऱ्याएको ।
- कार्यक्रमले नागरिकलाई व्यावसायिक तालिम, सीप विकास, र संगठनात्मक कार्य गर्न सहयोग गरेको।
- कार्यक्रमले नेतृत्व विकासमा सहयोग गरेको ।
- सामाजिक परिचालन कार्यक्रमले योजनाको सार्वजनिक परीक्षण गराउन सहयोग गरेको ।
- सामाजिक परिचालन कार्यक्रमले सामाजिक कुप्रथाहरु हटाउन सहयोग गरेको ।
- सामाजिक परिचालन कार्यक्रमले सामाजिक चेतना वृद्धि महत्वपूर्ण भूमिका निर्वाह गरेको ।

## ५.२ निष्कर्ष

आँधीखोला गाउँपालिकामा सामाजिक परिचालन कार्यक्रमको अभ्यास, प्रक्रिया र प्रभाव सम्बन्धमा संरचनात्मक प्रकार्यात्मक सिद्धान्तमा आधारित रहेर गरिएको अध्ययनबाट प्राप्त नतिजाहरुको विश्लेषण गरी निकालिएको निष्कर्षमा सामाजिक परिचालन कार्यक्रम समग्रमा नागरिकको लागि हितकारी रहेको पाइयो । विपन्न व्यक्तिहरुको जीवनस्तर सुधार गर्न यो कार्यक्रमले महत्वपूर्ण भूमिका निर्वाह गरेको पाइयो । समाजमा सामाजिक चेतना वृद्धिको माध्यमबाट सामाजिक पूँजी निर्माणमा अति महत्वपूर्ण सहयोग गरेको भेटियो । समाजमा रहेका अन्धविश्वास,कुरीति, कुसंस्कार,  सामाजिक विभेद, लैङ्गिक हिंसा, बालविवाह, दाइजोप्रथा जस्ता कुराहरुमा न्यूनीकरण गर्न सामाजिकपरिचालनको महत्वपूर्ण भूमिका रहेको पाइयो । जीविकोपार्जन कार्यक्रमको माध्यमबाट विपन्न व्यक्तिको आयआर्जनमा सहयोग गर्न सिपमूलक तालिमहरु,  तरकारी खेती,बाख्रापालन, कुखुरापालन,भैसीपालन जस्ता आर्थिक क्रियाकलापहरुमा सहयोग मिलेको पाइयो ।कुनै ठाउँहरुमा भने साना पूर्वाधार विकास कार्यक्रम सञ्चालन गरेको पाइयो । त्यसैगरी सरसफाइ कार्यक्रम तथा खुल्ला दिसामुक्त क्षेत्र बनाउँन समेत सामाजिक परिचालनको ठूलो भूमिका रहेको पाइयो । त्यसैगरी जनप्रतिनिधि विहीन लामो समयमा सामाजिक परिचालकको व्यवस्था गरी स्थानीय सेवाप्रवाहलाई चुस्त दुरुस्त बनाउनको लागि सहयोग गरेको पाइयो । समाजमा पछाडि परेकालाई वडा नागरिक मञ्च तथा नागरिक सचेतना केन्द्रको माध्यमबाट निर्धक्कसँग आफ्ना कुराहरु राख्न सक्ने बनाएको पाइयो । सामाजिक परिचालनबाट सामाजिक नेतृत्वको पनि विकास भएको पाउन सकिन्छ । वडा नागरिक मञ्च तथा नागरिक सचेतना केन्द्रका सदस्यहरु जनप्रतिनिधिमा चयन हुनु यस कार्यक्रमले नेतृत्व विकासमा पारेको प्रत्यक्ष प्रभाव हो भन्ने कुरा पुष्टि भएको पाइन्छ ।त्यसैगरी समुदायमा सञ्चालित योजनाहरुमा सार्वजनिक परीक्षण गराउनमा समेत सामाजिक परिचालनको भूमिका रहेको पाइयो । त्यस्तै समावेशी सहभागिता वृद्धि गर्नमा समेत यसको ठूलो भूमिका रहेको पाइयो ।सामाजिक परिचालन कार्यक्रम आएपश्चात् योजनाको कामहरु गर्नलाई समेत सजिलो भएको पाइयो । वडा नागरिक मञ्चमा हरेक वर्ष नेतृत्व परिवर्तन गरी अर्को व्यक्तिलाई दिने परिपाटीले लोकतान्त्रिक मूल्यमान्यतालाई विकास गर्नमा समेत सहयोग पुऱ्याएको पाइयो ।सामाजिक चेतनाको विकास देख्न र मापन गर्न नसकिने भएकोले यसले समुदायमा पारेको असर केही समय पछिमात्र देखिने हुँदा भावी दिनहरुमा समाजलाई रूपान्तरण गर्न सहज हुने देखिन्छ ।

### ५.३ सुझाव

सामाजिक परिचालन कार्यक्रमले सामाजिक विकासमा सहयोग मिलेतापनि सोचेजस्तो प्रतिफल प्राप्त गर्न सकेको देखिदैन । सामाजिक परिचालकको ठूलो क्षेत्र, आर्थिक सहयोगमा त्यत्ति जोड दिन नसक्नु तथा सामाजिक परिचालनबाट प्रदान गरिने सीपमूलक तालिमहरु प्रभावकारी हुन सकेको देखिएन ।सामाजिक परिचालन कार्यक्रममा स्रोतको पर्याप्त उपलब्धता देखिएन । यस कार्यक्रमले सबै समुदायका व्यक्तिहरुलाई सन्तुष्टि दिन सकेको देखिएन । यस कार्यक्रमलाई थप प्रभावकारी बनाउन निम्न कुराहरुमा जोड दिनुपर्ने देखिन्छ

- पर्याप्त स्रोत साधनको व्यवस्था मिलाउनुपर्ने ।
- दक्ष एवं कुशल जनशक्ति तयार गर्नुपर्ने  तथा उचित सेवासुविधाको व्यवस्था मिलाउनुपर्ने ।
- समुदायका सबैको समावेशी सहभागिताको वृद्धि गर्न पहल गर्नुपर्ने ।
- आर्थिक परिचालनलाई समेत जोड दिनुपर्ने ।
- जीविकोपार्जन सुधार कार्यक्रमलाई प्रभावकारी बनाउनुपर्ने ।
- आयआर्जनका क्रियाकलापहरुलाई जीवन निर्वाह भन्दा पनि व्यावसायिकतालाई जोड दिनुपर्ने ।
- आर्थिक सहयोगलाई बढाउनुपर्ने तथा पारदर्शिता कायम गर्नुपर्ने ।
- सामाजिक परिचालन कार्यक्रमलाई कारोबारीय र रुपान्तरणीय दुबै प्रक्रियाहरुलाई समेटी अगाडि बढाउनुपर्ने
- सामाजिक परिचालन कार्यक्रमलाई स्थानीय तहमार्फत सञ्चालन गर्नुपर्ने एवं जीवननिर्वाह भत्तालाई तलबस्केलमा बदल्नुपर्ने ।

## सन्दर्भ सामग्री


कुँबर, कृष्णबहादुर (२०५६), *नेपालमा गरीबी र ग्रामीण विकास,*काठमाडौं : मिना प्रकाशन ।

जनसहभागितामा आधारित विकास कार्यक्रम संचालन निर्देशिका, २०६८।

नेपाल सरकार, (२०३३),जन्म मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन ।

नेपाल सरकार, (२०३३),जन्म मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) नियमावली

यु.एन्.डि.पी.(२०६३),विकेन्द्रिकृत स्थानीय स्वायत्त शासन कार्यक्रम, (डिएलजिएस्पि)।

यू.एन्.डि.पी. र यू.एन्.इ.पी.,(२०६७), गरीबी र वातावरण, काठमाडौं : यु.एन.डि.पी. ।

वरुवाल, उषा (२०६६) *सामाजिक परिचालन अभ्यासद्धारा लाहाचोक गाउँ विकास कार्यक्रममा पारेको सामाजिक आर्थिक प्रभाव,* अप्रकाशित शोधपत्र, काठमाडौं : त्रिभुवन विश्वविद्यालय ।

लुईंटेल, चक्रपाडी (२०६२),*नेपालको ग्रामिण अर्थशास्त्र,* काठमाडौं : प्रधान बुक हाउस प्रदशनीमार्ग

समाज परिचालन म्यानुअल(२०५८), स्याङ्जाको अनुभवमा आधारित दक्षिण एसिया गरीवी निवारणकार्यक्रम ।

सामाजिक परिचालन कार्यक्रम प्रतिवेदन २०७३ /०७४, जिल्ला समन्वय समिति स्याङ्जा ।

सामाजिक परिचालन कार्यविधि (२०७१), नेपाल सरकार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय सिंहदरबार काठमाण्डौ ।

सामाजिक परिचालन सम्बन्धि हाते पुस्तिका, नेपाल सरकार संघीय मामीला तथा स्थानीय विकास मन्त्रालय सिंहदरबार काठमाण्डौ ।

सुवेदी, पशुपती, (२०६४), *सामाजिक परिचालनमार्फत गाउँ विकास कार्यक्रम कालिकामा परेको आर्थिक तथा सामाजिक प्रभाव,*अप्रकाशित शोधपत्र, काठमाडौं : त्रिभुवन विश्वविद्यालय ।

स्थानीय विकास कोष प्रतिवेदन, २०६६/६७, जिल्ला विकास समिति स्याङ्जा ।

स्थानीय निकायको कानुनी र नीतिगत व्यवस्था पालना अनुगमन प्रशिक्षण निर्देशिका (२०७१), नेपालसरकार संघीय मामीला तथा स्थानीय विकास मन्त्रालय स्थानीय शासन तथा उत्तरदायी संयन्त्र ।

स्थानीयनिकायको कानुनी र नीतिगत व्यवस्था पालना अनुगमन, एल्.जी.ए.एफ्. कार्यक्रम आपसीसहयोग केन्द्र स्याङ्जा ।

स्थानीय स्वायत्त शासन ऐन २०५५ ।

स्थानीय निकाय लैङ्गिक बजेट परिक्षण निर्देशिका, २०६४ ।

सामाजिक परिचालन सम्बन्धि हाते पुस्तिका,(२०७२) नेपाल सरकार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय सिंहदरबार काठमाण्डौ ।

समाज परिचालन म्यानुअल(२०५८), स्याङ्जाको अनुभवमा आधारित दक्षिण एसिया गरीवी निवारण कार्यक्रम ।

स्थानीय निकाय लैङ्गिक बजेट परीक्षण निर्देशिका, २०६४ ।

स्थानीय निकाय सार्वजनिक परीक्षण,सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण  कार्यविधि २०६७ ।

स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ ।

स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम, २०७३ जिविस स्याङ्जा

Mercy, Crops (2009). Community mobilization sector approach.

Putnam (1995).Social capital the in-concept of American sociology.

## अनुसूचीहरु

## अनुसूची : १

आँधीखोला गाउँपालिकामासामाजिक परिचालनअभ्यास र यसको प्रभाव अध्ययनको लागि अनुसन्धानात्मक प्रश्नहरु

उत्तरदाताको नाम : ठेगानाः लिङ्ग : धर्म : उमेरः

पेशा : जात : शैक्षिक योग्यता : परिवार सदस्य संख्या :

महिला : पुरुषः सम्पर्क नं :

तपाइँलाई उपयुक्त लागेको उत्तरमा गोलो (०) चिन्ह लगाउनुहोस् ।

| क.सं. | प्रश्नहरु | उत्तर |
|---|---|---|
| १ | सामाजिक परिचालनबाट सञ्चालित कार्यक्रम बारे तपाइँलाई कति जानकारी छ ? | (क) अति धेरै (ख) ठिकै (ग) थाहा छैन |
| २ | सामाजिक परिचालन कार्यक्रमले कसरी नागरिकहरुलाई समूहमा आबद्ध गरेको थियो ? | (क) वडा नागरिक मञ्च गठन गरी (ख) नागरिक सचेतना केन्द्र स्थापना गरी (ग) दुवै प्रक्रियाबाट |
| ३ | सामाजिक परिचालन कार्यक्रमले सबै समुदायलाई समेट्न सकेको छ ? | (क) सबैलाई समेटेको छ ।<br>(ख) वडा नागरिक मञ्च र नागरिक सचेतना केन्द्रलाई मात्र समेटेको छ ।<br>(ग) केही व्यक्तिलाई मात्र समेटेको छ । |
| ४ | सामाजिक परिचालन कार्यक्रमबाट समावेशी सहभागिता बढाउँन सहयोग पुगेको छ ? | (क) धेरै सहयोग पुगेको छ<br>(ख) ठिकै सहयोग पुगेको छ (ग) थोरै सहयोग पुगेको छ |
| ५ | नागरिक सचेतना केन्द्रको बैठक कति समयमा वस्छ ? | (क) एक हप्ता (ख) तीन हप्ता<br>(ग) एक महिना (घ) दुई महिना |
| ६ | सामाजिक परिचालन कार्यक्रमले विपन्न व्यक्तिहरुलाई सहयोग पुगेको छ ? | (क) धेरै सहयोग पुगेको छ<br>(ख) ठिकै सहयोग पुगेको छ (ग) थोरै सहयोग पुगेको छ |
| ७ | सामाजिक परिचालननबाट तपाइँले के लाभ पाउँनुभयो ? | (क) आयआर्जनका क्रियाकलापमा वृद्धि<br>(ख) स्रोत साधनको परिचालन |

| | | |
|---|---|---|
| | | (ग) चेतना अभिवृद्धि<br>(घ) सबै |
| ८ | योजना तर्जुमा प्रक्रियामा समावेशी सहभागिता छ ? | (क) छ (ख) छैन |
| ९ | वडा नागरिक मञ्चमा महिला सदस्य कति प्रतिशत हुनुपर्दछ ? | (क)२० प्रतिशत (ख) ३३ प्रतिशत (ग) ४० प्रतिशत (घ) ५० प्रतिशत माथी |
| १० | सामाजिक परिचालन कार्यक्रम आएपश्चात् योजना छनौटमा वडा नागरिक मञ्चबाट प्राथमिकीकरण भएको योजना पर्छ ? | (क) पर्छ (ख) पर्दैन |
| ११ | सामाजिक विकृति हटाउन सामाजिक परिचालनले सहयोग पुगेको छ ? | (क) छ (ख) छैन |
| १२ | सामाजिक चेतना वृद्धि गर्न सामाजिक परिचालनको भूमिका कस्तो छ ? | (क) अति धेरै (ख) धेरै<br>(ग) ठिकै (घ) थोरै |
| १३ | सामाजिक परिचालनले सामाजिक मेलमिलाप बढाएको छ ? | (क) बढाएको छ (ख) बढाएको छैन |
| १४ | स्थानीय सेवाप्रवाहमा तपाईँ सन्तुष्टि हुनुहुन्छ ? | (क) छु (ख) छैन |
| १५ | सामाजिक परिचालन कार्यक्रम आएपश्चात् नागरिकले आफ्नो जिम्मेवारी र कर्तव्य पालना कति हदसम्म गरेका छन् ? | (क) धेरै (ख) ठिकै (ग) थोरै |
| १६ | सामाजिक परिचालन कार्यक्रमले विपन्न वर्गको विकासका लागि आर्थिक अवरोधहरु हटाउन सहयोग गरेको छ ? | (क) धेरै सहयोग गरेको छ<br>(ख) ठिकै सहयोग गरेको छ (ग) थोरै सहयोग गरेको छ |
| १७ | सामाजिक परिचालनले तपाईंको नेतृत्व विकासमा सहयोग गरेको छ ? | (क) धेरै सहयोग गरेको छ<br>(ख) ठिकै सहयोग गरेको छ (ग) थोरै सहयोग गरेको छ |
| १८ | सामाजिक परिचालन कार्यक्रमले महिला सहभागिता वृद्धि गर्न सहयोग पुऱ्याएको छ ? | (क) धेरै सहयोग पुऱ्याएको छ<br>(ख) ठिकै सहयोग पुऱ्याएको छ (ग) थोरै सहयोग पुऱ्याएको छ |
| १९ | सामाजिक परिचालन कार्यक्रमले स्थानीय लोकतन्त्रको विकासमा कसरी सहयोग पुऱ्याएको छ ? | (क) निर्णय प्रक्रियामा सहभागी गराएर<br>(ख) सामाजिक एकता वृद्धि गराएर<br>(ग) जनचेतनामूलक कार्यक्रम गरे |

| | | |
|---|---|---|
| २० | सामाजिक परिचालन कार्यक्रमले आम नागरिकलाई कसरी सहयोग पुऱ्यायो ? | (क) आफ्नो व्यावसाय गर्न सीप अभिवृद्धि गरेर<br>(ख) सीपमूलक तालिम प्रदान गरेर<br>(ग) समूहमा संगठित भई कार्य गर्न अभ्यस्त गराएर<br>(घ) माथिका सबै |
| २१ | तपाई आफ्ना कुराहरु ढुक्कसँग समूहमा राख्न सक्नुहुन्छ ? | (क) सक्छु (ख) सक्दिन |
| २२ | तपाईलाई सामाजिक परिचालनबाट नेतृत्व विकासमा सहयोग पुगेको छ ? | (क) छ (ख) छैन |
| २३ | नागरिक सचेतना केन्द्रमा सञ्चालित जीवीकोपार्जन सुधार कार्यक्रमले आयआर्जनमा सहयोग गरेको छ ? | (क) छ (ख) छैन |
| २४ | तपाईंको समुदायमा सञ्चालित योजनाको सार्वजनिक परीक्षण भएको छ ? | (क) भएको छ (ख) भएको छैन |
| २५ | तपाइँका ठाउँमा बोक्सी प्रथा छ ? | (क) छ (ख) छैन |

## अनुसूची : २

आँधीखोला गाउँपालिकामासामाजिक परिचालन अभ्यास र यसको प्रभाव अध्ययनको लागि अनुसन्धानात्मक प्रश्नहरु

मुख्य जानकारसँग अन्तरवार्ता

१. स्याङ्जामा सामाजिक परिचालन कार्यक्रम कहिलेबाट सुरु भयो ?

२. सामाजिक परिचालन कार्यक्रमको मूख्य उद्देश्य के हो ?

३ सामाजिक परिचालन कार्यक्रम कसरी सञ्चालन भइरहेको छ ?

४. सामाजिक परिचालन कार्यक्रम अन्तर्गत के के कार्यहरु भएका छन्

५. सामाजिक परिचालन कार्यक्रमले सबैलाई समेटेको छ ?

६.सामाजिक परिचालन कार्यक्रमले समुदायमा सन्तुष्टि दिन सकेको छ ?

७. सामाजिक परिचालनका उपब्धिहरु के के छन् ?

८. सामाजिक परिचालन कार्यक्रमले सामाजिक पूँजी निर्माणमा कसरी सहयोग गरेको छ ?

९.सामाजिक परिचालन कार्यक्रमले शुशासन वृद्धि गर्न कसरी सहयोग पुगेको छ ?

१०. सामाजिक परिचालन कार्यक्रमले नेतृत्व विकासमा कसरी सहयोग गरेको छ ?

# अनुसूची : ३

## मूख्य जानकारहरुको विवरण

| क्र. सं. | पद | कार्यालय/ संस्था |
|---|---|---|
| १ | कार्यकारी अधिकृत | आँधीखोला गाउँपालिका |
| २ | वडा अध्यक्ष | आँधीखोला गाउँपालिका वडा नं. १ |
| ३ | वडा अध्यक्ष | आँधीखोला गाउँपालिका वडा नं. ३ |
| ४ | सामाजिक परिचालक | आँधीखोला गाउँपालिका वडा नं. १ |
| ५ | सामाजिक परिचालक | आँधीखोला गाउँपालिका वडा नं. २ |
| ६ | सामाजिक परिचालक | आँधीखोला गाउँपालिका वडा नं. ३ |
| ७ | सामाजिक परिचालक | आँधीखोला गाउँपालिका वडा नं. ६ |
| ८ | LGCDPकार्यक्रम संयोजक | अन्धाअन्धी सामुदायिक विकास केन्द्र |
| ९ | अध्यक्ष | गैसस महासंघ स्याङ्जा |
| १० | अध्यक्ष | आपसी सहयोग केन्द्र |

## अनुसूची : ४

## अनुसन्धानका क्रममा स्थलगत सर्वेक्षणका केही झलकहरु



आँधीखोला गाउँपालिकाका कार्यकारी प्रमूखसँग अनुसन्धानका विषयमा छलफल गर्दै



विचारचौतारामा अनुसन्धानका विषयमा सहभागीसँग छलफल गद



आँधीखोला ५ मा स्थलगत सर्वेक्षणका क्रममा उत्तरदातासँग छलफल गर्द



आँधिखोला गाउँपालिका वडा नं २ मा अनुसन्धानका विषयमा सहभागीसँग छलफल गर्द

# अनुसूची : ५

## मूख्य जानकारसँग छलफलका केही झलक

आँधिखोला गाउँपालिकामासामाजिक परिचालन अभ्यास र यसको प्रभाव अध्ययनको लागि
अनुसन्धानात्मक प्रश्नहरु

मूख्य जानकारसँग अन्तर्वार्ता

उत्तरदाताको नाम : ऋतुप्रसाद शर्मा
लिङ्ग : पु.
उमेर: ५८
जात : ब्राह्मण
परिवार सदस्य संख्या : ६ महिला : ३
सम्पर्क नं : ९८४६०४०१६२

ठेगाना: आँधीखोला ४
धर्म : हिन्दु
पेशा : (सामाजिक संस्था) समन्वय
शैक्षिक योग्यता : कृषि जे.टि.ए.
पुरुष: २

१. सामाजिक परिचालन कहिलेबाट सुरु भयो ?
⇒ २०४० देखि

२. सामाजिक परिचालन कार्यक्रमको मुख्य उद्देश्य के हो ?
⇒ नागरिक समाजहरुलाई सबलीकरण गरेर जीविकोपार्जनमा सुधार गर्नु
⇒ सुशासन प्रवर्द्धन गर्ने, सामुदायिक सद्भाव कायम गर्ने

३. सामाजिक परिचालन कार्यक्रम कसरी सञ्चालन भइरहेको छ ?
⇒ सरकारी तथा गैरसरकारी संस्थाहरुको सहयोगमा निजी क्षेत्र सहकारी क्षेत्र र व्यक्तिगत रुपमा परिचालन गर्न गराउने काम भएको छ। कारोबारीय सामाजिक परिचालन एवं सामाजिक रुपान्तर परिचालनको लागि समुदायका सामाजिक भावना भएका व्यक्तिबाट था निरन्तर अभ्यास गर्ने गराउने काम भइरहेको छ।

४. सामाजिक परिचालन कार्यक्रम अन्तर्गत के-के कार्यहरु भएका छन् ?
⇒ व्यक्तिगत भेटघाट र सचेतीकरण, अन्तरवार्ता, समूह गठन र परिचालन, व्यक्तिगत तथा समूह बचत संकलन र परिचा उपभोक्ता समूह गठन तिनिहरुको क्षमता अभिवृद्धि गर्ने
⇒ सामुदायीक विकास एवं पूर्वाधार विकास

५. सामाजिक परिचालन कार्यक्रमले सबैलाई समेट्न सकेको छ ?
⇒ सबैलाई समेट्न सकिएको छैन किनभने अझैपनि समुदायमा हरेक वर्गमा टोलवासीहरुको पहुँच रहेन गरेका जसले गर्दा विभिन्न अवसरबाट वञ्चित नागरिकहरु सामाजिक परिचालनको अभिय पूर्ण रुपमा समेट्न सकिएको छैन।

६. सामाजिक परिचालन कार्यक्रमले समुदायमा सन्तुष्टी दिन सकेको छ ?

⇒ अवसर प्राप्त व्यक्तिहरु सन्तुष्टि छन् अवसर प्राप्त नभएकाहरु
हरु सन्तुष्ट नभएका होलान्।

७. सामाजिक परिचालनका उपलब्धीहरु के-के छन् ?

⇒ समूह तथा संस्थागत विकास
⇒ स्रोतको ~~परिचालन~~ व्यवस्थापन र उपयोग
पहिचान, परिचालन,
⇒ लक्षित वर्गको क्षमता अभिवृद्धि
⇒ राज्यका स्रोतमाथी नागरिकको पहुँचमा वृद्धि।
⇒ पूर्वाधार विकासमा सहयोग

८. सामाजिक परिचालन कार्यक्रमले सामाजिक पुँजी निर्माणमा कसरी सहयोग गरेको छ ?

⇒ नागरिकहरु संगठित हुने, संस्था, समूह, व्यक्तिहरुमा बचत गर्ने,
कोष स्थापना र परिचालन गर्ने, आफ्नो रिति थिति संस्कृतिको
संरक्षण गर्ने, स्थानीय ज्ञान सिप र रीतिरिवाजको जर्गेना।

९. सामाजिक परिचालन कार्यक्रमले सुशासन वृद्धि गर्न कसरी सहयोग पुगेको छ ?

⇒ नागरिकहरुले जिम्मेवार पक्षहरुको काम कर्तव्य र अधिकारको
सिमाको बारेमा सुसूचित भए, पारदर्शीता, जवाफदेहिता, जु-
ह्वतीता र सहभागिताको बारेमा जानकारी पाए। राज्यले ना-
गरिकलाई प्रदान गर्ने सेवासुविधा र नागरिकले राज्यप्रतिको
नि बफादारिता बुझेर राज्य र नागरिकबिचको सम्बन्ध सुदृढ
हुनु।

१०. सामाजिक परिचालन कार्यक्रमले नेतृत्व विकासमा कसरी सहयोग गरेको छ ?

⇒ सामाजिक परिचालन एउटा त्यस्तो कडि हो जसले असल एवं कुशल
नेतृत्व विकास गर्न सक्दछ। व्यक्ति-व्यक्ति मिलाएर समूह बनाउने सा-
समूहमा जिम्मेवारी तोक्ने, तालिम दिने भएकोले उनिहरुको उ-
सिप र क्षमता अभिवृद्धि गर्दछ। विपन्न वर्गहरुको पनि स्रोतमाथिको
पहुँचमा वृद्धि गरी परिचालन र उपयोग गर्न सक्षम बनाउने। सा-
माजिक परिचालनले नेता भनेको व्यक्ति हो र नेतृत्व भनेको उसको भू-
मिका हो भन्ने कुरामा स्पष्ट पार्दछ र सामाजिक परिचालनमा ने-
तृत्वको शैलीलाई मुख्य रूपमा हेरिन्छ।